# जिल्ला समन्वय समितिको कार्यालय, कास्कीको

# वार्षिक प्रतिवेदन आ.व.२०८२/०८३

<u>प्रकाशक</u>

जिल्ला समन्वय समितिको कार्यालय, कास्की

२०८३ श्रावण

# विषयसूची


१. कार्यालयको स्वरुप र प्रकृति : 1

२. कार्यालयको काम कर्तव्य र अधिकार 1

३. कार्यालयको संगठन संरचना रहने कर्मचारी संख्या र कार्य विवरण: 2

३.१ स्वीकृत संगठन संरचना : 2

३.२ दरवन्दी र कार्यरत कर्मचारी संख्या : 3

३. ३ शाखागत कार्य विवरण : 4

३.३.१ व्यवस्थापन शाखा : 4

३.३.२. अनुगमन तथा मुल्यांकन शाखा : 4

४. आ व ०८२/८३ मा सम्पादन गरिएका मुख्य कामहरुः 4

आ व ०८२/८३ सम्पादित कार्य विस्तृतमा : 7

४.१ जिल्ला समन्वय समितिको वैठक 7

४.२. अनुगमन तथा निरीक्षण : 15

४.३. स्थानीय तहका वडा अध्यक्षहरुलाइ क्षमता विकास कार्यक्रम 16

४.४, जिल्ला परियोजना सल्लाहकार समितिको वैठक : 17

४.५. अन्तरक्रिया तथा समन्वय वैठक : 18

४.६. अन्तर जिल्ला असल अभ्यास अनुभव आदान प्रदान : 21

४.७. आठौ जिल्ला सभा : 22

आठौ जिल्लासभाबाट भएका निर्णयहरु: 22

४.८. नवौ जिल्ला सभा र निर्णयहरु: 27

नवौ जिल्ला सभा २०८३/०८४ का नीति कार्यक्रम तथा निर्णयहरु: 29

४.९ समिक्षा तथा अनुभव आदान प्रदान कार्यक्रम 37

४.९.१ कास्की जिल्लामा स्थानीय तहको असल अभ्यास अनुभव आदान प्रदान कार्यक्रम : 37

४.९.२ वार्षिक समिक्षा : 38

४.९.३ गैर सरकारी संस्थाहरुको वार्षिक समिक्षा 39

४.९.४ अर्ध वार्षिक वार्षिक समिक्षा : 40

५. आम्दानी खर्चको विवरण (आ व ०८२/८३ वार्षिक) ........ 42

६. जिल्ला समन्वय समितिले काम गर्दा देखीएका समस्या र चुनौतिहरु :........ 43

अनुसूची १........ 45

स्थानीय तहको सामाजिक विकास कार्यक्रम अनुगमन प्रतिवेदन, २०८३........ 45

अनुसूची २........ 58

छापा तथा पत्रपत्रिकामा जिल्ला समन्वय समिति कास्कीका केही झलक........ 58

## १. कार्यालयको स्वरुप र प्रकृति :

नेपालको संविधानले जिल्ला भित्ररहेका गांउपालिका तथा नगरपालिकाबीच समन्वय गर्न विकास निर्माण कार्यमा सन्तुलन कायम गर्न अनुगमन गर्ने तथा जिल्ला भित्र रहेका संघ प्रदेश का सरकारी कार्यालय र स्थानीय तहहरुबीच समन्वय कायम गर्ने कार्य जिम्मेवारीका साथ जिल्ला समन्य समितिको व्यवस्था गरेको छ । जिल्ला समन्वय समितिमा निर्वाचित निकायको रुपमा प्रमुख, उपप्रमुख र सदस्य सहित बढिमा ९ जना पदाधिकारी रहने व्यवस्था छ । सचिवालयमा नेपाल सरकारले स्वीकृत गरे अनुसारको प्रशासकिय प्रमुखको रुपमा रा. प द्वितीय श्रेणीको जिल्ला समन्वय अधिकारी र अन्य कर्मचारी रहने व्यवस्था छ । संघीयता कार्यन्वयन संगै समन्वय सहजीकरण मुख्य जिम्मेवारी र भुमिकाका साथ यस कास्की जिल्लामा जिल्ला समन्वय समितिको कार्यालय स्थापना भै पोखरा महानगरपालिका वडा नं- ७ शहिदचोकमा अवस्थित छ ।

## २. कार्यालयको काम कर्तव्य र अधिकार

नेपालको संविधान अनुसार यस कार्यालयका काम कर्तव्य र अधिकार निम्न रहेको देखिन्छ

क) जिल्लाभित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने,

(ख) विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने,


(ग) जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने,

(घ) प्रदेश कानून बमोजिमका अन्य कार्यहरू गर्ने ।

यसका अलावा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९२, संघ प्रदेश र स्थानीय तह समन्वय तथा अन्तर सम्वन्ध ऐन २०७७ को दफा २६, गण्डकी प्रदेश स्थानीय तह सभा संचालन सम्बन्धि कार्यबिधी ऐन २०७५ को परिच्छेद ४ लगायत संघीय तथा प्रादेशिक कानून, कार्यविधि मापदण्ड, निर्देशिका तथा विभिन्न मन्त्रालयहरुवाट प्राप्त परिपत्रहरुले यस कार्यालयको काम कर्तव्य र अधिकार तोकेको अवस्था रहेको छ । विधमान संविधान तथा कानुनले तोके अनुसार हाल यस कार्यालयले आफ्नो कार्य सम्पादन गर्दै आएको छ ।

## ३. कार्यालयको संगठन संरचना रहने कर्मचारी संख्या र कार्य विवरण:

### ३.१ स्वीकृत संगठन संरचना :



## ३.२ दरवन्दी र कार्यरत कर्मचारी संख्या :

कार्यालयलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले व्यवस्था गर्ने कानूनी प्रावधान रहेको छ । हाल यस कार्यालयमा देहाय वमोजिमको १३ जना स्विकृत दरवन्दी रहेकोमा निम्नानुसार कर्मचारी कार्यरत रहेका छन् :

| सि नं | पद | श्रेणी | सेवा /समूह | स्वीकृत दरवन्दी संख्या | पदपूर्ति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | जिल्ला समन्वय अधिकारी | रा.प.द्धितीय | प्रशासन / सामान्य प्रशासन | १ | १ | |
| २ | शाखा अधिकृत | रा.प तृतीय | प्रशासन / सामान्य प्रशासन | १ | १ | |
| ३ | इन्जिनियर | रा.प तृतीय | इन्जि./सिभिल | १ | १ | |
| ४ | ना.सु | रा.प. अनं प्रथम | प्रशासन/सा.प्र. | १ | १ | |
| ५ | लेखापाल | रा.प. अनं प्रथम | प्रशासन/लेखा | १ | १ | |
| ६ | सव इन्जिनियर | रा.प. अनं प्रथम | इन्जि./सिभिल | १ | रिक्त | लोकसेवा माग भएको |
| ७ | खरिदार | रा.प. अनं दितीय | प्रशासन/सा.प्र | १ | १ | |
| ८ | ह.स.चा | श्रेणी विहीन | | २ | २ | सेवा करारवाट पदपूर्ति |
| ९ | कार्यालय सहयोगी | श्रेणी विहीन | | ३ | ३ | |
| १० | ना.सु. सेवा करार | रा.प.अनं प्रथम | | १ | १ | |

- ✓ स्वीकृत कर्मचारी दरवन्दी संख्या १२ जना र निजि सचिवालय तर्फ १ गरी जम्मा १३ जना को दरवन्दी स्थायी कर्मचारी पूर्ति संख्या - ६ जना
- ✓ करार सेवा वाट पूर्ति कर्मचारी संख्या ६ जना
- ✓ रिक्त दरवन्दी - १ जना
- ✓ माली १ जना र सुरक्षा गार्ड २ जना सेवा करारमा लिइ आन्तरिक स्रोतवाट व्यवस्थापन

### ३. ३ शाखागत कार्य विवरण :

नेपाल सरकारवाट स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार कार्यालयमा निम्न बमोजिम शाखाहरू रहेका छन् र यी शाखाहरूको प्रमुख कार्यहरू देहाय अनुसार रहेको छ ।

### ३.३.१ व्यवस्थापन शाखा :

कार्यालयको व्यवस्थापन शाखाले आन्तरिक प्रशासन, जिन्सि, आर्थिक व्यवस्थापन, कार्यालय व्यवस्थापन, अनुगमन तथा समन्वयको सहजीकरण गर्दछ । हाल यस शाखाको शाखा प्रमुखको रुपमा शाखा अधिकृत श्री लक्ष्ु शर्मा हुनुहुन्छ । शा. अ. लक्ष्ु शर्मालाइ अधिकार प्रत्यायोजन गरी कामको विशेष जिम्मेवारी समेत तोकिएको छ ।

### ३.३.२. अनुगमन तथा मुल्यांकन शाखा :

जिल्ला भित्र सन्चालित विकास निर्माण सग सम्वन्धित कार्यको अनुगमन प्रतिवेदन तयार गर्ने लगायत प्राविधिक परीक्षण काम गर्दछ । हाल यस शाखाको शाखा प्रमुखकोरुपमा इ. महेश पोखरेल हुनुहुन्छ ।

## ४. आ व ०८२/८३ मा सम्पादन गरिएका मुख्य कामहरु:

**वार्षिक कार्यक्रम प्रगति २०८२/०८३**

| सि.नं | कार्यक्रम | मिति | गतिविधि |
|---|---|---|---|
| १ | वार्षिक प्रतिवेदन | २०८२/०४/१४ | जिल्ला समन्वय समिति कास्कीवाट प्रत्येक आ व मा भए गरेका गतिविधिका वारेमा तालुक मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय गण्डकी प्रदेश लाई वार्षिक प्रतिवेदन पठाउने |
| २ | स्थानीय तहको असल अभ्यास अनुभव आदानप्रदान | २०८२/०५/०४ | स्थानीय तहका प्रमख/अध्यक्ष उपप्रमुख/ उपाध्यक्ष प्रमुख प्रशासकीय अधिकृतहरुको सहभागितामा असल अभ्यास अनुभव प्रस्तुती |
| ३ | आठौ जिल्ला सभा | २०८२/०५/०६ | गण्डकी प्रदेशका जि.स.स. प्रमुखहरुवाट संयूक्तरुपमा उदघाटन भै वन्दशत्रमा विभिन्न प्रस्ताव सहित आन्तरिक नियन्त्रण प्रणाली र आन्तरिक आय खर्च व्यवस्थापन कार्यविधि पारित |
| ४ | पत्रकार भेटघाट | २०८२/०५/१७ | गत वर्षको समिक्षा र यस वर्षको कार्यक्रम वारे जानकारी र अन्तरक्रिया |
| ५ | स्थानीय तह साझेदारी कार्यक्रम वारे छलफल तथा संझौता | २०८२/६/२७ | छलफल तथा ५ वटै स्थानीय तह संग कार्य संझौता |

| | | | |
|---|---|---|---|
| ६ | विषयगत कार्यालयहरुको वार्षिक समिक्षा र सेवा प्रवाह सम्वन्धि अन्नतरक्रिया | २०८२/८/२ | कार्यालयगत प्रस्तुती र छलफल समिक्षा |
| ७ | गैरसरकारी संस्थाहरुको वार्षिक समिक्षा | २०८२/०८/१० | गैर सरकारी संस्थाहरुको वार्षिक समिक्षा गरी प्रगति प्रतिवेदन वारे छलफल |
| ८ | कृषि तथा पशु वाली विमा कार्यक्रम र सेवा प्रवाह स्थितिवारे सरोकारवाला अन्तरकृया कार्यक्रम | २०८२/०८/१२ | कृषि तथा पशु विमा कार्यक्रम र यसका समस्या वारेमा सम्वद्ध कृषक तथा सरोकारवाला निकायहरुसंग छलफलत र अन्तरक्रिया |
| ९ | स्वास्थ्य विमा कार्यक्रम र सेवा प्रवाह स्थितिवारे सरोकारवाला अन्तरकृया कार्यक्रम | २०८२/०८/१४ | स्वास्थ्य विमा कार्यक्रम र यसका समस्या वारेमा सरोकारवालाहरुसंग छलफलत र अन्तरक्रिया |
| १० | स्थानीय शासन कार्यसम्पादन मुल्यांकन LGPAS को कार्यान्वयन गर्न स्थानीय तहलाइ सहजीकरण र जि स स वाट मूल्यांकन फिड व्याक | २०८२ पौस देखि २०८३ वैसाख सम्म | स्थानीय तहहरुसंग पत्रचार अन्तरकृया तथा छलफल र मूल्यांकन |
| ११ | जेष्ठ नागरिक सेवा केन्द्र तथा वृद्धा आश्रमहरु संचालक तथा ज्येष्ठ नागरिकहरु संग अन्तरकृया तथा छलफल | २०८२/१०/२५ | समस्या र सरोकारका विषयमा अन्तरकृया |
| १२ | विषयगत कार्यालयको अर्धवार्षिक समिक्षा | २०८२/१०/२८ | विकास निर्माण तथा सेवा प्रवाहका सम्वन्धमा भए गरेका कार्य वारे प्रगति समिक्षा |
| १३ | स्थानीय तह वडा स्तरका समस्यावारे वडा अध्यक्षहरु संग अन्तरक्रिया र पञ्जिकरण वारे क्षमता विकास कार्यक्रम | २०८३/१/१४ | गांउपालिकाका वडा अध्यक्ष तथा विषयगत शाखा प्रमुखहरुसंग सेवा संचालनका समस्या र समधान वारे अन्तरकृया तथा पञ्जिकरण वारे प्रशिक्षण |
| १४ | नदिजन्य तथा खानिजन्य पदार्थ डुगां गिटी वालुवा सम्वन्धि उधोगी जिल्ला अनुगमन समितिको वैठक | २०८३ /२/६ | उत्खनन तथा उपयोग मापदण्ड र कार्यान्वय अवस्था वारे समिक्षा सरोकारवालावीच अन्तरकृया र भावी रणनीति वारे निर्णय |

| | | | |
|---|---|---|---|
| १५ | ९ औ जिल्ला सभा | २०८३/२/२९ | विगतका निर्णय समिक्षा र आगामी आ व को निति कार्यक्रम पारित |
| १६ | गाउँपालिका तथा नगरपालिका र वडाको संख्या तथा सिमाना हेरफेर र नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्बन्धि मापदण्ड ,२०८३ अनुसार गठित कास्की जिल्लास्तरिय पुनरावलोकन अध्ययन समितिको पहिलो बैठक | २०८३/३/२२ | गाउँपालिका तथा नगरपालिका र वडाको संख्या तथा सिमाना हेरफेर र नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्बन्धि मापदण्ड ,२०८३ वारे जानकारी र केही भएमा अध्ययनको लागि लेखि पठाउन स्थानीय तहलाइ अनुरोध |
| १७ | वाल गृहहरुको अनुगमन | २०८३ आषाढ | जिल्ला समन्वय समिति कास्की, प्रदेश सामाजिक विकास मन्त्रालय, प्रदेश वालकल्याण अधिकारी, स्थानीय तहका प्रतिनिधी सहित पोखरामा संचालित वालगृहहरुको अनुगमन र प्रतिवेदन |
| १८ | जिल्ला समन्वय समितिहरुवीच अन्तर जिल्ला अनुभव आदानप्रदान कार्यक्रम | नियमित | जिल्ला समन्वय समितिका पदाधिकारी तथा कर्मचारीहरुवीच अनुभव आदान प्रदान असल अभ्यास अनुकरण लम्जुंग, पाल्पा नवलपरासी, डोल्पा, गोरखा जिल्ला |
| १९ | प्रदेश तथा स्थानीय तहवाट संचालित योजनाहरुको नियमित अनुगमन र प्रतिवेदन | नियमित | प्रदेश र स्थानीय तहहरुले सम्पादन गरेका कामहरुको अनुगमन र प्रतिवेदन |
| २० | स्थानीय तहको समामाजिक विकास कार्यक्रम अनुगमन | २०८३ आषाढ | स्थानीय तहवाट समाजिक क्षेत्र महिला, वालवालिका, ज्येष्ठ नागरिक लगायतका सम्वन्धमा भए गरेका कार्यहरुको अनुगमन तथ्यांक संकलन र प्रतिवेदन |
| २१ | जिल्ला समन्वय समितिको नियमित वैठक | प्रत्येक महिना अन्तिम शुक्रवार | सम्पादित काम तथा भावी कार्यक्रमवारे छलफल |
| २२ | समन्वयात्म वैठक | नियमित | स्थानीय तहका समस्याहरु, फेवाताल अतिक्रमण, स्थानीय सरोकारका विषयमा अन्तरक्रया तथा छलफल |

| | | | |
|---|---|---|---|
| २३ | जिल्ला भित्रका संघ, प्रदेशका कार्यालय तथा स्थानीय तह र गैरसरकारी क्षेत्रवाट संचालित विकास निर्माण सम्वन्धि कार्यक्रमको विवरण तयार गरी विभिन्न चरणमा अनुगमन, आवस्यक सहजिकरण, सुझाव प्रदान/ मार्गदर्शन दिने र दिइएका सुझावहरुको विभिन्न माध्यमवाट सार्वजनिकरण गर्ने । | निरन्तर | अनुगमन सुझाव प्रदान सार्वजनिकरण तथा ताकेता |

# आ व ०८२/८३ सम्पादित कार्य विस्तृतमा :

## **४.१ जिल्ला समन्वय समितिको वैठक**

जिल्ला समन्वय समितिको नियमित वैठक प्रत्येक महिनाको अन्तिम सुक्रवार वसी कार्य प्रगति समिक्षा तथा नयां विषयमा निर्णयहरु हुने गरेको । यस आ व मा भएका समितिका प्रमुख वैठक र निर्णयहरु निम्नानुसार रहेकाछन् :

| वैठक मिति | निर्णय संख्या | महत्वपूर्ण निर्णय |
|---|---|---|
| २०८२/४/१५ | ६ | आन्तरिक नियन्त्रण प्रणाली कार्यविधी २०८१ र आन्तरिक खर्च संचालन कार्यविधी २०८२ स्वीकृत गरी जिल्ला सभामा पेश गर्ने, कार्यालयमा सवारी पार्किंग स्थल व्यवस्थापन, कार्यालयको खानेपानी व्यवस्थापन पुरानो खानेपानी वक्यौता तिर्ने |
| २०८२/४/२५ | ६ | आठौं जिल्ला सभा मिति २०८२।५।६ गते गर्ने, जि स सको साझेदारीका लागि पालिका वाट प्राप्त योजनाहरु स्वीकृत गरी जिल्ला सभामा पेश गर्ने । |
| २०८२/५/१७ | २ | आ व ०८२/८३ को लागि वार्षिक कार्यक्रम स्वीकृत गरी पत्रकार भेटघाट मार्फत सार्वजनिकरण गर्ने |
| २०८२/६/१० | २ | भाद्र २३ र २४ गते भएको जेन्जी आन्दोलनमा कार्यालयमा भएको लुटपाट तथा आगलागीको क्षति समिक्षा र आगजानी पश्चात कार्यालय सरसफाइ र सेवा प्रवाह सुचारु गर्ने । |
| २०८२/६/३१ | ६ | १. जिल्ला समन्वय समितिबाट २०८२ साल असोज महिनामा भए गरेका काम कारबाहीहरुको जानकारी भयो । सदस्यज्यूहरुको |

तर्फबाट आश्विन महिनामा भए गरेका काम कारबाहीको जानकारी बैठकमा जानकारी गराउनु भयो ।

२. नजिकै आइरहेको दीपावली तथा छठपर्वको उपलक्ष्यमा एकापसमा शुभकामना आदानप्रदान गरियो ।

३. आन्तरिक नियन्त्रण प्रणालीलाई कार्यान्वयन गर्ने गराउने कार्यमा कार्यालयका सबै शाखा/फाँटहरुलाई समेत जानकारी गराई अनिवार्य कार्यान्वयन गर्ने गराउने ।

४. कार्यालयको स्वामित्वमा रहेका सवारी साधनहरुलाई निर्जिवन विमा /Full Insurance गर्ने तर्फ आवश्यक कारबाही अगाडी बढाउने । कार्यालयको रंग, रोगन, प्लाष्टर, ढोकामा सिसा राख्ने, विद्युत तथा टेलिफोनको वायरिङ समेतको प्राविधिक प्रतिवेदन बमोजिमको काम अगाडी बढाउने ।

५. जिल्ला समन्वय समितिको मौज्दात कोष संचालन निर्देशिका २०७५ को दफा ५ बमोजिम स्थानीय तहबाट पेश भएका प्रस्तावहरु अध्ययन विश्लेषण पश्चात दफा ४ बमोजिम छनौट भै जिल्ला समन्वय समितिको मिति २०८२/०४/२५ को बैठक र आठौं जिल्ला सभाको मिति २०८२/०५/२६ को निर्णय बमोजिम पेश भएको लागत साझेदारीमा संचालन गरिने योजनाहरुको लागी निम्न पालिकालाई निम्न बमोजिमको रकम उपलब्ध गराउने सम्बन्धी निर्णय भई सम्झौता भएकोमा उक्त सम्झौता बमोजिमको रकम आन्तरिक आय संचित कोष विवध खाता सि.नं.१बजेट रकम नं.२६३११ बाट निकासा गराउने निर्णय गरियो

| क स | स्थानीय तह | जिससले दिने कुल बजेट रकम |
|---|---|---|
| १ | रुपा गाउँपालिका | १ करोड |
| २ | मादी गाउँपालिका | ६० लाख |
| ३ | माछापुच्छ्रे गाउँपालिका | १ करोड |
| ४ | अन्नपूर्ण गाउँपालिका | १ करोड |
| ५ | पोखरा महानगरपालिका | २ करोड |

| | | |
|---|---|---|
| | | ६. कार्यालयको आर्थिक प्रशासन शाखाबाट पेश भएको जिल्ला समन्वय समितिको कार्यालय कास्कीको आन्तरिक आय (संचित कोष विविध खातामा रहेको रकम आ.ब.२०८२/०८३ को लागि प्रस्तावित रकम लाई बाँडफाँड गरियो । |
| २०८२/७/२८ | ५ | जेन्जी आन्दोलनको क्रममा कार्यालयमा भएको क्षतिको कारण कार्यालयको दैनिक सेवा संचालनकोलागि विभिन्न स्थावाट प्राप्त सहयोगको लागि धन्यवाद प्रदान, मासिक प्रगति वारेमा छलफल |
| २०८२/९/२५ | ९ | मंसिर पुस महिनामा भएका अनुगमन वारे जानकारी, जिल्लाको स्थानीय तहको असल अभ्यासका लागि रुपा गांउपालिकाको माहुरी प्रवद्धन कार्यक्रम, छनौट लागत साझेदारीमा संचालन भएका योजनाको विवरण सम्वन्धित स्थानीय तहवाट माग गर्ने सेवा काररको म्याद थप गर्ने । |
| २०८२/११/१ | ३ | मासिक प्रगति वारेमा छलफल, मादी गांउपालिकासंगको साझेदारीमा संचालन हुने आयोजनाहरुको आवश्यक कागजात माग गरी संझौता अगाडी वढाउने । |
| २०८२/१२/२७ | ९ | फाल्गून र चैत्र महिनामा भएका काम वारे जानकारी, एलजीपास मा स्थानीय तहवाट प्राप्त प्रतिवेदनमा जि स स वाट दिइएका पृष्ठपोषण वारे जानकारी, जि स स को खाली भएको सटर भाडामा लगाउन खुला प्रतिस्प्रधा मार्फत इ विडिंग गरी भाडामा लगाउने, नया वर्ष २०८३ को सवैमा शुभकामना व्यक्त गर्ने । |
| २०८३/१/२२ | १४ | १. संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय कास्कीले आ.ब. २०७७/०७८ देखी ठेक्का सम्झौता गरिएको योजना ५/५ वर्षसम्म पनि पुरा हुन नसकेको, पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखराको भवन निर्माण लगायत, आ.व २०७८/०७९ मो प्रादेशिक जनस्वास्थ्य प्रयोगशालाको निर्माण कार्य आ.ब.०७८/७९ को पोखरा-१८ सराङकोट स्वास्थ्य चौकी, भगारा कृषि सडक मोटरबाटो निर्माणका योजनाहरुमा यस आ.वमा बजेट छुट भएका तथा ठेकेदारको लापरबाहीको कारण सम्मन्न हुन नसकेका योजना समयमै सम्पन्न गर्न गराउन शहरी बिकास मन्त्रालयमा लेखी पठाउने ।<br><br>२. पुल सेक्टर पोखराबाट संचालित ठेक्काहरु मध्ये आ.ब.०७४/०७५ को सेती नदी माथीको वगर र फुलबारी |

| | | | |
|---|---|---|---|
| | | | जोड्ने पुलको प्रगती ०.००% रहेकोमा उक्त ठाउँको जग्गा विवाद भै पुल निर्माण हुन नसकेको अवस्थामा योजनाको पुन विचार गरी कास्कीको अन्य बाँकी भागमा पुल निर्माण गर्न, ०७४/०७५ को पोखरा-याम्दीको पुल, पोखरा-मुसेढुंगा पावर हाउसको पुल, पोखरा-कोत्रे को पुल निर्माण व्यवसायीको ढिलाईको कारण अलपत्र परेको हुँदा उक्त पुलहरुको निर्माण कार्य समयमै सम्पन्न गर्न तथा काममा ढिलासुस्ती गर्ने ठेकेदार वा कम्पनीहरुलाई कानुन बमोजिम कारबाही अगाडी बढाउन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा लेखी पठाउने । पोखरा २५ र पोखरा १९ जोड्ने पुल जिर्ण रही बन्द भएकोले तत्काल पुल निर्माण गर्ने, पोखरा १७ र २१ जोड्ने दम्सादी घाट पुल, पोखरा ४ र ५ जोड्ने फिर्के खोला पुल, कास्की अन्नपूर्ण र पर्वत मोदी गाउँपालिका जोड्ने भुरुङ्दी पक्की पुल निर्माणका लागि नेपाल सरकारलाई अनुरोध गर्ने । |
| | | | ३. गण्डकी प्रदेश सरकार अन्तर्गत पूर्वाधार विकास कार्यालयले संचालन गरेका योजनाहरुमध्ये १ करोड भन्दा माथिका योजनाहरु मध्ये कतिपयको स्रोत सुनिश्चितता समेत नभएको, बजेट प्रयाप्त नभएको कारण अधुरा अपुरा रहने भएको, कतिपय सडकहरु सम्पन्न गर्न बजेट रकमान्तरको लागि पेश भएकोमा समयमै रकमान्तर भै बजेट नआएकोले काम गर्न नसकिएको, कतिपय सडक डिभिजनबाट हस्तान्तरित योजनाहरु अलपत्रै रहेको, थपिएको म्याद पनि नभएका योजनाहरुको अध्ययन गरी समयमै निकाशा दिनुपर्ने र योजना समयमै सम्पन्न गर्न र पुरानो योजना सम्पन्न र फरफारक नगरी नयाँ योजना स्वीकृत नगर्न भौतिक पूर्वाधार विकास मन्त्रालय गण्डकी प्रदेशलाई लेखी पठाउने । |
| | | | ४. सडक डिभिजन कार्यालयबाट आ.ब.०७२/०७३ मा सम्झौता भएका योजनाहरुमध्ये कतिपय योजनाको भौतिक प्रगति ८%, १३%, १५%, १९%, भएको र अधिकांशको प्रगती विवरण ५०% पनि नपुगेकोले योजना समयमै सम्पन्न गर्न |

| | | |
|---|---|---|
| | | कार्यतालिका बमोजिम काम भए नभएको समयमै अनुगमन गर्न सडक डिभिजन कार्यालयलाई लेखी पठाउने ।<br><br>५. मुग्लिङ पोखरा सडक स्तरोन्नतीको बाँकी काम, घर टहरा हटाउन, तथा सेती नदी माथिको पूल समयमै सम्पन्न गर्नुपर्नेमा ढिलासुस्ती भैरहेको जनगुनासो आएकोले योजना समयमै सम्पन्न गर्न मुग्लिङ पोखरा सडक पश्चिम खण्डमा लेखी पठाउने ।<br><br>६. सिद्घार्थ राजमार्गको माछापुच्छ्रे भ्यूप्वाइन्ट देखि खाल्से हुँदै छोरेपाटन जोड्ने बैकल्पिक सहायक राजमार्ग विगत २८ वर्षदेखि व्यवस्थित नभएकोले व्यवस्थापनका लागि बजेटको व्यवस्था गरिदिन आयोजना ID 083-377-02-7211 भौतिक मन्त्रालयमा लेखी पठाउने ।<br><br>७. मध्यपहाडी पुष्पलाल लोकमार्गको कास्की खण्डको बाँकी काम तथा कास्की र लमजुङको सिमा जोड्नेमा track खोल्ने बाँकी काम सम्पन्न गर्न आयोजनामा लेखी पठाउने ।<br><br>८. पोखरा अन्तराष्ट्रिय विमानस्थललाई गण्डकी प्रदेशको पर्यटकीय राजधानीलाई पूर्ण रुपमा दिन समेत विमानस्थललाई पूर्ण क्षमतामा प्रयोगमा ल्याउनुपर्ने देखिएकोले सो संचालन गर्न नेपाल सरकारलाई अनुरोध गरी लेखी पठाउने । पोखरा आउने अन्तराष्ट्रिय विमानहरुको लागि दिल्ली महेन्द्रनगर पोखराको लागि थप रुटको व्यवस्थाको लागि लेखी पठाउने ।<br><br>९. मानसिक रोगीहरुको संख्या दिनानुदिन बढ्दै गइरहेको विकराल स्थितिलाई हेर्दा समयमै निदान र उपचारको माध्यमहरु अपनाउनुपर्ने देखिएकोले गण्डकी प्रदेशको राजधानी पोखरामा मानसिक रोगीहरुको उपचारको लागी प्रदेश स्तरीय विशिष्ठ मानसिक अस्पतालको निर्माण र व्यवस्थापनको लागि नेपाल सरकारलाई अनुरोध गर्ने । |

| | | |
|---|---|---|
| | | १०. संस्था दर्ता तथा नियमनको विषयमा अझै पनि राजधानी धाउनुपर्ने देखिँदा समाज कल्याण परिषद्को प्रदेश स्तरीय कार्यालय पोखरामा स्थापनाको लागि लेखी पठाउने । <br><br> ११. वर्षौ देखी भूमिहिन रहेका सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको समस्या दीर्घकालिन रुपमा समाधान गर्नको लागि सरकारले स्पष्ट मापदण्ड बनाई, वास्तविक भूमिहिन सुकुम्बासीको पहिचान गरी समस्या समाधान गर्ने कार्यलाई अग्रीम प्राथमिकतामा राखी काम गर्न नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तहहरुलाई गम्भिर ध्यानाकर्षण गराउने निर्णय गरियो । <br><br> १२. सार्वजनिक तथा सरकारी जग्गा अतिक्रमण बढ्दै गइरहेकोले विगतको भुकम्पको अनुभवलाई हेरी खुला क्षेत्र, पार्कको व्यवस्थापन गर्न अतिक्रमण हटाउने तर्फ सरकारले प्राथमिकतामा राखी काम गर्न अनुरोध गरी लेखी पठाउने । <br><br> १३. कार्यालयको सानो हलमा Sound system र व्यानरको लागि पोजेक्टर साथैं दर्ता, चलानी व्यवस्थालाई थप व्यवस्थित बनाउन डिजिटल दर्ता प्रणाली शुरु गरी अभिलेखीकरण प्रणालीलाई चुस्त दुरुस्त राख्ने व्यवस्था मिलाउनुका साथै कार्यालयमा ई हाजिरीको व्यवस्था मिलाउने । <br><br> १४. नवौ जिल्ला सभा आगामी जेठ २२ गते सोमबार गर्नको लागि तयारी गर्ने निर्णय गरियो । |
| २०८२/२/१८ | ५ | १.गण्डकी प्रदेश सरकारले प्रारम्भ गरेका सडक निर्माण कार्यमा वहुवर्षिय योजनामा समावेश गरि केहि निर्माण कार्य पुरा भएका तर कार्य पुरा नगरी त्यसै अलपत्र छोडिएका योजना पुरा गर्न प्राथमिकताका साथ बजेटमा समावेश गरि निर्माण कार्यलाई निरन्तरता दिन निम्न सडकहरुलाई आ.ब.२०८३/०८४ को योजनामा समावेश गरिदिन प्रदेश सरकारसँग माग गर्ने। <br> क. फूर्सेखोला – खाल्से- माछापुच्छ्रे भ्यूपोइन्ट सडक |

| | | |
|---|---|---|
| | | ख. काउँखोला- सिक्लेस सडक<br>ग. कालबाङ- भुम्दी- चिसापानी- उल्लेरी सडक<br>घ. लुम्लेपाले खेत टाँडी भिचुक घान्द्रुक<br>ङ. राम्दी- मट्टीखान- फेदीखोला- सडक<br>च. लाहाचोक समिवगर हुँदै हाइड्रोपावर<br>छ. सौर्य भगवतीटार हुँदैं मिजुरे<br>ज. थुम्सीकोट भाचोक सडक मादी -१० <br>झ. भगवति हुदै वारचोक सडक मादी -११<br>ञ. इदिखोला हुदै वडा कार्यालय जाने सडक मादी -४<br>ट. थाचोक हुँदै ताङतिङ सडक मादी -२<br>ठ. गहते हुदै रबैडाँडा सडक मादी- ८<br>ड. घिमिरेथर आपुखोला झोर्ले हुँदै कालभञ्याङ सडक रुपा<br>ढ. बेशी हडौले भुसुने हुँदै धम्पुस सडक खण्ड माछापुच्छ्रे - ६<br>२. वर्षेनी वनजंगलमा निशुल्क रुपमा प्राप्त हुने पतिङ्गरको प्रयोग गरि प्राङ्गारिक मल उत्पादन गर्न, कृषक, समुदाय समेतलाई अनुदानको व्यवस्था गरी पुरै जंगललाई पतझर झाडीमुक्त बनाई परम्परागत रुपमा जंगलमा पाइने तिजु, काफल, दमौरो, गिट्टा, भ्याकुर, वनतरुल समेतको संरक्षण गरी वर्षेनी जंगलमा लाग्ने डढेलोका कारणले नागरिकको स्वच्छ र स्वस्थ्य बातावरणमा बाँच्न पाउने हक सुरक्षित गर्न नीति कार्यक्रममा समावेश गरि बजेटको व्यवस्था गरीदिन माग गर्दछौं ।<br>३. नागरिकलाई सुशासनको प्रत्याभूती गराउन बहुवर्षिय योजनाहरु सम्पन्न नगरी जनताको मागको आधारमा नभे DPR समेत नगरी नयाँ योजना समावेश नगर्न कार्यक्रम स्वीकृत तथा बजेट बिनियोजन नगर्न सरकारसँग माग गर्दछौं ।<br>४. जिल्ला समन्वय समितिको नवौं जिल्ला सभा मिति २०८३/०२/२९ गते गर्ने निर्णय गरियो ।<br>५. कार्यक्रमको प्रमुख अतिथि विशिष्ठ अतिथिको आमन्त्रणको लागी प्रमुखज्यूलाई जिम्मा दिने निर्णय गरियो । |
| २०८२/३/२६ | ६ | १. जिल्ला समन्वय समिति महासंघ नेपालको केन्द्रिय उपाध्यक्षमा निर्वाचित हुनुभएकोमा जिसस प्रमुख श्री लिलाधर पौडेलज्यूलाई |

| | | |
|---|---|---|
| | | हार्दिक बधाई सहित कार्यकाल सफलताको शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।<br><br>२. कार्यालयको तर्फबाट र जिसस पदाधिकारीको तर्फबाट जेष्ठ महिनामा भए गरेका सम्पादित कामहरुको बारेमा प्रगती विवरण जानकारी गराई छलफल गरियो ।<br><br>३. अन्नपूर्ण गाउँपालिकाको च.नं.१८०१ मिति २०८३/०३/१९ मादि गाउँपालिकाको च.नं.१९२४ मिति २०८३/०३/२३ को पोखरा महानगरपालिका, माछापुच्छ्रे गाउँपालिका समेतबाट साझेदारी योजनाको हालसम्मको प्रगती विवरण सहितको रकम निकासा माग गरिएको पत्र बैठकमा पेश भै छलफल भयो । यस सम्बन्धमा यस आ.ब.मा स्थलगत अनुगमन गरी प्राप्त प्रतिवेदनको आधारमा रकम निकाशा दिन समय अभावले गर्दा नभ्याउने भएकोले आ.व ०८३/०८४ मा अनुगमन गरी प्राप्त प्रतिवेदनको आधारमा रकम निकासा गर्ने निर्णय गरियो ।<br><br>४. कार्यालयको स्वमित्वमा रहेको घर जग्गा सटर भाडामा लिई व्यवसाय गर्नेको म्याद थप तथा खाली सटरहरु प्रतिस्पर्धाबाट भाडामा लगाउने सम्बन्धमा सरोकारवालाहरुको निवेदन सहित छलफल गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।<br><br>५. असल अभ्यास अन्तर स्थानीय तह अन्तर जिल्ला अनुभव आदान प्रदानको लागि गण्डकी प्रदेशका गोरखा, लमजुङ जिल्लाको स्थानीय तह जिसस समेतसँग अन्तरकृया कार्यक्रम गर्ने सो को लागि कार्यालयको दैनिक सेवा समेत नरोकिने गरी पदाधिकारी र कर्मचारीको संयुक्त टोली जाने निर्णय गरियो ।<br><br>६. जिल्ला समन्वय समिति महासंघ नेपाल गण्डकी प्रदेशको परिषद् बैठकमा भाग दिन सदस्य सितादेवी वि.क.र सदस्य राजु अधिकारीलाई मनोनयन गर्ने निर्णय गरियो । |

## ४.२. अनुगमन तथा निरीक्षण :

- ✓ जिल्ला समन्वय समितिका प्रमुख श्री लिलाधर पौडेलज्यूको संयोजकत्वमा माछापुच्छ्रे गांउपालिका अन्तरगत मर्दिखोला प्रभावित क्षेत्रको अनुगमन कार्य गरि स्थानीय विवाद समधानका लागि पहल गरिएको ।
- ✓ शाखा अधिकृत लक्षु शर्माको संयोजकत्वमा रुपा गांउपालिका अन्तरगत जिल्ला समन्वय समितिको लागत साझेदारीमा निर्माणधीन कार्यालय भवन, वडावाट संचालित कार्यक्रम र असल अभ्यास अन्तरगत माहुरी प्रवद्धन कार्यक्रमको स्थलगत अनुगमन गरिएको ।
- ✓ जिल्ला समन्वय समितिका प्रमुख श्री लिलाधर पौडेलज्यूको संयोजकत्वमा फेवाताल सिमसार क्षेत्रको अनुगमन गरि अतिक्रम तथा सिमसार क्षेत्र पुर्ने कार्यको स्थलगत अवलोकन गरि सो विषयमा सरोकारवालाहरुसंग अन्तरकृया गरिएको ।
- ✓ जिल्ला समन्वय समितिका प्रमुख श्री लिलाधर पौडेलज्यूको संयोजकत्वमा जि स अ नवराज वराल, शा अ लक्षु शर्मा लगायतवाट पोखरा २६ मा अवस्थित जेष्ठ नागरिक दिवा सेवा केन्द्रको अवलोकन तथा अन्तरक्रिया गरिएको ।
- ✓ जिल्ला समन्वय समितिका प्रमुख श्री लिलाधर पौडेलज्यूको संयोजकत्वमा जिल्ला समन्वय अधिकारी नवराज वराल लगायतवाट संघीय सडक कार्यालय अन्तरगत निर्माणधीन भुरुङ्दी खोला पुल, अन्नपूर्ण गांउपालिका, सुइखेत सेरा पुल लगायतका पुर्वधारको अनुगमन निरीक्षण तथा प्रतिवेदन गरिएको ।
- ✓ जिल्ला समन्वय समितिका प्रमुख श्री लिलाधर पौडेलज्यूको संयोजकत्वमा जिल्ला समन्वय अधिकारी लगायतवाट पूर्वधार विकास कार्यालय कास्की अन्तरगत निर्माणाधीन रुपा रिंगरोड सडक लगायतका आयोजनाको अनुगमन निरीक्षण तथा प्रतिवेदन गरिएको ।
- ✓ शाखा अधिकृत श्री लक्षु शर्मा लगायतवाट ग्रमिण पुर्वधार विकास आयोजना कार्यालयवाट माछापुच्छ्रे गांउपालिका वडा नं ९ मा निर्माणाधीन सडक लगायतका पुर्वधारको अनुगमन तथा पृष्ठपोषण प्रदान गरिएको ।
- ✓ जिल्ला समन्वय समितिका प्रमुख श्री लिलाधर पौडेलज्यूको संयोजकत्वमा जि स अ नवराज वराल, शा.अ. लक्षु शर्मा, जि स स सदस्यहरु लगायतको टोलीवाट प्रदेश पूर्वाधार विकास कार्यालय कास्की अन्तरगत संचालित पोखरा ३३ को सडक, ३१ र २८ को सडक योजनाहरु अनुगमन कार्य गरिएको ।
- ✓ जिल्ला समन्वय समितिका प्रमुख श्री लिलाधर पौडेलज्यूको संयोजकत्वमा जिल्ला समन्वय अधिकारी नवराज वराल, शाखा अधिकृत लक्षु शर्मा र सदस्यहरु लगायतवाट अन्नपूर्ण गांउपालिका अन्तरगत संचालित योजनाहरु अनुगमन निरीक्षण कार्य गरि प्रतिवेदन गरिएको सो क्रममा अन्नपूर्ण गांउपालिकावाट संचालित एक घर एक करेसावारी कार्यक्रम समेत अनुगमन गरिएको ।
- ✓ जिल्ला समन्वय समितिका प्रमुख श्री लिलाधर पौडेलज्यूको संयोजकत्वमा जिल्ला समन्वय अधिकारी नवराज वराल, शाखा अधिकृत लक्षु शर्मा लगायतवाट कास्की जिल्ला र पर्वत जिल्लाको सिमानामा

निर्माणहुन लागेको माथिल्लो भुरुण्डी खोला ए जलविधुत आयोजना क्षेत्रको स्थलगत अनुगमन र प्रतिवेदन कार्य गरिएको ।

- ✓ जिल्ला समन्वय समितिका प्रमुख श्री लिलाधर पौडेलज्यूको संयोजकत्वमा जि स अ नवराज वराल, शा अ लक्षु शर्मा, जि स स सदस्य राजु अधिकारी लगायतको टोलीवाट मादी गांउपालिका अन्तरगत संचालित सामाजिक विकास कार्यक्रम तथा योजना र सेवा प्रवाह वारेमा स्थलगत अनुगमन कार्य गरी प्रतिवेदन गरिएको ।
- ✓ जिल्ला समन्वय समितिको कार्यालयका शाखा अधिकृत लक्षु शर्मा, प्रदेश वाल कल्याण अधिकारी, स्थानीय वाल कल्याण अधिकारी, प्रदेश सामाजिक विकास कार्यालयका प्रतिनिधि लगायतको टोलीवाट पोखरा महानगरपालिका भित्र संचालित वालगृहहरुको स्थलगत अनुगमन तथा निरीक्षणको कार्य गरि प्रतिवेदन गरिएको।
- ✓ जिल्ला समन्वय समितिका प्रमुख श्री लिलाधर पौडेलज्यूको संयोजकत्वमा जिल्ला समन्वय अधिकारी नवराज वराल, शाखा अधिकृत लक्षु शर्मा लगायतवाट कास्की जिल्ला अन्नपूर्ण गांउपालिका विरेठाटीमा आएको वाढीवाट प्रभावित क्षेत्रको स्थलगत अनुगमन तथा निरीक्षणको कार्य गरिएको ।
- ✓ शाखा अधिकृत श्री लक्षु शर्मा लगायतवाट ग्रामिण पुर्वाधार विकास आयोजना कार्यालयवाट माछापुछ्रे गांउपालिकामा निर्माणाधीन सडक लगायतका पुर्वधारको अनुगमन तथा पृष्ठपोषण प्रदान गरिएको ।
- ✓ महिला वालवालिका मन्त्रालय सम्वद्ध समाजिक विकास कार्यक्रम अनुगमन र प्रतिवेदन :
  जिल्ला समन्वय समितिवाट आ व ०८२/८३ मा स्थानीय तहमा संचालित समाजिक विकास कार्यक्रम अनुगमन गरि संकलन गरिएको तथ्यांक सहितको अनुगमन प्रतिवेदन **अनुसूची १** मा समावेश छ ।

## ४.३. स्थानीय तहका वडा अध्यक्षहरुलाइ क्षमता विकास कार्यक्रम :

- ✓ २०८३ वैसाख १४ गते जिल्ला समन्वय समिति कास्कीले कास्कीमा स्थानीय तहका जनप्रतिनिधि संग बिमा तथा पन्जिकरण सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ ।कार्यक्रमको जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले उद्घाटन गर्नुभएको थियो। पौडेलले बिमा सचेतनामूलक उद्देश्यले सो कार्यक्रम आयोजना गरिएको उल्लेख गर्दै आम कृषक समेत मा बिमा सम्बन्धि सचेतना बढाउन सबै बिमा सेवा प्रदायक संस्था हरू कटिबद्धताका साथ लाग्नु पर्ने बताउनुभयो।बिमा दाबी ,भुक्तानीमा जटिलता देखिएको आम

सर्बसाधारणहरूको गुनासो रहेको उल्लेख गर्दै प्रमुख पौडेलले सो प्रक्रिया सरलिकृत बनाउनेतर्फ ध्यान दिन सरकारी निकाय र बिमाको नियामक निकाय बिमा प्राधिकरणले विशेष ध्यान दिनुपर्ने र सेवा प्रबाह थप प्रभाबकारी र ब्यबस्थित बनाउनुपर्ने उल्लेख गर्नुभयो । कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै नेपाल बिमा प्राधिकरण गण्डकी प्रादेशिक कार्यालयका प्रमुख शम्भु प्रसाद मिश्रले नेपालमा कृषि बिमाको ब्यबस्था , सो सम्बन्धि विद्यमान ऐन कानुनहरू ,अनुदान सम्बन्धि ब्यबस्था ,बिमा शुल्क ,दाबी तथा भुक्तानी सम्बन्धि ब्यबस्थाका बारेमा प्रकाश पार्नु भएको थियो।त्यसैगरि कास्कीका सहायक प्रमुख जिल्ला चित्राङ्गत बरालले नागरिकता, राहादानी लगायत पन्जिकरणका समस्या र समाधान बिषयमा सहजीकरण गर्नुभएको थियो। रूपा गाउँपालिका वडा न 2 का वडाध्यक्ष राजन सुबेदी ,माछापुच्छ्रे गाउँ पालिकाका प्रमुख कार्यकारी अधिकृत केशब सुबेदी लगायतले प्रस्तुत कार्यपत्र उपर टिप्पणी गर्नुभएको थियो ।कार्यक्रममा कास्की स्थित विभिन्न पालिकाका जनप्रतिनिधिहरू, बिमा सेवा प्रदायक कम्पनीका प्रमुख तथा प्रतिनिधि र सरोकारवालाहरूको उपस्थिति रहेको थियो।नेपाल बिमा प्राधिकरण गण्डकी प्रादेशिक कार्यालयका प्रमुख शम्भु प्रसाद मिश्रको अध्यक्षतामा आयोजित कार्यक्रमको संयोजन जिल्ला समन्वय समिति कास्कीले गरेको थियो। कार्यक्रमको संचालन जिल्ला समन्वय अधिकारी नवराज बराल र स्वागत नेपाल बिमा प्राधिकरण गण्डकी प्रादेशिक कार्यालयका सहायक निर्देशक कबिता पाण्डेले गर्नुभएको थियो ।

## ४.४, जिल्ला परियोजना सल्लाहकार समितिको वैठक :

- ✓ मिति २०८२/४/२६ गते जि.स.स. प्रमुख श्री लिलाधर पौडेलज्यूको अध्यक्षतामा जिल्ला परियोजना सल्लाहकार समितिको वैठक वसी **पोखरा रिसर्च सेन्टरवाट** संचालन हुने आयोजनाहरुवारे छलफल र प्रारम्भिक पूर्व सहमति प्रदान ।
- ✓ मिति २०८२/५/१५ तगे जि.स.स. प्रमुख श्री लिलाधर पौडेलज्यूको अध्यक्षतामा जिल्ला परियोजना सल्लाहकार समितिको वैठक वसी **असल छिमेकी संघ नेपाल** गोनेस वाट संचालित आयोजनाहरुवारे छलफल प्रारम्भिक पूर्व सहमति प्रदान ।
- ✓ मिति २०८२/७।१२ गते जि.स.स. प्रमुख श्री लिलाधर पौडेलज्यूको अध्यक्षतामा जिल्ला परियोजना सल्लाहकार समितिको वैठक वसी **स्टार चिल्डेन कास्की** नेपालवाट संचालित आयोजनाहरुवारे छलफल सम्पन्न
- ✓ मिति २०८२/११।१० गते जि.स.स. प्रमुख श्री लिलाधर पौडेलज्यूको अध्यक्षतामा जिल्ला परियोजना सल्लाहकार समितिको वैठक वसी **राइट फो चिल्डेन कास्की** नेपालवाट संचालित आयोजनाहरुवारे छलफल र सामुदायिक शिक्षा र वालमैत्री सहयोग परियोजना संचालन गर्न पूर्व सहमति दिने निर्णय भयो ।

- ✓ मिति २०८२/११।१० गते जि.स.स. प्रमुख श्री लिलाधर पौडेलज्यूको अध्यक्षतामा जिल्ला परियोजना सल्लाहकार समितिको वैठक वसी **वहिनी एडुकेयर फाउन्डेसन** वाट संचालन हुने आयोजनाहरुवारे छलफल गरी वहिनी एडुकेयर कार्यक्रम संचालन गर्न पूर्व सहमति दिने निर्णय भयो ।
- ✓ मिति २०८३/१।२४ गते जि.स.स. प्रमुख श्री लिलाधर पौडेलज्यूको अध्यक्षतामा जिल्ला परियोजना सल्लाहकार समितिको वैठक वसी **केयर भाइन फाउन्डेसन** कास्की नेपालवाट संचालित आयोजनाहरुवारे छलफल र Enhancing Quality of medical Laboratories परियोजना संचालन गर्न पूर्व सहमति दिने निर्णय भयो ।
- ✓ मिति २०८३/३।२२ गते जि.स.स. प्रमुख श्री लिलाधर पौडेलज्यूको अध्यक्षतामा जिल्ला परियोजना सल्लाहकार समितिको वैठक वसी **कोपिला नेपालवाट** संचालित आयोजनाहरु र आगामी कार्ययोजना र आगामी वर्ष संचालन हुने १० वटा परियोजना वार छलफल र कार्य समिक्षा भयो ।

## ४.५. अन्तरक्रिया तथा समन्वय वैठक :

✓ **मर्दिखोला प्रभावितहरुको विषयमा सरोकारवालाहरुसंग छलफल तथा अन्तरकृया :** मिति २०८२/९/११ गते जिल्ला समन्वय समितिका प्रमुख श्री लिलाधर पौडेलज्यूको संयोजकत्वमा जि स अ नवराज वाराल, शा अ लक्षु शर्मा लगायतवाट माछापुच्छ्रे गांउपालिका वडा नं ५ अनन्तठांटीमा मर्दिखोला प्रभावितहरुको विषयमा सरोकारवालाहरुसंग छलफल तथा अन्तरकृया कार्यक्रम सम्पन्न भएको थियो । जसमा मर्दिखोला प्रभावित स्थानीय, गांउपालिका उपाध्यक्ष सहित प्रमुख प्रशासकीय अधिकृत वडा अध्यक्षहरु ACAP प्रतिनिधीहरुको सहभागिता रहेको थियो ।

✓ **फेवाताल सिमसार क्षेत्र संरक्षण सम्वन्धमा सरोकारवालाहरुसंग समन्व वैठक :** मिति २०८२।९।११ गते जिल्ला समन्वय समिति प्रमुख श्री लिलाधर पौडेलको अध्यक्षतामा फेवाताल सिमसार क्षेत्र संरक्षण सम्वन्धमा सरोकारवालाहरुसंग समन्व वैठक सम्पन्न भएको थियो । उक्त वैठकमा फेवाताल सिमसार क्षेत्रको अतिक्रम रोक्ने तथा मा भै रहेको अवैध गतिविधी नियन्त्रण गर्ने विषयमा छलफल तथा अन्तरक्रया भएको थियो । उक्त कार्यक्रममा पोखरा महानगरका प्रमुख धनराज आचार्य प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मा सुरक्षा निकायका प्रमुखहरु लगायतका करिव ३० जनाको सहभागिता रहेको थियो

✓ **कृषि बाली तथा पशु बीमा सम्वन्धी सरोकारवालाहरुको अन्तरक्रिया कार्यक्रम :** मिति २०८२/१०/१२ गते जिल्ला समन्वय समितिका प्रमुख श्री लिलाधर पौडेलज्यूको अध्यक्षता तथा जिल्ला समन्वय समिति कास्कीको आयोजनामा कृषि बाली तथा पशु बीमा सम्वन्धी सरोकारवालाहरुको अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा कृषि तथा पशु व्यवसाय संग सम्वन्धित कृषक स्थानीय तहका सम्वन्धित शाखाका शाखा प्रमुखहरु जिल्ला कृषि विकास कार्यालय, भेटनरी अस्पताल तथा पशु सेवा कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु विमा प्राधिकरणका प्रदेश प्रमुख विभिन्न निर्जिवन विमा कम्पनीका प्रतिनिधिहरु नागरिक समाज तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरु लगायत करिव ४० जना सहभागिहरुको सहभागिता रहेको उक्त कार्यक्रममा

पोखरा महानगरपालिका कृषि महाशाखा प्रमुख मनोहर कडेरिया र विमा प्राधिकरण गण्डकी प्रदेशका प्रमुख सम्भु प्रसाद मिश्रले विमा सम्वन्धि कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने जिल्ला समन्वय अधिकारी श्री नवराज वरालले कार्यक्रम संचालन गर्नु भएको थियो ।

✓ **स्वास्थ बिमा सम्बन्धि सरोकारवालाहरू संग अन्तर्क्रीया कार्यक्रम** : २०८२/१०/१४ गते जिल्ला समन्वय समितिको सभा हलमा समन्वय समिति कास्कीले स्वास्थ बिमा सम्बन्धि सरोकारवालाहरू संग अन्र्तक्रिया कार्यक्रम सम्पन्न गरेको छ । जिल्ला समन्वय समितिका प्रमुख श्री लिलाधर पौडेलको अध्यक्षतामा भएको उक्त कार्यक्रम मा ३५ जना भन्दा वढि सहभागी रहेको उक्त कार्यक्रममा स्वास्थ बिमा कार्यक्रमको बर्तमान अवस्था र चुनौती बिषयमा गण्डकी प्रदेश सरकार चिकित्सा सेवा महाशाखा प्रमुख डा.रमेश कुमार के सि ले अबधारणामुलक प्रतिबेदन प्रस्तुत गर्नुभएको थियो। स्वास्थ्य बिमा बोर्ड गण्डकी प्रदेश संयोजक जिबलाल खरेलले नागरिक समाजका अगुवा रामबहादुर पौडेल ,सहितले स्वास्थ्य बिमाका सम्बन्धमा आफ्नो धारणा प्रस्तुत गर्नुभएको थियो। कार्यक्रममा नेपाल बिमा प्राधिकरण ,स्वास्थ बिमा बोर्ड ,कास्कीस्थित सरकारी तथा निजि स्वास्थ्य संस्थाका प्रमुख तथा प्रतिनिधि , सेवाग्राही र सरोकारवालाहरूको उपस्थिति रहेको थियो ।

✓ **ज्येष्ठ नागरिक सम्वन्धी सरोकारवालाहरूको अन्तरक्रिया कार्यक्रम :** मिति २०८२ माघ २५ गते जिल्ला समन्वय समिति कास्कीको आयोजनामा ज्येष्ठ नागरिक सम्वन्धी सरोकारवालाहरूको अन्तरक्रिया कार्यक्रम जिल्ला समन्वय समितिको सभा हलमा सम्पन्न भएको थियो । जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा भएको उक्त कार्यक्रममा जिल्ला समन्वय समिति कास्कीका शाखा अधिकृत लक्ष्मु शर्माले जेष्ठ नागरिकका अधिकार र बर्तमान अबस्था बिषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । शर्माले जेष्ठ नागरिकका सम्बन्धमा भएका कानुनि ब्यबस्था ,उहाँहरुको हक अधिकार सम्बन्धि अन्य नीतिगत ब्यबस्था र कार्यान्वनमा देखिएका चुनौती र समस्या सहित आगामी वाटोका बारेमा चर्चा गर्नुभएको थियो । उक्त कार्यक्रमा कास्की जिल्लामा क्रियाशील विभिन्न जेष्ठ नागरिक सम्वद्ध संघ,संस्था,प्रतिनिधि र सरोकारवाला करिव ६० जनाको उपस्थिति रहेको थियो ।

✓ मिति २०८२।११।५ मा राष्ट्रिय प्रजातन्त्र दिवस २०८२ मनाउने सम्वन्धमा कार्यालय प्रमुखहरु लगायतका सरोकारवालाहरुसंग वैठक वसी राष्ट्रिय प्रजातन्त्र दिवस भव्यसाथ मनाउने निर्णय भएको ।

✓ **नदिजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समितिको वैठक :** ढुंगा ,गीटी,बालुवा उत्खनन्,बिक्रि तथा ब्यबस्थापन सम्बन्धि मापदण्ड २०७७को दफा ९ बमोजिम गठन भएको जिल्ला नदिजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समितिको वैठक मिति २०८२।२।६ गते सम्पन्न भएको थियो । बैठकले मापदण्ड बमोजिम असार ,साउन र भदौ तिन महिना उत्खनन् गर्ने नपाइने ब्यबस्था बमोजिम असार १ देखि भदौ मसान्त सम्म नदीजन्य पदार्थ उत्खनन गर्न नपाइने निर्णय गरिएको हो ।समितिका संयोजक तथा जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा बसेको बैठकले निर्णयलाई कडाइका साथ कार्यान्वय गर्न प्रदेश, स्थानीय तह र नेपाल सरकारका सरोकारवाला निकायहरूलाई निर्देशन दिएको छ । नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन तथा संकलन स्वीकृत मापदण्ड वातावरणीय प्रभाव मुल्याङ्कन प्रचलित कानुन बमोजिम मात्र गर्ने, अवैध उत्खनन, अवैध संकलन तथा अनाधिकृत ओसारपसार पूर्ण रुपमा नियन्त्रण गर्न

गस्ती परिचालन गरी प्रहरीबाट नियन्त्रणमा लिइने प्रमुख पौडेलले बताउनुभयो । नदी खोला, वन क्षेत्र खेतीयोग्य जमिन विपद् जोखिम क्षेत्र वस्तीमा वातावरणीय विनास नहुने गरी मात्र उत्खनन कार्य व्यवस्थापन गर्ने, स्थानीय तहहरुले नदीजन्य वस्तुको उत्खनन समय विहान ८ बजे देखि वेलुका ६ बजेसम्म तोक्ने, समयको पालना नभएका क्षेत्रमा अनुगमन गरी रोक लगाउने, उत्खननबाट प्राप्त राजश्व गुम्न नदिन वास्तविक कारोवार मुल्यमा विल विजक जारी हुने अवस्था सुनिश्चित गर्न कारोवार विना विलविजक जारी गर्न रोक लगाउने निर्णय भएका छन् । बैठकले पालिकाहरूले नदीजन्य खानीजन्य पदार्थको उत्खनन र संकलन गरिने क्षेत्र स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनले तोकेको स्थान र क्षेत्रमा कार्ययोजना तयार गरी गाउँ र नगरपालिकाबाट स्वीकृत गरेर मात्र गर्न , तोकिएको क्षेत्रमा स्वीकृत परिणामभन्दा बढी उत्खनन र संकलन हुन नदिन स्वीकृत दिइएको क्षेत्रमा सम्बन्धित गाउँनगरपालिकाले अनुगमन गर्ने र उत्खनन तथा संकलनको अभिलेख भनेको छ । उत्खनन संकलन वा ढुवानीकर्ताले ढुवानी गरेको परिणामको दैनिक अभिलेख र दैनिक पटके विक्री तथा ढुवानी अभिलेख राख्ने, फेवातालको जलाधार क्षेत्रबाट कानुन विपरित ढुंगा, वालुवा र अन्य प्रकारको माटो खन्ने, झिक्ने वा ओसारपसार गर्ने कार्य रोक्न लगाउन र कोही कसैले उक्त कार्य गरेमा कानुन बमोजिम कारबाही गर्न लेखी आएकोमा उल्लेखित कार्य पूर्ण रुपमा रोक लगाउने निर्णय भएको छ । ढुंगा, गिट्टी वालुवा उत्खनन विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ (संशोधन सहित) को दफा ९ बमोजिम कानुनी व्यवस्था बमोजिम नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन तथा संकलन कार्य २०८३ साल आषाढ एक १ गतेदेखी भाद्र मसान्तसम्म रोक लगाइएको हुँदा सर्वसाधारणलाइ सचेत र सुचित हुदै कहिँ कतै त्यस्ता नियम बिपरितका काम भएमा तत्काल समितिलाई जानकारी दिन भनिएको छ । स्थानीय तहले कानुन बमोजिम ठेक्का लगाइएका घाटहरुको तोकिएको म्याद समाप्त हुनुभन्दा अगावै उठाईसक्नुपर्नेछ । यदि म्यादभित्र नउठाएमा पालिकाले जफत गरी प्रचलित कानुन बमोजिम लिलाम विक्री गरी स्थानीय संचित कोषमा आम्दानी जनाउनुपर्ने उल्लेख गरिएको छ ।

✓ **गाउँपालिका तथा नगरपालिका र वडाको संख्या तथा सिमाना हेरफेर र नगरपालिका वर्गीकरणको पुनरावलोकन जिल्लास्तरिय पुनरावलोकन अध्ययन समितिको बैठक** :

गाउँपालिका तथा नगरपालिका र वडाको संख्या तथा सिमाना हेरफेर र नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्बन्धि मापदण्ड ,२०८३ अनुसार गठित कास्की जिल्लास्तरिय पुनरावलोकन अध्ययन समितिको पहिलो बैठक समिति संयोजक श्री लिलाधर पौडेलज्यूको संयोजकत्वमा मिति २०८३/३/२२ गते सम्पन्न भएको छ। मापदण्ड बमोजिम जिल्ला समन्वय समितिका प्रमुखको संयोजकतत्वमा ७ सदस्यीय समिति गठन भएको हो। समितिका सदस्यहरूमा सम्बन्धित स्थानिय तहका अध्यक्ष वा प्रमुख ,सहायक प्रमुख जिल्ला अधिकारी ,नापी कार्यालयका प्रमुख ,भुमी प्रशासन कार्यालयका प्रमुख ,सम्बन्धित पालिकाका प्रमुख प्रशासकीय अधिकृत ,रहने ब्यबस्था छ भने जिल्ला समन्वय अधिकारी सदस्य सचिब तोकिएको छ। बैठकमा कास्कीस्थित स्थानिय तहका अध्यक्ष ,प्रमुख

र प्रमुख प्रशासकिय अधिकृतको उपस्थिति रहेको थियो। निर्धारित मापदण्ड र कार्यका बारेमा समितिका सदस्य सचिब जिल्ला समन्वय अधिकारी नवराज बराल र शाखा अधिकृत लक्ष्मु शर्माले प्रकाश पार्नुभएको थियो।

## ४.६. अन्तर जिल्ला असल अभ्यास अनुभव आदान प्रदान :

### ४.६.१ जिल्ला समन्वय समिति पाल्पा र कास्की वीच अन्तर जिल्ला असल अभ्यास अनुभव आदान प्रदान कार्यक्रम :

जिल्ला समन्वय समिति कास्की र पाल्पा वीच अन्तर जिल्ला असल अभ्यास अनुभव आदान प्रदान कार्यक्रम मिति २०८३।२।२५ गते जिल्ला समन्वय समिति कास्कीको सभाहलमा सम्पन्न भएको छ । अवलोकन भ्रमणको क्रममा जि स स पाल्पाका प्रमुख टंकथाल खनाल सहितको टोली कास्की आएको थियो । उक्त कार्यक्रममा कास्की जिल्लामा भए गरेका असल अभ्यास वारेमा जि स स कास्कीका शाखा अधिकृत श्री लक्ष्मु शर्माले प्रस्तुती गर्नु भएको थियो । जि स स पाल्पाका प्रमुख श्री टंकनाथ खनाल ले पाल्पा र कास्की वीच कार्यमा समानता रहेता पनि यस जिल्लाका असल अभ्यासहरु पाल्पाका लागि अनुकरणीय रहेको भनाइ राख्नु भएको थियो ।

### ४.६.२ जिल्ला समन्वय समिति कास्की र नवलपरासी वर्दघाट सुस्ता पूर्ववीच अन्तर जिल्ला असल अभ्यास अनुभव आदान प्रदान कार्यक्रम :

मिति २०८३।३।४ गते जिल्ला समन्वय समिति कास्की र नवलपरासी वर्दघाट सुस्ता पूर्ववीच अन्तर जिल्ला असल अभ्यास अनुभव आदान प्रदान कार्यक्रम सम्पन्न भएको छ । जिल्ला समन्वय समिति कास्कीका प्रमुख श्री लिलाधर पौडेलज्यूको संयोजकत्वामा रहेको टोलीले नवलापरासी वर्दघाट सुस्तामा पुगी जिल्लाका असल अभ्यास अवलोकन र अनुभव आदान प्रदान गरेको थियो । उक्त कार्यक्रममा जिल्ला समन्वय समिति नवलपरासी व.सु.पूर्व का प्रमुख वावुराम विश्वकर्माले जिल्लामा भए गरेका असल अभ्यास वारे जानकारी गराउनु भएको थियो ।

### ४.६.३ जिल्ला समन्वय समिति कास्की र लम्जुंग वीच अन्तर जिल्ला असल अभ्यास अनुभव आदान प्रदान कार्यक्रम :

मिति २०८३।३।२८ गते जिल्ला समन्वय समिति कास्की र लम्जुंग विच असल अभ्यास अनुभव आदानाप्रदान कार्यक्रम सम्पन्न भएको छ । जिल्ला समन्वय समिति कास्कीका प्रमुख श्री लिलाधर पौडेलज्यूको संयोजकत्वामा जि स का का अन्य पदाधिकारी र कर्मचारी सहितको टोली लम्जुंग वेसिसहर पुगी जिल्लाका असल अभ्यास अवलोकन र अनुभव आदान प्रदान गरेक थिए । उक्त

कार्यक्रममा जिल्ला समन्वय समिति लम्जुंगका प्रमुख पूर्ण वहादुर गुरुंग तथा उपप्रमुख वुना कुमारी रिमालले जिल्लामा भए गरेका असल अभ्यास वारे जानकारी गराउनु भएको थियो । उक्त कार्यक्रममा जिल्ला समन्वय समिति कास्कीका प्रमुख श्री लिलाधर पौडेलले लम्जुंग र कास्की वीचमा सडक सञ्जाललाइ प्रभावकारी वनाउन र जिल्ला समन्वय समितिको भूमिकालाइ प्रभावकारी वनाउन पहल गर्न लम्जुगलाइ अनुरोध गर्नु भएको थियो ।

## ४.७. आठौ जिल्ला सभा :

कास्की को आठौ जिल्ला सभा मिति २०८२।५।२६ गते सम्पन्न भएको छ। उक्त सभाले जि स स को आ व ०८२/८३ को नीति तथा कार्यक्रम पारित गर्नुका साथै निम्नानुसारका निर्णयहरु गरेको थियो ।

### आठौ जिल्लासभाबाट भएका निर्णयहरु:

१. यस वर्ष प्रभावकारी देखिएका अन्तर संवाद कार्यक्रम जेष्ठ नागरिकसँग, वालवालिका सँग, वालकल्व, उपभोक्ता समूह नदी तथा खानीजन्य व्यवसायी जस्ता कार्यक्रमलाई निरन्तरता दिई उद्योग, वाणिज्य, यातायात, पर्यटन, स्वास्थ्य क्षेत्र जस्ता विषयमा आगामी वर्ष अन्तरसंवाद कार्यक्रम संचालन गर्ने ।

२. नागरिक आरोग्य जिल्ला समन्वय समितिको भूमिकालाई थप प्रभावकारी बनाई बैकल्पिक चिकित्सा पद्धती, आयुर्वेद र योगालाई पालिका हुँदै वडा स्तरसम्म लैजान पहल गर्ने । पालिकाका स्थानीय पाठ्यक्रममा नागरिक आरोग्य कार्यक्रमलाई समावेश गरी विद्यालय स्तरमै कक्षा संचालन गर्न स्थानीय तहलाई अनुरोध गर्ने ।

३. मानवअधिकारका समग्र विषयहरुमा कार्यन्वयन गर्ने निकायहरुका नीति, कार्यक्रम र वजेट मानवअधिकार मैत्री भए नभएको सम्बन्धमा मानव अधिकार राष्ट्रिय कार्ययोजना निर्देशक समिति समेतले अनुगमन गरी प्रभावकारी समिक्षा गर्ने व्यवस्था मिलाउने ।

४. दीगो विकासका राष्ट्रिय लक्ष्यहरु पूरा गर्न सो सम्बन्धमा भए गरेका काम कारबाहीको सुक्ष्म अनुगमन गरी समिक्षा गर्ने र नीति कार्यक्रम र बजेट कार्यान्वयनमा सहजीकरण गर्ने ।

५. मानव र वन्यजन्तु द्धन्द्धका विषयमा सुक्ष्म अध्ययन अनुसन्धान गरी पर्यावरणीय सन्तुलन Eco system कायम राख्न स्थानीय तहको भूमिकालाई प्रभावकारी बनाउन सहजीकरण गर्ने ।

६. पोखरा अन्तराष्ट्रिय विमानस्थलमा वाह्य तथा आन्तरिक उडानहरु संचालन गर्न र सातै प्रदेशका राजधानीबाट नियमित रुपमा हवाई उडान गर्ने गराउने कार्यमा पहल र सहजीकरण गर्ने ।

७. मध्यपहाडी पुष्पलाल लोकमार्ग, मुग्लिङ पोखरा सडक खण्ड, मध्ये कोत्रे पोखरा निर्माणाधीन सडक राजमार्ग, रुपाताल एकीकृत संरक्षण विकास परियोजनाका वाँकी कामहरु समयमै सम्पन्न गर्न सम्बन्धीत निकायमा पहल बढाई सहजीकरण गर्ने ।

८. सार्वजनिक तथा निजी विद्यालयको शिक्षाको गुणस्तर अवस्था, सार्वजनिकको कक्षा १२ सम्मको निशुल्क शिक्षा, निजी विद्यालयमा निर्धारण गरिएको मापदण्ड बमोजिमको शुल्क र कम्तीमा १०% छात्रवृत्ती अनिवार्य गर्ने

विषय लगायतमा शिक्षा विकास तथा समन्वय इकाइ, स्थानीय तह, समेतसँग समन्वय र सहकार्य गरी निरन्तर अनुगमन गर्ने गराउने संयन्त्र गठन गरी अनुगमन प्रणालीलाई प्रभावकारी बनाउने ।

९. विपद् बाट उत्पन्न हुन सक्ने जनधनको क्षतीलाई न्यूनीकरण गर्न आवश्यक पूर्व तयारी, खोज तथा उद्दार, राहत व्यवस्थापन र पून निर्माणको कार्यमा सम्बन्धीत स्थानीय तहसँग समन्वय गरी आवश्यक समन्वय, सहयोग र सहजीकरण गर्ने ।

१०. जिल्ला समन्वय समितिको कोषमा आर्थिक वर्ष ०७४/०७५ सम्मको आय वापत जिल्ला विकास कोषमा जम्मा भएको मौज्दात कोषमा रहेको रकमबाट स्थानीय पूर्वाधार निर्माण तथा मर्मत सम्भार गर्न जिल्ला समन्वय समितिको मौज्दात कोष संचालन निर्देशिका २०७५ बमोजिम स्थानीय तहसँग लागत साझेदारी गरी कार्यक्रम संचालन गर्ने ।

११. जिल्ला समन्वय समितिलाई संविधान, ऐन, कानुन र निर्देशिका बमोजिम प्राप्त अधिकारको परिधीभित्र रही विकास निर्माणका योजना, स्थानीय पूर्वाधार विकास कार्यक्रम, साझेदारीका योजना, नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट संचालित विकासका आयोजना/योजना/कार्यक्रमहरुको प्रभावकारी अनुगमन र मुल्याङ्कन कार्यलाई निरन्तरता दिने । यस सम्बन्धमा आवश्यक पर्ने दक्ष जनशक्ति, प्राविधिक जनशक्ति, प्राविधिक जनशक्तीको आवश्यकतानुसार सेवा लिई स्वीकृत अनुगमनम टोली परिचालन गर्ने ।

१२. जिल्लाभित्र संचालित राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुको काम कारबाहीलाई प्रभावकारी रुपमा अनुगमन गर्ने, वार्षिक समीक्षा गर्ने,DAC Meeting गर्ने कार्यलाई वस्तुनिष्ट मुल्याङ्कनका आधारमा अगाडी बढाइने ।

१३. स्थानीय तहका जनप्रतिनिधी, जिल्ला समन्वय समितिका पदाधिकारी र जिल्ला समन्वय समिति तथा स्थानीय तहका कर्मचारीहरुको Capacity Building का कार्यक्रमहरुलाई अगाडी बढाइने र स्थानीय आर्थिक विकास कार्यक्रम LED लाई समन्वयात्मक ढंगले अगाडि बढाउने कार्यमा स्थानीय तहलाई सहयोग पुग्ने गरी तालिम सञ्चालन गर्ने ।

१४. ढुंगा, गिट्टी, वालुवा उत्खनन विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को दफा ४(९) बमोजिम उत्खनन र संकलन कार्य गर्दा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएका सर्त, ठेक्का, सर्त अनुगमन समितिले दिएका निर्देशनहरु समेतको पालना स्थानीय तहहरुले गर्ने र दफा ९(१४) बमोजिम जिल्ला अनुगमन समितिलाई अनुगमन कार्यका लागि आवश्यक पर्ने प्रशासनिक खर्च गर्न सम्बन्धीत स्थानीय तहले नदीजन्य र खानीजन्य पदार्थको विक्री वितरणबाट उठेको विक्री वा शुल्क वापतको रकमको १% रकम जिल्ला समन्वय समितिलाई उपलब्ध गराउने । विगत वर्षका जिल्ला समन्वय समितिलाई बुझाउनु पर्ने स्थानीय तहबाट बाँकी रहेको रकम समेत यथाशिघ्र स्थानीय तहले उपलब्ध गराउन पहल गर्ने ।

**१५. संघीय सरकार र प्रदेश सरकार र स्थानीय तहलाई निम्न विषयमा अनुरोध गर्ने निर्णय गरियो**

क.जिल्ला समन्वय समितिको लागि आवश्यक पर्ने ऐन कानुन संविधानको धारा २२० बमोजिम प्रदेश सरकारले बनाइनुपर्ने व्यवस्था भए बमोजिम ऐन निर्माण गरिदिनुपर्ने, तत्काल अनुगमन तथा समन्वय ऐन वनाइ कार्यान्वयनमा लग्नुपर्ने।

ख. आफ्नै ल्याब र प्रयोगशाखा दक्ष जनशक्ति सहित स्थापना गरिदिनुपर्ने ।

ग. LISA र FRA को अंकको आधारमा दण्ड र पुरस्कार दिने व्यवस्था हुनुपर्ने (जस्तो नवपर्वतन साझेदारी) कार्यक्रममा FRA को नतिजाको आधारमा जिससको किटानी सिफारिस अनिवार्य हुनुपर्ने ।

घ. स्थानीय सरकार संचालन ऐन २०७४, मा केही नेपाल ऐन संशोधन २०७५/११/१९ ले ऐनको दफा ६२ पछि ६२ (क) थप गरी ढुंगा, गिट्टी, वालुवा उत्खनन विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड बमोजिमको प्रशासनिक खर्च अनुगमन खर्च अनुगमन समितिमा नआएकोले अनुगमन कार्य स्रोत साधन जनशक्तिको अभावमा प्रभावकारी हुन नसकेको ।

ङ. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ७ मा प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी बाँडफाँड अनुसुची ४ बमोजिम विभाज्य कोष खडा गरी बाँडिने । सो अनुसुची ४ को द्रष्टव्य १ मा नेपाल सरकारले आयोजनाको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने प्रदेश तथा स्थानीय तह (सम्बन्धित स्थानीय तह, जिल्ला समन्वय समिति) लाई त्यसरी प्रभावित भएको अनुपातमा समन्यायिक भएको अनुपातमा समन्यायिक रुपमा प्राकृतिक स्रोतको रोयल्टी र बाँडफाँड तथा वितरण गर्ने उल्लेख भएको तर अनुसुची ४ कै बाँडफाँडको महलमा जिससलाई छुट्टै प्रतिशत नछुट्टइएकोले उक्त अनुसुची संशोधन गरी स्थानीय तह सरह छुट्याउनुपर्ने ।

च. संघ प्रदेश र स्थानीय तहले सञ्चालन गर्ने योजनाको लागतको आधारमा छुट्याउनुपर्ने जस्तो स्थानीय तहले ५० लाख ,प्रदेशले १ करोड र संघले ३ करोड भन्दा मुनिका योजना स्वीकृत नगर्ने ।

छ. योजनाको दोहोरो तेहोरोपन हटाउने ।

ज. बहुवर्षीय योजनाको स्रोत सुनिश्चितता भएपछि मात्र योजना स्वीकृत गर्ने ।

झ. चालु योजना समाप्त नभईकन नयाँ योजना सञ्चालन गर्ने नहुने ।

ञ. राष्ट्रिय महत्वका ,राष्ट्रिय गौरवका ,प्रदेश गौरवका योजनाहरूको मापदण्ड, नीति ,तर्जुमा गरी लागू गर्नुपर्ने ।

ट. जिल्लाको समग्र विकास सम्बन्धी जिल्ला स्तरीय नीति ,कार्यविधि ,मापदण्ड, तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन गर्ने कार्यमा जिल्ला समन्वय समितिको भूमिकालाई प्रभावकारी बनाउने ।

ठ. जिल्लाको गौरव तथा दुई वा सो-भन्दा बढी गाउँपालिका तथा नगरपालिकाका बीच राजनीतिक महत्वका योजना प्रविधि र पूर्वाधार, बस्ती विकास ,पर्यटन विकास, संस्थागत तथा वातावरणीय विकास र आयोजना परियोजनाहरूको पहिचान ,अध्ययन, अनुसन्धान, प्रभाव मूल्याङ्कन तथा

लगानीको राजनीतिक योजना सञ्चालन गर्ने नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिका वा नगरपालिका ,गैरसरकारी संघ संस्था तथा निजी क्षेत्रबीच समन्वय गर्ने भूमिका जिल्ला समन्वय समितिको रहने नीतिगत व्यवस्था हुनुपर्ने ।

ङ. जिल्लाभित्रको प्राकृतिक स्रोत साधनको दिगो उपयोग, वातावरणीय तथा पर्यावरणीय प्रभाव मूल्याङ्कन, प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी अध्ययन ,अनुसन्धान गर्ने र अन्तर गाउँपालिका र नगरपालिकाबीच त्यस्ता योजना र कार्यक्रमको सञ्चालन तथा व्यवस्थापन समन्वय गर्ने भूमिका जिल्ला समन्वय समितिलाई दिनुपर्ने ।

ढ. विद्युतीय प्रणालीमा जिल्ला अनुगमन विश्लेषण प्रणालीको स्थापना र संचालन गर्ने ।

ण. अनुगमन तथा कार्यसम्पादन मापन गरी आवश्यक परिपालना गर्न, सुझाव र निर्देशन दिनलाई जिससको भूमिका बढाउनुपर्ने ।

१६. जिल्ला समन्वय समितिको आन्तरिक आयबाट प्राप्त आम्दानी खर्च गर्न आन्तरिक आय खर्च गर्ने कार्यविधी २०८२ पेश भए बमोजिम पारित गर्ने निर्णय गरियो ।

१७. स्थानीय सरकार संचालन ऐनको दफा ७८ मा भएको व्यवस्था अनुसार आन्तरिक नियन्त्रण प्रणाली २०८२ पेश भए बमोजिम पारित गर्ने निर्णय गरियो ।

## आठौ जिल्ला सभाका विशेष निर्णयहरु

क. संघीय सरकारसँग निम्न विषय कार्यान्वयनमा ल्याउन अनुरोध गर्ने निर्णय गरियो ।

१. नेपाल सरकारको कार्यविस्तृतीकरण बमोजिम अधिकार क्षेत्र तोक्दा जिल्ला समन्वय समितिले गर्ने काम स्पष्ट रुपमा तोकी जिम्मेवारी बनाउने ।

२. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ७(२) को अनुसूची ४ को द्रष्टव्य (१) मा प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँड जिल्ला समन्वय समितिलाई पनि वितरण गरिने भन्ने व्यवस्था राखीएको तर बाँडफाँडमा कुनै प्रतिशत नराखीएकोले सो बमोजिम ऐन संसोधीत गरी बाँडफाँडको व्यवस्था मिलाउने, नत्र उक्त बुँदा हटाउने तर्फ पहल गर्ने।

३. तीन तहले सन्तुलित विकासमा जोड दिन अनुरोध गर्ने ।

४. प्राकृतिक स्रोत उपयोग र बाँडफाँडका सम्बन्धमा तहगत सरकारहरुवीच समन्वय नहुँदा अधिकारमा विभेद देखिएको सम्बन्धमा प्राकृतिक स्रोत उपयोग र बाँडफाँड सम्बन्धमा एकीकृत ऐन बनाउन संघीय सरकारलाई अनुरोध गर्ने ।

५. जिल्लाको मादी गाउँपालिका लगायत धेरै ठाउँमा बिजुलीको नाङ्गो तार घर कटेरा र खेतबारीको नजिक रहेका र घर गोठ घाँस दाउरा गर्दा करेन्ट लागी मानवीय क्षती भएकोले नाङ्गो तारको ठाउँमा कभर तारको व्यवस्थापन गर्न नेपाल विद्युत प्राधिकरण लगायत सरोकार वाला निकायसँग अनुरोध गर्ने ।

६. आयोजना बैङ्कमा प्रविष्ट भएका योजनामा मात्रै बजेट छुट्याउन अनुरोध गर्ने ।

७. बहुवर्षिय, विस्तृत परियोजना प्रतिवेद/डि.पी.आर र स्रोत सुनिश्चितता भएका ५० लाख रुपैयाँ माथिको योजना आयोजना बैङ्कबाट छनौट गर्न अनुरोध गर्ने ।

८. समपुरक, सशर्त र विशेष अनुदानका योजना छनौटलाई पहिले प्राथमिकता दिन अनुरोध गर्ने ।

९. जिल्ला समन्वय समितिको आफ्नै ल्याब स्थापना गर्नको लागि आवश्यक उपकरण र प्राविधिकको व्यवस्थापन गर्न संघ सरकारलाई अनुरोध गर्ने ।

**ख. प्रदेश तथा स्थानीय तहलाई निम्न विषय कार्यान्वयमा ल्याउन अनुरोध गर्ने निर्णय गरियो ।**

१. गण्डकी प्रदेशको राजधानी पोखरामा मानसिक अस्पतालको व्यवस्थापन र संचालन गर्ने

२. डडेलो नियन्त्रणको प्रभावकारी संयन्त्र बनाउन अनुरोध गर्ने

३. कास्की जिल्लाको भूगोग अनुसार दुर्गम क्षेत्रहरुमा समयमै प्रभावकारी आपतकालिन एम्बुलेन्स सेवा संचालन गर्न अफरोड एम्बुलेन्स सेवाको लागी संघ, प्रदेश र स्थानीय तहसँग समन्वय गरी उपयुक्त संस्था वा अस्पतालसँग लागत साझेदारीमा काम गर्न स्थानीय तहलाई अनुरोध गर्ने ।

४. कास्की जिल्लाको पोखरा महानगरपालिका वडा नं. ३३ मा रहेको लैङ्गिक हिंसामा परेकाको लागि बनाइएको प्रादेशिक पून स्थापना केन्द्रको दिर्घकालिकन संचालन व्यवस्थापनमा प्रदेश र पोखरा महानगरपालिकालाई अनुरोध गर्ने ।

५. ढुङ्गा, गिट्टी, वालुवा लगायत नदी तथा खानीजन्य पदार्थको विक्री वापत आउने राजश्वकको दररेट प्रदेश र स्थानीय तहको फरक देखिदा ठेक्का व्ववस्थापनमा समेत प्रभाव पार्ने भएकोले राजश्वको रकम अनुपात मिलाउन प्रदेश सरकार र स्थानीय तहलाई अनुरोध गर्ने ।

६. फेवाताललाई संरक्षित जलाधार क्षेत्र घोषणा भएकोमा त्यसको व्यवस्थापन कार्ययोजना कार्यान्वयन गर्न कानुनको अधिकार क्षेत्रभित्रकव स्पष्ट किटानी गर्न संघीय सरकारलाई अनुरोध गर्ने । सो हुन नसकेकोमा तीनै तहको समन्वयमा जिम्मेवारी निकाय खडा गरी संचालन/व्यवस्थापन कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्ने ।

७. वन क्षेत्रमा रहेक पात पतिङ्गरबाट प्राङ्गारीक मल बनाउनको लागि कृषि, वनको समन्वयमा स्थानीय तहमा उद्योग स्थापना गर्न पहल गर्ने ।

८. शान्ति बन बाटिका लाई Botanical garden को रुपमा विकास गरी पर्यापर्यटन तथा मनोरन्जनमा योगदान दिनको लागि सरोकारवाला निकायसँग समन्वय गर्ने ।

९. पचभैया वन्यजन्तु उद्दार केन्द्रलाई Update गरी मानव वन्यजन्तु सह अस्तित्वमा योगदान दिन सरोकारवालासँग समन्वय बढाउने ।

१०. विगत वर्षहरुमा झै आगामी आ.ब.२०८२/०८३ मा आवाज विहीनहरुको आवाज कार्यक्रम अन्तर्गत सार्वजनिक हकहितका विषयमा अन्तरक्रिया/छलफल कार्यक्रमलाई निरन्तरता दिने

११. जिल्ला समन्वय समितिको मौज्दात कोष संचालन निर्देशिका बमोजिम स्थानीय तहसँग लागत साझेदारीमा मौज्दात कोषको रकमबाट दायित्व व्यहोर्ने गरी कोषको रकम खर्च गर्ने ।

१२. जिल्ला समन्वय समिति कास्कीको आन्तरिक आय खर्च संचालन कार्यविधी २०८२ को प्रस्तावित मस्यौदा सभामा पेश भएकोमा पेश भएबमोजिम पारित गर्ने निर्णय गरियो ।

१३. गैर सरकारी संस्थाहरुले आफ्नो नीति, कार्यक्रम, बजेट, प्रगती विवरण सहित अनिवार्य समिक्षा जिल्ला परियोजना सल्लाहकार समितिको बैठकमा पेश गर्न लगाउने र सो को आधारमा मात्रै नविकरण गर्ने व्यवस्था मिलाउन जिल्ला प्रशासन कार्यालय, कास्की, गैसस महासंघ, समाज कल्याण परिषद्मा लेखी पठाउने ।

१४. समाज कल्याण परिषद् बाट हुने काम कारबाही प्रदेश स्तरमा नै हुन गण्डकी प्रदेशको सदरमुकाम कास्कीमा सम्पर्क कार्यालय राख्न समाज कल्याण परिषद्मा लेखी पठाउने ।

१५. साविक जिल्ला विकास समितिले निर्माण गरेका योजना, आयोजना मध्ये सम्पन्न हुन नसकेका अधुरा योजना र कुनै निकाय वा तहले मर्मत सम्भारको कार्यमा सहयोग नगरेका योजनाहरुको हकमा कुनै कार्यालय वा स्थानीय तहसँग लागत साझेदारीमा योजना सम्पन्न तथा मर्मत गराउने ।

१६. पोखरा महानगरपालिका वडा नं.१० रामघाटमा संघीय आयोजना कार्यान्वयन इकाई कास्कीबाट कुल लागत VAT सहित १६ करोड ९३ लाख ४३ हजार ८०९ रुपैया खर्च गरी विद्युतिय शवदहन गृह निर्माण भै सफल प्राविधिक परिक्षण, संचालन अप्रेशनको पोखरा महानगरपालिकाको प्राविधिक कर्मचारीलाई प्राविधिक तालिम समेत दिई कार्यालयले मिति २०८०/०१/०३ गते पोखरा महानगरपालिकालाई हस्तान्तरण गरिएको विद्युतिय शव गृह एक वर्षसम्म पनि संचालनमा आउन नसकेको बुझिएकोले उक्त भवनको समयमै सहि सदुपयोग गरी उद्देश्य अनुसार विद्युतीय शव गृह संचालनमा ल्याउन पोखरा महानगरपालिकालाई अनुरोध गर्ने निर्णय गरियो ।

१७. संघीय आयोजना कार्यान्वयन इकाई कास्कीबाट निर्माण भएको पोखरा २३ को कोल्ड स्टोर्सको संचालनका सम्बन्धमा सम्बन्धित, सरोकारवाला निकाय, कृषि ज्ञान केन्द्र, पोखरा महानगरपालिका, संघीय आयोजना कार्यान्वयन इकाई समेतले तत्कालै काम शुरु गर्न अनुरोध गर्ने निर्णय गरियो ।

१८. जिल्ला समन्वय समिति कास्कीको मौज्दात कोष संचालन निर्देशिका बमोजिम स्थानीय तहसँग निम्न योजनाहरु साझेदारीमा आगामी आ.ब.२०८२/०८३ मा सम्पन्न गर्ने गरी सम्झौता गरी कार्य शुरु गर्ने निर्णय गरियो ।

## ४.८. नवौ जिल्ला सभा र निर्णयहरु:

कास्कीको नवौं जिल्ला सभा मिति २०८३।२।२९ गते शुक्रबार सम्पन्न भएको थियो । सभाको गण्डकी प्रदेश सभाका सदस्यहरू प्रकाश बराल ,देवका पाहारी, नन्दकला नेपालीले संयुक्त उदघाटन उद्घाटन गर्नु भएको थियो । सो क्रममा प्रदेश सभा सदस्य प्रकाश बरालले जिल्ला समन्वय समिति बर्तमान कानुनि ब्यबस्था अनुसार ,प्राप्त अधिकारको उच्चतम सदुपयोग मार्फत प्रभाबकारी कार्य सम्पादनमा तल्लिन रहेको भन्दै यसको थप मजबुतिकरणका सन्दर्भमा कानुन निर्माण र अन्य ब्यबस्थापनका बिषयमा प्रयत्नशील रहने उल्लेख गर्नुभयो । प्रदेश सभा सदस्य देवका पाहारीले सदन मार्फत जिससहरूको भूमिकालाइ थप शसक्त

बनाउनुपर्ने उल्लेख गर्दै त्यसका लागि पहलकदम लिने उल्लेख गर्नुभयो।जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले तीनै तहको सरकारको प्रतिनिधित्व गरी विकास समन्वय, सहजीकरण ,अनुगमन जस्ता कार्यभार सुम्पिएको राजनितिक इकाइको रुपमा रहेको जनप्रतिनिधिमुलक संस्था जिल्ला समन्वय समिति माथि अनेक वाहानामा विभिन्न कोणवाट प्रश्न उठाउने काम भएको भन्दै प्रत्येक जिल्ला वासीको भौगोलिक पहिचानसंग जोडिएको जिल्लाको चिनारी वा अस्तित्वलाइ कमजोर वनाउने र जन प्रतिनिधीहरुलाइ निरुत्साहित गर्ने कार्य प्रति जिल्ला सभाले खेद व्यक्त गरेको उल्लेख गर्नुभयो।प्रमुख पौडेललेका अनुसार संविधान संसोधनका समयमा जिससको भूमिकालाइ अझै थप प्रभावकारी वनाउन, नेपाल सरकार कार्य विस्तृतीकरण प्रतिवेदन पुनरावलोकन गर्दा जिल्ला समन्वय समिति महासंघको प्रतिनिधित्वको व्यवस्था अनिवार्य वनाउन, अधिकार, कर्तव्य र कार्यलाइ अझ स्पष्ट पार्न, समन्वयकारी भूमिकालाइ सुदृढ गर्न, अनुगमन तथा मूल्यांकन कार्यलाइ व्यवस्थित वनाउन, विवाद समाधान संयन्त्रका रुपममा विकास गर्न जिल्ला सभाले माग गरेको छ । त्यसैगरी कानूनी आधार सहित भूमिका दिइ योजना तथा विकास समन्वय केन्द्र वनाउन, जिल्ला तथ्यांक तथा सूचना केन्द्र स्थापना गर्न ,नियमित क्षमता अभिवृद्धि कार्यक्रम, भ्रष्टाचार रहित समाज सिर्जाना गर्न, सुशासन र जवाफदेहिताको प्रवर्द्धन गर्न, ठूला योजनामा सार्वजनिक सुनाइ साथै सामाजिक परीक्षणको कार्य गरी सुशासनमा सहयोग पुर्याउन संघीय संसदका सदस्यहरुलाइ जिल्लामा रहेका विकास निर्माण तथा समस्याका वारेमा छलफल र सूचना प्रवाहका लागि जिल्ला समन्वय समितिमा मुख्य सम्पर्क कार्यालय स्थापना गर्न पर्ने जिल्ला सभाले औल्याएको छ ।संघ प्रदेश र स्थानीय तह वीचको प्रभावकारी पुल, विकास समन्वयकर्ता र अनुगमनकारी संस्थाकारुपमा थप सुदृढ गर्ने गरी संविधान संसोधन गर्न जिल्ला समन्वय समिति कास्कीको नवौं जिल्ला सभाले जोडदार माग गरेको छ । कार्यक्रममा प्रदेश सभा सदस्य गणेशमान गुरुङ ,नन्दकला नेपाली ,पोखरा महानगर पालिकाका मेयर धनराज आचार्य, तत्कालिन जिल्ला बिकास समिति कास्कीका सभापति पुण्य प्रसाद पौडेल, कास्कीका पूर्ब प्रमुख बैन बहादुर अधिकारी क्षेत्री ,कास्कीका प्रमुख जिल्ला अधिकारी कुमान सिंह गुरुङ,पोखरा महानगर पालिकाका प्रमुख कार्यकारी अधिकृतमुक्तिराम अर्याल,एमाले कास्कीका उप सचिब सन्तु सुबेदी, नेपाली कम्युनिस्ट पार्टीका खड्ग हमाल,रा प्र पा का नारायण गुरुङ,लेखनाथ उद्योग बाणिज्य संघका अध्यक्ष जानुका अधिकारी,पोखरा उद्योग बाणिज्य संघका अध्यक्ष गोकर्ण कार्की,पोखरा चेम्बर अफ कमर्सका अध्यक्ष उमाराज बास्तोला,नेपाल रेडक्रस कास्कीका अध्यक्ष उर्मिला खड्का,जिसस तनहुँका उप प्रमुख बासुदेब थापा गैर सरकारी संस्था महासंघ कास्कीका अध्यक्ष इन्दिरा पौडेल सहितले शुभकामना मन्तब्य व्यक्त गर्नुभएको थियो । सभाले आगामी बर्ष २०८३-८४ को बार्षिक नीति तथा कार्यक्रम समेत पारित गरेको छ । जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर

पौडेलको अध्यक्षतामा सम्पन्न सभामा स्वागत उप-प्रमुख सरिता माल र संचालन जिल्ला समन्वय अधिकारी नवराज बराललले गर्नुभएको थियो ।

## नवौ जिल्ला सभा २०८३/०८४ का नीति कार्यक्रम तथा निर्णयहरु:

**विकास कार्यमा समन्वय सम्बन्धी नीति**

१. **रणनीतिक आयोजना पहिचान र लगानीमा समन्वय गर्ने :** जिल्लाको गौरव तथा दुई वा सोभन्दा बढी गाउँपालिका र नगरपालिका बीचका रणनीतिक महत्त्वका आर्थिक, सामाजिक, प्रविधि, पूर्वाधार, बस्ती विकास, पर्यटन, र वातावरणीय क्षेत्रका आयोजनाहरूको पहिचान, अध्ययन, अनुसन्धान, प्रभाव मूल्याङ्कन तथा लगानीको रणनीतिक योजना तर्जुमा गर्न नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, गैरसरकारी क्षेत्र र निजी क्षेत्रबीच सेतुको रूपमा समन्वय गरिनेछ ।

२. **एकीकृत योजना प्रक्रिया र साझा कार्यप्रणाली:** संघीय वा प्रदेश सरकारी कार्यालय, स्थानीय तहहरू, जिल्लामा कार्यरत गैरसरकारी एवं सामुदायिक संघ-संस्थाहरू र जिल्लास्तरीय सञ्जालहरूबीच योजनाको दोहोरोपन हटाउन एकीकृत योजना प्रक्रिया र साझा कार्यप्रणाली अवलम्बन गर्न समन्वय र सहजिकरण गरिनेछ ।

३. **सन्तुलित र दिगो विकासको नियमन:** जिल्लाभित्रका प्राकृतिक स्रोत साधनको दिगो उपयोग, वातावरणीय प्रभाव मूल्याङ्कन, प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना र अन्तरपालिका कार्यक्रम सञ्चालनमा समन्वय गरिनेछ । विकास निर्माणका कार्यमा पर्यावरणीय सन्तुलन र प्रतिफल प्राप्त भए/नभएको विषयमा अनुगमन तथा समन्वय गरी नेपाल सरकार, प्रदेश सरकार र सम्बन्धित पालिकालाई सुझाव दिइनेछ ।

४. **असल अभ्यास प्रवर्द्धन:** अन्तर-गाउँपालिका/नगरपालिका वीच आयोजना संचालन सेवा प्रवाह तथा विकास व्यवस्थापनमा असल अभ्यासलाई प्रोत्साहन गरी असल अभ्यासहरूको प्रवर्द्धन तथा पालिकाहरूबीच सकारात्मक प्रतिस्पर्धालाई प्रोत्साहित गरिनेछ ।

**अनुगमन, नियमन तथा कार्यसम्पादन मापन नीति**

१. **डिजिटल अनुगमन प्रणाली:** विकास आयोजनाहरूको पारदर्शी र प्रभावकारी अनुगमनका लागि विद्युतीय प्रणालीमा आधारित '**जिल्ला अनुगमन विश्लेषण प्रणाली**' को स्थापना र सञ्चालन गर्न संघीय सरकार र प्रदेश सरकारलाई अनुरोध गरिनेछ ।

२. **तहगत योजना अनुगमन:** जिल्लाभित्र संघ र प्रदेश सरकारका विषयगत कार्यालयहरूबाट सञ्चालित योजनाहरू, दीगो विकास लक्ष्य (SDGs) प्राप्ति र सेवाको गुणस्तर अनुकूल भए/नभएको अनुगमन गरी सम्वद्ध निकायहरुमा सुझाव सहित प्रतिवेदन गरिनेछ।

३. **स्थानीय तह कार्यसम्पादन मापनः** गाउँपालिका र नगरपालिकाहरूले संवैधानिक तथा कानुनी परिपालना गरे/नगरेको, विकास योजनाको समयसीमा पालना, वित्तीय सुशासन, र पदाधिकारीहरूबीचको सुमधुर अन्तरसम्बन्ध कायम गरे नगरेको लगायतको विषयमा नियमित अनुगमन गरी आवश्यक सुझाव र निर्देशन दिनुका साथै स्थानीय तह स्वमूल्यांकन प्रणाली मार्फत स्थानीय तहहरुवाट सम्पादित काममा आवश्यक पृष्ठपोषण दिइनेछ ।

४. **गैरसरकारी संस्था (NGOs/INGOs) को नियमनः** जिल्लाभित्र कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाहरू र विषयक्षेत्रगत सञ्जालहरूका कार्यक्रमहरूको प्रभावकारिता र क्षेत्रीय सन्तुलनको स्थलगत अनुगमन गरी नियमन गरिनेछ ।

**अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी बनाउने नीतिहरु**

१. **दिगो विकास लक्ष्य (SDGs):** दिगो विकासका लक्ष्यहरू पूरा गर्न अब ५ वर्ष मात्र बाँकी रहेको हुँदा प्रगतिको सुक्ष्म सहजीकरण र अनुगमनलाई तीव्रता दिइनेछ ।

२. **जेष्ठ नागरिक र सामाजिक सुरक्षाः** जेष्ठ नागरिकहरूले भोगेका स्वास्थ्य बीमा, सामाजिक सुरक्षा, यातायात क्षेत्रका समस्या र वृद्धाश्रमका सवालहरूलाई सम्बोधन गर्न गैरसरकारी संस्था समेतको समन्वयमा प्रभावकारी अनुगमन प्रणाली स्थापना गरी सम्बन्धित निकायमा पहल गरिनेछ ।

**३. वातावरण संरक्षण र क्षेत्राधिकार विवाद समाधानः** वातावरण प्रदूषण नियन्त्रण, सिमसार क्षेत्रको संरक्षण, वन डडेलो नियन्त्रण, र **स्थानीय तह तथा अन्नपूर्ण संरक्षण क्षेत्र (ACAP) बीच देखिएको क्षेत्राधिकार विवाद** समाधान गर्न सम्बन्धित कार्यालयहरूसँग आवश्यक समन्वय तथा सहजिकरण गरी विवाद समधानमा पहल गरिने छ ।

**४. रुघ्ण आयोजना र नयाँ आयोजना:** पुराना आयोजनाहरू पूरा नगरी नयाँ आयोजना स्वीकृत नगर्न र बजेट नछुट्याउन संघ तथा प्रदेश सरकारलाई अनुरोध गरिनेछ भने रुग्ण तथा वजेट अभावमा अलपत्र परेका आयोजनाहरु संचालन गरी समयमै सम्पन्न गर्नका लागि संघीय सरकार प्रदेश सरकार र स्थानीय तहमा आवश्यक पहल गरिने छ ।

**व्यवस्थापन तथा पालिका साझेदारी सहजीकरण नीति**

लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग र प्रभावकारी सेवा प्रवाह सुनिश्चित गर्न जिल्ला सभामार्फत साझेदारी सम्झौता वा संयुक्त व्यवस्थापनमा देहायका कार्यहरू सञ्चालन गर्न सहजीकरण गरिनेछः

१. जिल्लास्तरीय यातायात सञ्चालन तथा व्यवस्थापन नीति, मापदण्ड र नियमन ।

२. सेवा प्रवाहमा सूचना प्रविधि तथा AI को प्रयोग ।

३. आधारभूत तथा माध्यमिक तहको प्राविधिक शिक्षाको सञ्चालन, प्रवर्द्धन र विकास ।

४. फोहोरमैला विसर्जन स्थल (Landfill Site) वा प्रशोधन प्रणालीको विकास र सञ्चालन ।

५. बृहत् पूर्वाधार निर्माण, ठूला मेसिन तथा औजार खरिद र व्यवस्थापन ।
६. बस्ती विकास, भूउपयोग योजना, र पर्यटन, प्रविधि तथा संस्कृतिको प्रवर्द्धन ।
७. दमकल तथा एम्बुलेन्स सेवाको एकीकृत सञ्चालन ।
८. जिल्लाभित्रका सबै पालिकामा सूचना पार्क निर्माण र आधुनिक सूचना प्रणालीको स्थापना ।

**प्रमुख निर्णय तथा कार्यक्रमहरू:**

नवौ जिल्ला सभावाट आ व ०८३।८४ को नीति तथा कार्यक्रम स्वीकृत गरी आ व ०८३/८४ मा निम्नानुसारका कार्यक्रमहरु गर्ने निर्णय गरियो

१. **अन्तरसंवाद कार्यक्रमको निरन्तरताः** 'जेष्ठ नागरिकसँग अन्तरसंवाद', 'बालबालिकासँग अन्तरसंवाद', उपभोक्ता समूह र नदीजन्य व्यवसायीहरूसँग अन्तरक्रिया कार्यक्रमहरूलाई निरन्तरता दिँदै आगामी वर्ष उद्योग, वाणिज्य, यातायात, पर्यटन र स्वास्थ्य क्षेत्रमा समेत अन्तरसंवाद सञ्चालन गर्ने
२. **नागरिक आरोग्य कार्यक्रमः** वैकल्पिक चिकित्सा पद्धति, आयुर्वेद र योगलाई पालिका हुँदै वडा स्तरसम्म पुऱ्याउन 'नागरिक आरोग्य जिल्ला समन्वय समिति' को भूमिकालाई प्रभावकारी बनाइनेछ । स्थानीय पाठ्यक्रममा यसलाई समावेश गरी विद्यालय स्तरमै कक्षा सञ्चालन गर्न स्थानीय तहलाई अनुरोध गरिनेछ ।
३. **मानवअधिकार मैत्री अनुगमनः** मानवअधिकारका समग्र विषयहरू कार्यान्वयन गर्ने निकायहरूका नीति, कार्यक्रम र बजेट मानवअधिकार मैत्री भए/नभएको सम्बन्धमा मानव अधिकार राष्ट्रिय कार्ययोजना निर्देशक समिति समेतको सहकार्यमा अनुगमन र समीक्षा गरेने व्यवस्था मिलाउने
४. **मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणः** मानव र वन्यजन्तु द्वन्द्वका विषयमा सुक्ष्म अध्ययन अनुसन्धान गरी पर्यावरणीय सन्तुलन (Eco System) कायम राख्न स्थानीय तहको भूमिकालाई प्रभावकारी वनाउन पहल गर्ने ।
५. **पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनः** पोखरालाई पर्यटकीय राजधानी घोषणा गरिएको परिप्रेक्ष्यमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा नियमित वाह्य तथा आन्तरिक उडानहरू सञ्चालन गर्न र सातै प्रदेशका राजधानीबाट नियमित हवाई उडान गराउन पहल र सहजीकरण गर्ने ।
६. **रणनीतिक पूर्वाधार सडक आयोजनाः** मध्यपहाडी पुष्पलाल लोकमार्ग, मुग्लिङ-पोखरा सडक खण्ड, कोत्रे-पोखरा निर्माणाधीन राजमार्ग, सिदार्थ राजमार्ग स्तरोन्नती र रुपाताल एकीकृत संरक्षण विकास परियोजनाका बाँकी कामहरू समयमै सम्पन्न गर्न सम्बन्धित निकायमा पहल गर्ने।
७. **शिक्षाको गुणस्तर र छात्रवृत्ति नियमनः** सार्वजनिक विद्यालयको कक्षा १२ सम्मको निःशुल्क शिक्षाको अवस्था र निजी विद्यालयहरूमा तोकिएको मापदण्ड बमोजिमको शुल्क एवं **कम्तीमा १०% अनिवार्य छात्रवृत्ति** लागू भए/नभएको अनुगमन गर्न शिक्षा विकास तथा समन्वय इकाइ

र स्थानीय तहसँगको समन्वयमा प्रभावकारी संयन्त्र गठन गर्न पहल गर्ने र नियमित अनुगमन व्यवस्था गर्ने ।

८. **विपद् व्यवस्थापन समन्वयः** विपद्वाट उत्पन्न हुन सक्ने जनधनको क्षति न्यूनीकरणका लागि पूर्वतयारी, खोज तथा उद्धार, राहत व्यवस्थापन र पुनर्निर्माणमा स्थानीय तहसँग समन्वय र सहयोग गर्ने विपद व्यवस्थापनका लागि पूर्वधार निर्माण आयोजना संचालन गर्दा कम्तिमा ५ प्रतिसत रकम विपद् व्यवस्थापनमा छुट्टाउन आवस्यक नीति तर्जुमाका लगि संघीय र प्रदेश सरकारलाई अअनुरोध गर्ने ।

९. . **जिसस मौज्दात कोष सञ्चालनः** आर्थिक वर्ष २०७४/०७५ सम्मको आयबापत जिल्ला विकास कोषमा जम्मा भएको मौज्दात रकमबाट 'जिल्ला समन्वय समिति मौज्दात कोष सञ्चालन निर्देशिका २०७५' बमोजिम स्थानीय तहसँग लागत साझेदारी गरी पूर्वाधार निर्माण र मर्मत सम्भारका कार्यक्रम सञ्चालन गरिने छ । जस अन्तरगत एक स्थानीय तहवाट वढिमा ३ वटा योजनाहरुमा मात्र लागत साझेदारी गर्ने र लागत साझेदारी गर्ने योजना सम्वन्धित स्थानीय तहको स्वीकृत वजेट भित्र जिसससंग लागत साझेदारीका लागि वजेट विनियोजन हुनु पर्ने छ ।

१०. **क्षमता विकास (Capacity Building):** स्थानीय तहका जनप्रतिनिधि, जिससका पदाधिकारी र कर्मचारीहरूको क्षमता विकासका कार्यक्रमहरू अगाडि वढाउने

११. . **नदीजन्य पदार्थ उत्खनन र १% प्रशासनिक शुल्कः** 'ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७' को पूर्ण पालना गराउने । मापदण्डको दफा ९(१४) बमोजिम जिल्ला अनुगमन समितिको प्रशासनिक र अनुगमन खर्चका लागि नदीजन्य र खानीजन्य पदार्थको बिक्रीबाट उठेको शुल्कको **१% रकम सम्बन्धित स्थानीय तहले जिससलाई उपलब्ध गराउनुपर्नेछ** भन्ने व्यवस्था अनुसार उक्त रकम जम्मा गर्न स्थानीय तहलाई अनुरोध गर्ने र विगत वर्षहरूको बाँकी बक्यौता रकम समेत यथाशीघ्र बुझाउन पहल गर्ने ।

१२. **गैर सरकारी संस्थाको अनुगमन र नियमनः** जिल्लाभित्र संचालित राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुको काम कारबाहीलाई प्रभावकारी रुपमा अनुगमन गर्ने, वार्षिक समीक्षा गर्ने, DAPC Meeting गर्ने कार्यलाई वस्तुनिष्ट मुल्याङ्कनका आधारमा अगाडी वढाउने

१३. उपरोक्त कार्यक्रमको कार्यान्वयन जिल्ला समन्वय समितिवाट कार्यान्वयन कार्ययोजना वनाइ कार्यान्वयन गर्ने र आवश्यक वजेट संघीय सरकारवाट विनियोजित वजेटको साथै जिल्ला समन्वय समितको आन्तरिक कोषवाट स्वीकृत कार्यविधी अनुसार वजेट वाडफांड गरि जिल्ला समन्वय समितिले खर्च गर्ने निर्णय गरियो ।

१४. साविक जिल्ला विकास समितिले ढुगां वालुवा ढुवानी समेतका ठेक्का संझौता गरिएका ठेकेदार तथा व्यवसायीले अझै पनि ठेक्का वापतको वक्यौता रकम र सोको वक्यौताको व्याज समेत नवुझाएको अवस्था रहि रहेको देखिएमा त्यस्ता ठेकेदारहरुले वांकी वक्यौता रकम आफ्नो

नागरिकताको प्रमाणपत्र, जग्गा धनी प्रमाणपूर्जा, कुन ठेक्का वा संझौता वापत के कति रकम हो सोको वुझाउनु पर्ने हिसाव किताव सहित लिखित निवेदन दिएमा वांकी वक्यौता रकम साविक जिल्ला विकास समितिले रकम वुझाउन आउन ताकेता गरेको अन्तिम पत्रको मितिमा उल्लेखित रकमवाट सरकारी व्याज रकम कायम गरी वक्यौता रकमको सावां व्याज रकम छैठौ जिल्ला सभाको निर्णय नं १५ को आधारमा २०८४ साल आषाढ मसान्त सम्म वुझाउन म्याद थप गरी सार्वजनिक सूचना जारी गर्ने ।

१५. संघीय तथा प्रदेश सरकारलाई निम्न विषयमा अनुरोध गर्ने निर्णय गरियो

**क) संघीय सरकारसँग गरिएका अनुरोधहरू:**

१. संविधानको धारा २२० बमोजिम जिल्ला समन्वय समितिको कार्यविस्तृतीकरण गरी स्पष्ट क्षेत्राधिकार र जिम्मेवारी तोक्नुपर्ने

२. 'अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन २०७४' को अनुसूची ४ संशोधन गरी प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँडमा जिल्ला समन्वय समितिका लागि स्थानीय तह सरह स्पष्ट प्रतिशत छुट्ट्याइनुपर्ने ।

३. प्राकृतिक स्रोत उपयोग र बाँडफाँडका सम्बन्धमा तहगत सरकारहरूबीचको अधिकार विवाद अन्त्य गर्न **प्रकृतिक स्रोत उपयोग तथा वांडफांड एकीकृत ऐन** निर्माण गर्नुपर्ने ।

४. योजनाहरूको गुणस्तर मापनका लागि जिससकै मातहतमा रहने गरी आवश्यक उपकरण र दक्ष जनशक्तिसहितको **प्रयोगशाला (Lab)** स्थापना गरिदिनुपर्ने ।

५. **नेपाल विद्युत प्राधिकरण सम्बन्धी:** कास्की जिल्लाका ग्रमिण क्षेत्रमा घर, खेतबारी नजिक रहेका नाङ्गो तारका कारण करेन्ट लागि मानवीय क्षति भइरहेकाले नाङ्गो तारको सट्टा तत्काल कभर तार (Insulated Wire) को व्यवस्थापन गर्न विद्युत प्राधिकरणसँग अनुरोध गर्ने ।

६. **स्थानीय तहको मूल्यांकन :** स्थानीय तह स्वमूल्यांकन मा जिल्ला समन्वयको भूमिका केवल पृष्ठपोषणकर्ता मात्र रहेको सन्दर्भमा जिल्लाका स्थानीय तहहरुको स्वमूल्यांकनमा जि स स ले अंक समेत प्रदान गर्ने र जि स स को पृष्ठपोषण अनिवार्यरुपमा समावेश गर्ने र नगरेमा अंक घट्ने प्रवन्ध गर्न अनुरोध गर्ने

७. गैर सरकारी संस्थाहरुको नियमन : जिल्ला भित्र संचालित गैरसरकारी संस्थाहरुको नियमन अधिकार सहित जिल्ला समन्वय समितिको अधिकार किटान गरी कानुनी व्यवस्था गर्न संघीय सरकारलाई अनुरोध गर्ने । अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुको जिल्ला स्तरमा संचालनहुने परियोजना स्वीकृतिमा जिल्ला समन्वय समितिको सिफारिस अनिवार्य गर्न समाजकल्याण परिषदलाई अनुरोध गर्ने ।

## ख) प्रदेश र स्थानीय तहसँग गरिएका अनुरोध निर्णयहरू:

**प्रदेश सभामा तथा प्रदेश सरकारलाई अनुरोध :**

१. जिल्ला समन्वय समितिको आफ्नो घर भाडा, जग्गाको आन्तरिक आम्दानी खर्च गर्न कोष खडा गरी खर्च गर्न पाउने कानुन (आन्तरिक आयको कोष खर्च सम्बन्धी ऐन) तत्काल बनाइदिनुपर्ने ।
२. प्रदेश अनुगमन तथा समन्वय ऐन बनाई जिल्ला समन्वय समितिको स्पष्ट अनुगमन भूमिका किटान गर्ने र प्रदेश स्तरीय पूर्वधार परीक्षण ल्याबको स्थापना गरिदिने ।
३. प्रत्येक वर्ष कम्तीमा प्रदेश सरकारले ५० लाख अनुगमन खर्च प्रत्येक जिल्ला समन्वय समिति लाई उपलब्ध गराउने र प्रदेशका योजना १ करोड भन्दा माथिको भुक्तानी दिँदा जिससको अनुगमन सिफारिस अनिवार्य लिने कानुनी व्यवस्था गर्नुपर्ने । योजना अनुगमनको क्रममा कैफियत देखिए जिल्ला समन्वय समितिको तर्फबाट अनुगमन सिफारिसमा भुक्तानी रोक्काको हुने कानुनी व्यवस्था गर्ने।
४. ढुंगा, गिट्टी, बालुवाको राजश्वको आम्दानीको ३% प्रशासनिक तथा अनुगमन खर्च जिससले पाउने कानुनी व्यवस्था गरिदिनुपर्ने ।
५. प्रदेश स्तरीय आयोजनाको वातावरणीय प्रभाव मुल्याङ्कन गर्ने जिम्मा जिससलाई दिनुपर्ने ।
६. प्रदेश माननीयको अध्यक्षतामा रहेको अनुगमन समितिलाई कानुनद्धारा नै थप प्रभावकारी बनाउनुपर्ने ।
७. वन क्षेत्रको पात-पतिङ्गरबाट प्राङ्गारिक मल बनाउन स्थानीय तहमा उद्योग स्थापना गर्न कृषि र वन मन्त्रालयसँग समन्वय गर्ने । पचभैया वन्यजन्तु उद्धार केन्द्रलाई सुदृढ गरी गण्डकी प्रदेश चिडियाघर निर्माण गर्न तथा मानव-वन्यजन्तु सह-अस्तित्व कायम गर्न प्रदेश सरकारलाई अनुरोध गर्ने ।

**प्रदेश र स्थानीय तहलाई अनुरोध :**

१. **अफरोड एम्बुलेन्स सेवाः** कास्कीको भूगोल अनुसार दुर्गम क्षेत्रहरूमा आपत्कालीन सेवाका लागि संघ, प्रदेश र स्थानीय तहको समन्वय एवं उपयुक्त संस्था वा अस्पतालसँग लागत साझेदारीमा 'अफरोड एम्बुलेन्स सेवा' सञ्चालन गर्न पालिकाहरूलाई अनुरोध गर्ने ।
२. **राजस्व दररेटमा एकरूपताः** ढुङ्गा, गिट्टी, बालुवा लगायतका नदीजन्य पदार्थको बिक्रीबापत आउने राजस्वको दररेट प्रदेश र स्थानीय तहमा फरक हुँदा ठेक्का व्यवस्थापनमा असर परेकाले दररेटको अनुपात मिलाउन प्रदेश सरकार र स्थानीय तहलाई अनुरोध गर्ने ।
३. **फेवाताल संरक्षणः** फेवाताल संरक्षित जलाधार क्षेत्र घोषणा भइसकेको सन्दर्भमा यसको व्यवस्थापन कार्ययोजना कार्यान्वयनका लागि स्पष्ट कानुनी क्षेत्राधिकार किटानी गर्न संघीय सरकारसँग अनुरोध गर्ने र फेवातालको दोहन र अतिक्रमण रोक्न तत्काल आवस्यक पहल कदमी लिन पोखरा महानगरपालिकालाई अनुरोध गर्ने

४. **गैसस (NGO) नवीकरणमा कडाइः** गैरसरकारी संस्थाहरूले आफ्नो नीति, कार्यक्रम, बजेट र प्रगति विवरण सहित जिल्ला परियोजना सल्लाहकार समिति (DPAC/DAC Meeting) को बैठकमा अनिवार्य वार्षिक समीक्षा पेस गरेपछि सोही आधारमा मात्र नवीकरण गर्ने व्यवस्था मिलाउन जिल्ला प्रशासन कार्यालय कास्की, गैसस महासंघ र समाज कल्याण परिषद्लाई अनुरोध गर्ने

५. **अधुरा योजनाको सम्पन्नताः** साविक जिल्ला विकास समितिले निर्माण सुरु गरेका तर सम्पन्न हुन नसकेका अधुरा योजनाहरू यस आ व भित्र आवस्यक वजेटस्थानीय तहसँग लागत साझेदारीमा मर्मत सम्भार र सम्पन्न गर्न प्रदेश सरकार तथा स्थानीय तहलाई अनुरोध गर्ने

६. **सडक सरसफाइ तथा स्वच्छता :** प्रदेश र स्थानीय तहवाट निर्माण सम्पन्न भएका सडकहरुको नियमित सरसफाइ तथा रंगरोगन गर्न र सरसफाइ कर्मचारी Length Worker राख्ने व्यवस्था प्रदेश र स्थानीय तहले मिलाउने ।

**संघ, प्रदेश र स्थानीय तहलाई अनुरोध :**

१. विधुतीय सूचना प्रविधि तथा AI को प्रयोगलाई वढवा दिइ सार्वजनकि सेवा प्रवाहलाई चुस्त दुरुस्त र प्रभावकारी वनाउन आफु मातहतका सवै कार्यालयहरुलाई निर्देशन गर्न अनुरोध गर्ने

२. वढी भिडभाड हुने सेवा प्रदायक निकायहरु भूमि प्रशासन, जिल्ला प्रशासन, यातायात, वडा कार्यालयहरुका सेवा हरुमा जनताको सहज पहूच स्थापति गर्न र सेवा प्रवाहलाई छिटो छरितो वनाउन विधुतीय / अनलाईन सेवालाई प्राथमिकता दिन र मोवाइ एप / घुम्ती सेवा जस्ता कार्य मार्फत सेवा प्रवाह गर्ने व्यवस्था गर्न सम्वद्ध निकायहरुलाई अनुरोध गर्ने

३. सार्वजनिक पदाधिकारीहरुलाई जवाफदेही वनाउन नियमिति सार्वजनिक सुनुवाइ, प्रभावकारी गुनासो सुनुवाइ प्रवन्ध, खर्च सार्वजनिकरण, आयोजनाहरुको जनलेखा परीक्षण गर्ने व्यवस्थाका लागि संघ प्रदेश र स्थानीय तह अन्तरगतका निकायहरुलाई अनुरोध गर्ने ।

४. विकास निर्माणका कार्यहरुलाई समयमा सम्पन्न गर्न र गुणस्तरीय निर्माण सुनिश्चितताको लागि नियमिमित अनुगमन र गुणस्तर परीक्षणको प्रवन्ध गर्न सम्वद्ध निकायलाई अनुरोध गर्ने

५. नेपाल सरकारले घोषणा गरेको भिजिट नेपाल २०८५ वाट लाभ लिन एकिकृत पर्यटन डिजिटल प्लेटफर्म मार्फत प्रचार प्रसार गर्ने कार्यलाई प्रोत्साहन गर्ने

६. पूर्वधार तर्फ अधुरा आयोजनाहरुलाई छिटो सम्पन्न गर्न र अधुरा आयोजनहरु पुरा भएपछि मात्र नयां योजनाहरुको DPR स्वीकृत गरी योजना वैंक मार्फत आयोजना संचान र वजेट विनियोजन गर्न तीन तहका सरकारलाई अनुरोध गर्ने

७. छरिएका रहने वस्तीलाई एकिकृत गर्न र  वसाइसराइलाई निरुत्साहित गर्न घना वस्ती र सहर उन्मुख क्षेत्रहरुमा वस्ती विकासको लागि एकिकृत कार्यक्रम तर्जुमा गर्न तीन तहका सरकारलाई अनुरोध गर्ने

८. वन्यजन्तुवाट हुने सवै प्रकारका रहात वितरण र विमा कार्यक्रमलाई निरन्तरता सहित थप प्रभावकारी र छिटो रहात पाउने वनाउन तीन तहका सरकारलाई अनुरोध गर्ने

९. नेपाल आरोग्य वर्ष २०२७ अन्तरगत योग ध्यान र मानव स्वास्थ्य प्रवर्दन कार्यक्रम अगाडी वढाउन तीनै तहका सरकारलाई अनुरोध गर्ने ।

१०. मानव स्वास्थ्य र पोषण सुरक्षका लागि स्थानीय तहसंगको सहकार्यमा एक पालिका एक अर्गानिक रैथानेवाली उत्पादन गर्नका लगि प्रदेश र स्थानीय सरकारलाई अनुरोध गर्ने ।

११. पञ्चासे संरक्षित वन लगायत कास्की जिल्लाका अन्य क्षेत्रमा रहेका जडिवुटी तथा वनस्पटिहरुको संरक्षण र सम्वर्द्धन गर्दै जडिवुटीवाट औषधीजन्य पदार्थको उत्पादन परीक्षण र उपभोग गर्ने नीति तथा कार्यक्रम अगाडी वढाउन तिनै तहका सरकारसंग अनुरोध गर्ने ।

१२. कास्की जिल्ला भित्र रहेका खानी तथा भू गर्भ विभागवाट खोजतलास, उत्खनन, अनुमतिपत्र लिएका साधरण निर्माणमुखी खनिज पदार्थको खानी संचालक व्यक्ति, कम्पनीहरुको स्वीकृत तथ्यांक लिइ अनुमति प्रदान भएको समेतको गतिविधी र अनाधिकृत उत्खनन चोरी निकासीको प्रभावकारी अनुगमन गर्ने र सो कार्य गर्ने गराउन सवै स्थानीय तहलाई अनुरोध गर्ने ।

१३. स्थानीय तहहरुले वनाएका कानूनहरु आवश्यकता र मागको आधारमा पुनरावलोकन गर्न स्थानीय तहलाइ अनुरोध गर्ने र सो कार्यमा जि स स ले सहजिकरण गर्ने ।

१४. मानसिक रोगीहरुको संख्या दिनानुदिन वढ्दै गैरहेको सन्दर्भमा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा मानसिक रोगीहरुको उपचारका लागि वेड थप गर्न र निशुल्क औषधीको सहज उपलव्धता प्रवन्ध गर्न संघीय सरकारलाइ अनुरोध गर्ने ।

१५. कास्की जिल्ला भित्रका सवै वनक्षेत्रमा तिजु, दमौरा, गिठ्ठा भ्याकूर, जंगली केरा, वर, पिपल, स्वामी जस्ता वोट विरुवाहरुको वृक्षारोपण कार्यालाइ तिव्रता दिन प्रदेश सरकारलाइ अनुरोध गर्ने ।

यतिवेला तीनै तहको सरककारको प्रतिनिधित्व गरी  विकास समन्वय सहजीकरण अनुगमन जस्ता कार्यभार सुम्पिएको राजनितिक इकाइको रुपमा रहेको जनप्रतिनिधिमुलक संस्था जिल्ला समन्वय समिति माथि अनेक वाहानामा विभिन्न कोणवाट प्रश्न उठाउने काम भएको छ । प्रत्येक जिल्ला वासीको भौगोलिक पहिचानसंग जोडिएको जिल्लाको चिनारी वा अस्तित्वलाइ कमजोर वनाउने जन प्रतिनिधीहरुलाइ निरुत्साहित गर्ने कार्य प्रति खेद व्यक्त  गर्दै संविधान संसोधनका समयमा जिससको भूमिकालाइ अझै थप प्रभावकारी वनाउन, नेपाल सरकार कार्य विस्तृतीकरण प्रतिवेदन पुनरावलोकन गर्दा जिल्ला समन्वय समिति महासंघको प्रतिनिधित्वको व्यवस्था अनिवार्य वनाउन, अधिकार कर्तव्य र कार्यलाइ अझ स्पष्ट पार्न, समन्वयकारी भूमिकालाइ सुदृढ गर्न, अनुगमन तथा मूल्यांकन कार्यलाइ व्यवस्थित

वनाउन, विवाद समाधान संयन्त्रका रुपममा विकास गर्न, कानूनी आधार सहित भूमिका दिइ योजना तथा विकास समन्वय केन्द्र वनाउन, जिल्ला तथ्यांक तथा सूचना केन्द्र स्थापना गर्न नियमित क्षमता अभिवृद्धि कार्यक्रम, भ्रष्टाचार रहित समाज सिर्जाना गर्न, सुशासन र जवाफदेहिताको प्रवर्द्धन गर्न, ठूला योजनामा सार्वजनिक सुनाइ साथै सामाजिक परीक्षणको कार्य गरी सुशासनमा सहयोग पुर्याउन संघीय संसदका सदस्यहरुलाइ जिल्लामा रहेका विकास निर्माण तथा समस्याका वारेमा छलफल र सूचना प्रवाहका लागि जिल्ला समन्वय समितिमा मुख्य सम्पर्क कार्यालय स्थापना गर्न साथै संघ प्रदेश र स्थानीय तह वीचको प्रभावकारी पुल, विकास समन्वयकर्ता र अनुगमनकारी संस्थाकारुपमा थप सुदृढ गर्ने गरी संविधान संसोधन गर्न जिल्ला समन्वय समिति कास्कीको नवौं जिल्ला सभाले जोडदार माग गर्दछ ।

## ४.९ समिक्षा तथा अनुभव आदान प्रदान कार्यक्रम

### **४.९.१ कास्की जिल्लामा स्थानीय तहको असल अभ्यास अनुभव आदान प्रदान कार्यक्रम :**

- ✓ २०८२ भाद्र ५ गते बिहीबार जिल्ला समन्वय समिति कास्कीको आयोजनामा कास्कीका पालिकाहरू संग असल अभ्यास बिषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। कास्की जिल्लाका पालिकाहरुका प्रमुख/अध्यक्ष, उपप्रमुख/ उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, जिल्ला समन्वय समितिका पदाधिकारी ,कास्कीका प्रमुख जिल्ला अधिकारी, प्रदेश नीति आयोगका सदस्य, गै स स का प्रतिनिधिहरु लगायतका ४० जना को सहभागितामा भएको उक्तकार्यक्रमको जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले उद्घाटन गर्नु भएको थियो। कास्कीका ५ वटै पालिकाहरुले गरेका असल अभ्यासहरु तथा अनुभवहरु प्रस्तुत भएको उक्त कार्यक्रममा जि.स.स. प्रमुख लिलाधर पौडेलले कार्य सम्पादन र बिकास निर्माणका असल अभ्यास आदान प्रदान सहित समस्याहरूको निराकरण र प्रभाबकारी समन्वयका निम्ति कार्यक्रम आयोजना गरिएको उल्लेख गर्दै आपसी अनुभव आदान प्रदानले प्रभाबकारी कार्यसम्पादनको स्तर वृद्धिमा सहयोग गर्ने उल्लेख गर्नुभयो। पौडेलले सबै पालिकाहरूले आन्तरिक नियन्त्रण प्रणाली निर्माण गरेर जनउत्तरदायी र जबाफदेही सेवा प्रबाहमा केन्द्रित हुनुपर्ने उल्लेख गर्दै पारदर्शी र प्रभाबकारी दिगो बिकासमा लाग्न अनुरोध गर्नुभयो ।कार्यक्रममा पोखरा महानगर पालिकाका प्रमुख धनराज आचार्य,अन्नपूर्ण गाउँपालिकाका उप प्रमुख चन्द्रकला अधिकारी,कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रादेबी शर्मा, गैर सरकारी संस्था महासंघ कास्कीका सचिब केशु भुजेल सहितले आ -आफ्नो धारणा प्रस्तुत गर्नुभएको थियो। जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा स्वागत उप प्रमुख सरिता माल र कार्यक्रम संचालन जिल्ला समन्वय अधिकारी नवराज बरालले गर्नुभएको थियो ।

### ४.९.२ वार्षिक समिक्षा :

✓ मिति २०८२/८/२ गते जिल्ला समन्वय समितिका प्रमुख श्री लिलाधर पौडेलज्यूको संयोजकत्वमा जिल्ला का विकास निर्माण सम्वद्ध कार्यालयका कार्यालयका कार्यालय प्रमुख तथा अन्य सरोकारवालाहरुको उपस्थितिमा विकास निर्माण र सेवा प्रवाह सम्वन्धि कार्यालयहरुको वार्षिक समिक्षा कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रममा कास्की जिल्लामा विकास निर्माण सम्वद्ध कार्यालयहरुवाट भए गरेका कार्यको समिक्षा तथा देखिएका समस्याका वारेमा छलफल भएको थियो ।

**समिक्षामा उठान भएका प्रमुख सवाल तथा समस्याहरु :**

- संघीय सरकारको वजेट रोक्काहुदां योजना कार्यान्वयनमा समस्या हुनु
- प्रादेशिक अस्पतालको सेवा प्रभाह प्रभावकारी नहुदा विरामीहरु घण्टौ सम्म लाइनमा वस्न वाध्य हुनु
- पोखरामा वितरण भएको खानेपानीको गुणस्तर कमजोर रहनु
- कृषि आधुनिकीकरण परियोजना लागायतका परियोजना तथा संघीय इकाइहरुले कार्यक्रम संचालन गर्दा स्थानीय तह संग समन्वय नगरी कार्यक्रम संचालन गर्नु
- ठेक्का लागाइएका वहूवर्षिय योजनाहरुमा वजेट विनयोजन नहुदा अलपत्र अवस्थामा रहनु
- निकायगत समन्वय जस्तै वन, सडक, विधुत, खानेपानी लगायतको समन्वय नहूदा कार्यक्रममा दोहोरोपना र पूर्वाधारको गुणस्तर ह्रास हुनु ।

**समिक्षामा भएका निर्णयहरु :**

१. संघीय सरकारले विनियोजित गरेको योजनाको रकम रोक्का रही स्वीकृत योजना कार्यान्वयनमा नआउने भनी भइरहेको जानकारीले आम उपभोक्ता र नागरिकमा गुनासो बढेकोले आ.ब.२०८२/०८३ मा स्वीकृत भएका योजना यथाशिघ्र खुलाई बजेट व्यवस्थापन गर्न संघीय सरकार अर्थमन्त्रालयमा र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश सरकारलाई अनुरोध गर्ने ।

२. प्रादेशिक अस्पतालको सेवा प्रवाह गुणस्तर, चुस्त दुरुस्त नभै बिरामीको उपचारमा समेत गम्भिर लापरवाही भैरहेको गुनासो आएकोले प्रदेश सरकारले पूर्वाधार निर्माण, आवश्यक उपकरण र दक्ष जनशक्तीको व्यवस्था गरेर मात्र सेवा प्रवाह र थप सेवा CCU/ICU समेतको व्यवस्था गरी गुनासो रहीत सेवा बनाउन मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालयलाई लेखी पठाउने ।

३. पोखरामा वितरण भैरहेको खानेपानीको गुणस्तर समय समयमै अनुगमन तथा परिक्षण गरी पिउन योग्य पानी मात्रै वितरण गर्ने र पानी वितरणको कार्यतालिका डिजिटलाईट गरी सार्वजनिक गर्न नेपाल खानेपानी संस्थान पोखरामा लेखी पठाउने ।

४. कृषि विकास कार्यालय, राष्ट्रिय कृषि आधुनिकिकरण परियोजनाद्वारा समेत संचालित कार्यक्रमहरु पालिका(स्थानीय तह) मार्फत वडा कार्यालयमा पुग्ने संयन्त्रको विकास गरी सोही अनुसार गर्ने सम्बन्धीत कार्यालयहरुमा लेखी पठाउने ।

५. विकास योजनाहरु कार्यान्वयन गर्ने गराउने कार्यमा नेपाल टेलिकम, विद्युत प्राधिकरण, डिभिजन वन, खानेपानी लगायतका निकायहरुसँग निरन्तर समन्वय गर्नु पर्ने भएकोले सरोकारवालाहरु निकायहरुको प्रतिनिधित्व रहने गरी समन्वय गर्ने संयन्त्रको व्यवस्थापन गर्ने ।

६. ठेक्का लगाइएका बहुवर्षिय योजनाहरुको काम समयमै सम्पन्न हुन नसकी अलपत्र अवस्थामा रही रहेको र ठेक्का सम्झौता भएको ८/८ वर्ष सम्म पनि योजना सम्पन्न नभएकोमा व्यापक जनगुनासो आइरहेको छ । यसले गर्दा विकास निर्माणमा ठूलो अवरोध हुनाको साथै सुशासन प्रति जनताको विश्वास नभएकोले तोकिएको समयमै योजना सम्पन्न गर्न गराउन संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहलाई अनुरोध गरी लेखी पठाउने ।

७. शुरु भै सम्पन्न नभएका क्रमागत योजनाहरु सम्पन्न गरेपछि मात्रै नयाँ योजना स्वीकृत गर्न सो गर्नु भन्दा अगाडी अनिवार्य रुपमा DPR सम्भाव्यता अध्ययन गरेर मात्रै योजनामा समावेश गर्न राष्ट्रिय योजना आयोग, प्रदेश नीति तथा योजना आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्राकृतिक स्रोत तथा वित्त आयोग र प्रदेश सरकार समक्ष लेखी पठाउने ।

## ४.९.३ गैर सरकारी संस्थाहरुको वार्षिक समिक्षा :

✓ २०८२/८/१० गते मा जि.स.स. प्रमुख श्री लिलाधर पौडेलज्यूको अध्यक्षतामा ७१ जना भन्दा वढि सहभागीहरुको सहभागितामा गैर सरकारी संस्थाहरुको वार्षिक समिक्षा कार्यक्रम सम्पन्न भएको। उक्त कार्यक्रममा २५ भन्दा वढि गैर सरकारी संस्थाहरुले आफुले आ व ०८१/८२ मा कास्की जिल्लामा संचालन गरेका गतिविधीहरुको कार्यप्रगति पेश गरेका थिए ।

**समिक्षामा उठान भएका सवाल तथा समस्याहरु :**

- गैर सरकारी संस्थाका कार्यक्रमहरु पारदर्शी नभएको ।
- गैर सरकारी संस्थाहरुले परियोजना पूर्व स्वीकृति नै नलिइ कार्यक्रम संचालन गर्ने गरेको ।
- गैर सरकारी संस्थाहरुको कार्यक्रम २ वा सो भन्दा वढी पालिका वा जिल्लामा संचालन गर्नु पूर्व जिल्ला समन्वय समितिसंग परियोजना संझौता तथा परियोजना सल्लाहकार समितिको वैठकमा प्रस्तुती गर्नु पर्नेमा स्थानीय तहमा मात्र गर्ने गरेको ।
- गै स स ले कार्यक्रम संचालन गर्दा कुल लागतको २० प्रतिसत भन्दा वढि प्रशासनिक खर्च गर्न नपाउने कानूनी प्रवन्धको कडाईका साथ लागू नगरेको ।

- समाज कल्याण परिषदको प्रादेशिक कार्यालय नहूदा सानो कामका लागि समेत काठमाडौ धाउनु पर्ने अवस्था रहेको ।

**भएका निर्णयहरु :**

१. जिल्लाभित्र संचालित राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुले अनिवार्य रुपमा जिल्ला परियोजना सल्लाहकार समितिको वैठकमा आफ्ना नीति, कार्यक्रम, बजेट पेश गरी स्वीकृत गर्ने गराउने ।

२. जिल्ला परियोजना सल्लाहकार समितिको वैठकबाट स्वीकृती लिएपछिमात्र जिल्ला प्रशासन कार्यालय र समाज कल्याण परिषद् मा नविकरण गर्ने र सहमती लिने व्यवस्था मिलाउने ।

३. संस्थाको वार्षिक नीति कार्यक्रम बजेट कार्यान्वयन गर्न गराउन स्थानीय तहसँग समन्वय बढाउन गैसस महासंघ मार्फत सबै संस्थामा लेखी पठाउने ।

४. प्रविधीयुक्त प्रशासनलाई जोड दिइ हरेक निकायमा संस्थाको तर्फबाट Hardcopy नैं पेश गर्ने प्रचलन हटाई इमेलको Soft Copy लाई मान्यता दिन नियमनकारी निकायमा लेखी पठाउने ।

५. कृषि तथा वनसँग सम्बन्धित संस्थाहरुले कृषकलाई बिमा नीति, वन डढेलो नियन्त्रण, प्राङ्गारिक मलको उपयोग सम्बन्धी जनचेतना फैलाउने कार्यक्रम अगाडी बढाउने ।

६. प्रशासनिक खर्चमा बढी बजेट छुट्याउने परम्पराको अन्त्य गरी मापदण्डभित्र रही प्रशासनिक खर्च संचालन गर्ने, जगेडा कोष, विपद् कोष तथा राहत कोषमा कम्तीमा कुल बजेटको ५%, ५% रकम जम्मा गरी रहने व्यवस्था मिलाउन लेखी पठाउने ।

७. दीगो विकासका राष्ट्रिय लक्ष्यहरु, सोह्रौ योजनाको उद्देश्य, लक्ष्य र रणनीति कार्यक्रमलाई टेवा पुऱ्याउने हिसाबले संस्थाहरुले आफ्ना वार्षिक कार्यक्रम तय गर्ने गराउने ।

८. सुशासनलाई ध्यानमा दिई पारदर्शिता कायम गर्दै जनताले अनुभूति हुने गरी आफ्ना नीति, कार्यक्रम, कार्यान्वयन गर्न गराउन संस्थाहरुलाई लेखी पठाउने ।

९. संस्थाहरुले कार्यक्षेत्र परिवर्तन गर्दा नयाँ कार्यक्रमहरु तय गर्दा जिल्ला परियोजना सल्लाहकार समितिको बैठकबाट स्वीकृती पाएपछि मात्र गर्ने गराउने व्यवस्था मिलाउने ।

१०. समाज कल्याण परिषद्बाट हुने काम कारबाही प्रदेश स्तरमा नै हुन गण्डकी प्रदेशको सदरमुकाम कास्कीमा सम्पर्क कार्यालय राख्न समाज कल्याण परिषद्मा लेखी पठाउने

## ४.९.४ अर्ध वार्षिक वार्षिक समिक्षा :

✓ **२०८२ माघ २८ गते** जिल्ला समन्वय समिति कास्कीले कास्कीमा रहेका बिकास निर्माण सम्बद्ध कार्यालयहरूको चालु आर्थिक बर्ष २०८२-८३ को **अर्धबार्षिक समिक्षा सम्पन्न** गरेको छ । कार्यक्रमको जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले उदघाटन गर्नुभएको थियो । उक्त कार्यक्रममा स्थानीय पूर्वाधार बिकास आयोजना कार्यालय मुग्लिंग पोखरा सडक आयोजना

पश्चिम खण्ड संघिय आयोजना कार्यान्वयन इकाई सडक डिभिजन कार्यालय ,खानेपानी तथा ढल ब्यबस्थापन कार्यालय सिंचाई तथा जलस्रोत ब्यबस्थापन आयोजना, डिभिजन बन कार्यालय,जलस्रोत तथा सिंचाई बिकास कार्यालय कास्की पूर्वाधार बिकास कार्यालय गण्डकी ,नेपाल बिद्युत प्राधिकरण पोखरा वितरण केन्द्र ,नेपाल टेलिकम ,पोखरा शहरी बिकास तथा भवन कार्यालय, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय ,पूल सेक्टर लगायतका १५ वटा कार्यालयले ले आफ्नो कार्यालयको कार्य प्रगतिको समिक्षा विवरण पेश गरेका थिए ।

**उठान भएका सवाल र समस्याहरु :**

- वजेटको स्रोत सुनिश्चितता नहूदा ठेक्का लगाउन समस्या,
- जग्गा विवादले गर्दा आयोजना सुरुगर्न कठिनाइ,
- वन डढेलोको समस्या,
- आयोजनाहरु समयमा सम्पन्न गर्न कठिनाइ हुनु ।

**अर्धवार्षिक समिक्षाका निर्णयहरु :**

१.स्वीकृत योजनाको स्रोत सुनिश्चितता र भुक्तानी समयमा हुनुपर्ने ।

२.साइट क्लियर तथा जग्गा विवादको टुंगो लागेपछि योजना सुरु गर्नुपर्ने ।

३.रुग्ण आयोजनाको ठेक्का तोड्ने प्रक्रिया अघि बढाउँदा, निर्माण व्यवसायी/कम्पनीलाई छनोट गर्ने र आवश्यक रकमको व्यवस्था गरी नयाँ प्रक्रिया तत्कालै सुरु गर्नु पर्ने

४.प्रदेश सरकार तथा स्थानीय तहका क्षेत्राधिकार भित्र परेका राजमार्ग, सहायक मार्ग तथा सडकहरुमा सडक सरसफाई कर्मचारी (Length Worker) सम्बन्धित कार्यालयहरुले तत्कालै गर्ने व्यवस्था मिलाई नियमित सरसफाई, विपद व्यवस्थापनमा सहयोग र सूचना सम्पर्क व्यक्तिको रुपमा समेत काममा लगाउने।

५.सडक सरसफाई गर्ने कर्मचारीहरुलाई आगलागी/वन डढेलो हुन गर्न नदिन आवश्यक तालिम र प्रशिक्षण दिने।

६.आयोजना तोकिएको सम्झौताको म्याद भित्रै सम्पन्न हुन नसकेमा समयमै बढ्ने लागतले निर्माण कार्यमा आर्थिक भार हुँदा निरन्तर अनुगमन र रिपोर्टिङ गर्नुपर्ने।

७.आ.व २०८२/८३ का योजनाहरु समयमै सम्पन्न गर्न सरोकारवाला निकायहरुले कार्यतालिका बनाई कार्यान्वयन, अनुगमनलाई थप प्रभावकारी बनाई पूँजीगत खर्च वृद्धि गर्नुपर्ने। विनियोजित बजेट फ्रिज हुन नदिन सचेत र सजग रहने।

८.सम्भाव्यता अध्ययन वेगर योजनाहरु समावेश गर्न नहुने।

## ५. आम्दानी खर्चको विवरण (आ व २०८२/०८३ वार्षिक)

| **खर्च शीर्षक (व उ शी नं ३६५००१०५३)** | **आम्दानी** | **खर्च** | **वांकी रु.** |
|---|---|---|---|
| पारिश्रमिक कर्मचारी पारिश्रमिक तथा पदाधिकारी सेवा सुविधा | १०४०००००/- | ९८७४५९९।३४ | ५२५४००।६६ |
| निजी सचिवालय कर्मचारी पारिश्रमिक | ४६२०००/- | ३४५७२३/- | ११६२७७/- |
| पानी विजुली संचार अन्य अनिवार्य दायित्व खर्च | ३३०००००/- | ३२८५१४९.८७ | १४८५०।१३ |
| कार्यक्रम खर्च | ६०००००/- | ५४२३९६/- | ५७६०४/- |
| अनुगमन भ्रमण खर्च | १००००००/- | ९९७५२५/- | २४७५/- |
| **जम्मा रु** | **१,५७,६२,०००।००** | **१,५०,४५,३९३।२१** | **७,१६,६०६।७९** |
| सामाजिक विकास कार्यक्रम (व उ शी नं ३४०००१०२३) | ५०,०००/- | ५०,०००/- | ०.०० |
| सेवा निवृत्त कर्मचारी संचित विदा रकम (व उ शि नं ६०१०००१३३) | ८,७०,६२८/- | ८,७०,६२८/- | ०.०० |
| सेवा निवृत्त कर्मचारी औषधी उपचार खर्च (व उ शि नं ६०१०००१६३) | १०,००,२९६/- | १०,००,२९६/- | ०.०० |
| प्रदेश सरकार स-सर्त अनुदान (व उ शि नं ३०१०००११३) | १०,००,०००/- | ९,९०,०६३/- | ९,९३७/- |

**आन्तरिक तर्फ**

| **आम्दानी गत आ व को अल्या** | **यस आ व को यस महिना सम्मको** | **जम्मा आम्दानी** | **जम्मा खर्च** | **वांकी रु** |
|---|---|---|---|---|
| १४,६३,७३,६३७।०६ | ९६,९९,०३०/- | १५,६०,७२,६६७।०६ | ५,०१,४९,०४३/- | १०,५९,२३,६२४।०६ |

## ६. जिल्ला समन्वय समितिले काम गर्दा देखीएका समस्या र चुनौतिहरु :

- ✓ प्रदेश सरकारले बनाउनु पर्ने जिल्ला समन्वय समिति सम्बन्धी कानूनहरू नबनाउनु,
- ✓ प्राकृतिक स्रोत उपयोग तथा बाँडफाँड सम्बन्धी संघीय कानून नहुँदा कार्य सम्पादनमा कठिनाइ हुनु,
- ✓ पर्याप्त स्रोत साधन विनियोजन नहुँदा प्राप्त कार्य जिम्मेवारी सम्पादन गर्न कठिन हुनु,
- ✓ प्रदेश सरकारबाट अनुगमन कार्यका लागि पर्याप्त बजेट विनियोजन नगर्नु र विनियोजन भएको रकम समेत समयमा निकासा नहुदा कार्य सम्पादनमा कठिनाइ हुनु (आ व ०८२/८३ मा रु १० लाख २०८३ आषाढ मा मात्र वजेट निकासा भएको )
- ✓ भौतिक पूर्वाधारको वस्तुनिष्ठ अनुगमन गर्नका लागि आफ्नो छुट्टै गुणस्तर परीक्षण ल्याब नहुनु,
- ✓ प्राकृतिक स्रोत ढुंगा, गिट्टी, बालुवा बिक्रीवितरणबाट प्राप्त राजस्व बाँडफाँड गर्दा जिल्ला समन्वय समितिलाई बाँडफाँड नगर्नु र पालिकाबाट प्रशासनिक खर्च पनि नदिनु, (आ व ०८२/८३ मा मादी गांउपालिका वाहेक अरुले जम्मा नगरेको )

- ✓ योजना अनुगमनबाट दिइएका निर्देशनहरूको कार्यान्वयन पक्ष फितलो देखिनु, पालिकाहरू निर्देशन कार्यान्वयनमा उदासीन हुनु।
- ✓ जिल्ला समन्वय समितिलाई अनुगमन निर्देशनमा दण्डनीय अधिकार नहुँदा कार्य गर्न असहज हुनु,
- ✓ विषयगत कार्यालय तथा स्थानीय तहहरूले जिल्ला समन्वय समितिमा समयमा कार्य प्रगति प्रतिवेदन पेश नगर्नु तथा माग भएका विवरणहरू समयमा उपलब्ध नगराउनु,
- ✓ सवारी साधन व्यवस्था नहुनु, जिल्ला समन्वय समिति कास्कीमा जेन्जी आन्दोलनको क्रममा ११ दुइपाग्रे र २ गोटा चार पांग्रे सवारी साधन जलि नष्ट भएको हाल सवारी साधनको अभावमा नियमित अनुगमन गर्न कठिनाइ भएको ।
- ✓ जेन्जी आन्दोलनका क्रममा क्षति भै नष्ट भएका भौतिक समाग्री तथा सवारी साधन मिनाहाका लागि जिल्ला स्तरीय सिफारिस समितिवाट मिनाहा सिफारिस भै संघीय मामिला मन्त्रालयमा पठाइएको तर हाल सम्म पनि मिनाहा निर्णय भै नाएकोले जिन्सी स्रेस्तावाट कटाउन नसकिएको र जलेका सावारी पत्रुहरु लिलाम गर्न नसकिदा कार्यालयमा थुप्री वसेको
- ✓ कार्यालय भवन जीर्ण अवस्थामा रहेको भवनको छत चुहिने अवस्थामा रहनु मर्मत तथा नयाँ भवन निर्माण गर्न बजेट विनियोजन नहुनु,
- ✓ संघीय केन्द्रीय निकाय तथा कार्यालय, प्रदेश सरकार तथा कार्यालयहरू र स्थानीय तहबाट सम्पादन हुने काम कारबाही तथा कार्यक्रम बारेमा जिल्ला समन्वय समितिलाई जानकारी नदिने तथा समावेश नगराउने प्रवृत्ति विद्यमान हुनु।
- ✓ प्रदेश, संघ र स्थानीय तहले संचालन गरेका योजना, कार्यक्रम, आयोजनाको वितरण जिससमा उपलब्ध नगराईदाँ अनुगमन र समन्वयमा कठिनाई परेको ।

- ✓ कतिपय स्थानमा संघ, प्रदेश र स्थानीय तहका योजना वीच दोहोरोपन देखिएको साथै संघीय सरकारले साना साना योजना र थोरै रकम छुट्याउने प्रवृती देखिनु
- ✓ प्रदेश समन्वय परिषदमा जिसस प्रमुखको उपस्थिति र भूमिका कमजोर बनाइनु ।
- ✓ स्थानीय सरकार संचालन ऐनको दफा ९५ कार्यान्वयन नआउनु (जिल्लामा रहेका नेपाल सरकार तथा प्रदेश सरकारका कार्यालयहरुले जिल्ला समन्वय समितिसँग समन्वय गरी कार्य गर्नुपर्नेछ भन्ने व्यवस्था अनुसार कार्य नहुनु) ।
- ✓ जि.स.स को भूमिकामा वुझाइमा एकरुपता नहुनु , समय समयमा फरक फरक धारणा सार्वजनिक हुनु ।

# अनुसूची १

जिल्ला समन्वय समितिको कार्यालय, कास्की

**महिला वालवालिका लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय सम्वद्ध**

## स्थानीय तहको सामाजिक विकास कार्यक्रम अनुगमन प्रतिवेदन, २०८३

प्रतिवेदन गरिएको मन्त्रालय

## महिला, वालवालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरवार काठमाडौ

# खण्ड क

१. कार्यालयको स्वरुप र प्रकृति :

नेपालको संविधानले जिल्ला भित्ररहेका गांउपालिका तथा नगरपालिकाबीच समन्वय गर्न विकास निर्माण कार्यमा सन्तुलन कायम गर्न अनुगमन गर्ने तथा जिल्ला भित्र रहेका संघ प्रदेश का सरकारी कार्यालय र स्थानीय तहहरुबीच समन्वय कायम गर्ने कार्य जिम्मेवारीका साथ जिल्ला समन्य समितिको व्यवस्था गरेको छ । जिल्ला समन्वय समितिमा निर्वाचित निकायको रुपमा प्रमुख, उपप्रमुख र सदस्य सहित बढिमा ९ जना पदाधिकारी रहने व्यवस्था छ । सचिवालयमा नेपाल सरकारले स्वीकृत गरे अनुसारको प्रशासकिय प्रमुखको रुपमा रा. प द्वितीय श्रेणीको जिल्ला समन्वय अधिकारी र अन्य कर्मचारी रहने व्यवस्था छ । संघीयता कार्यन्वयन संगै समन्वय सहजीकरण मुख्य जिम्मेवारी र भुमिकाका साथ यस कास्की जिल्लामा जिल्ला समन्वय समितिको कार्यालय स्थापना भै पोखरा महानगरपालिका वडा नं- ७ शहिदचोकमा अवस्थित छ ।

२. कार्यालयको काम कर्तव्य र अधिकार

नेपालको संविधान अनुसार यस कार्यालयका काम कर्तव्य र अधिकार निम्न रहेको देखिन्छ

क) जिल्लाभित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने,

(ख) विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने,


(ग) जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने,

(घ) प्रदेश कानून बमोजिमका अन्य कार्यहरू गर्ने ।

यसका अलावा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९२, संघ प्रदेश र स्थानीय तह समन्वय तथा अन्तर सम्वन्ध ऐन २०७७ को दफा २६, गण्डकी प्रदेश स्थानीय तह सभा संचालन सम्बन्धि कार्यबिधी ऐन २०७५ को परिच्छेद ४ लगायत संघीय तथा प्रादेशिक कानून, कार्यविधि मापदण्ड, निर्देशिका तथा विभिन्न मन्त्रालयहरुवाट प्राप्त परिपत्रहरुले यस कार्यालयको काम कर्तव्य र अधिकार तोकेको अवस्था रहेको छ ।विधमान संविधान तथा कानुनले तोके अनुसार हाल यस कार्यालयले आफ्नो कार्य सम्पादन गर्दै आएको छ । महिला वालवालिका लैंगिक तथा योनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय अन्तरगत साविकमा जिल्लामा महिला तथा वालवालिका कार्यालय रहेकोमा संघीयता संगै उक्त कार्यालय खारेज भएकोले महिला तथा वालवालिकका सम्वन्धमा जिल्लास्तरमा कार्य गर्ने निकाय नभएको सन्दर्भमा जिल्ला स्तरमा **महिला वालवालिका लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय फोकल पर्सनकोरुपमा जिल्ला समन्वय समितिको शाखा अधिकृतलाइ तोकि** मन्त्रालयवाट तोकिएका कार्यहरु सम्पादन गर्दै आएको छ ।

३. कार्यालयको संगठन संरचना रहने कर्मचारी संख्या र कार्य विवरण:

३.१ स्वीकृत संगठन संरचना :



३. २ शाखागत कार्य विवरण :

नेपाल सरकारवाट स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार कार्यालयमा निम्न बमोजिम शाखाहरू रहेका छन् र यी शाखाहरूको प्रमुख कार्यहरू देहाय अनुसार रहेको छ ।

३.२.१ व्यवस्थापन शाखा :

कार्यालयको व्यवस्थापन शाखाले आन्तरिक प्रशासन, जिन्सि, आर्थिक व्यवस्थापन, कार्यालय व्यवस्थापन, अनुगमन तथा समन्वयको सहजीकरण गर्दछ । हाल यस शाखाको शाखा प्रमुखको रुपमा शाखा अधिकृत श्री लक्ष्ु शर्मा हुनुहुन्छ । शा. अ. लक्ष्ु शर्मालाइ अधिकार प्रत्यायोजन गरी कामको विशेष जिम्मेवारी समेत तोकिएको छ ।यस शाखाले महिला वालवालिका लैंगिक तथा योनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयको जिल्लाको फोकल शाखाको रुपमा समेत कार्य गर्दै आएको छ । हाल शाखा अधिकृत श्री लक्ष्ु शर्मा फोकल पर्सनको रुपमा तोकिनुभएको छ ।

३.२.२. अनुगमन तथा मुल्यांकन शाखा :

जिल्ला भित्र सन्चालित विकास निर्माण सग सम्वन्धित कार्यको अनुगमन प्रतिवेदन तयार गर्ने लगायत प्राविधिक परीक्षण काम गर्दछ । हाल यस शाखाको शाखा प्रमुखकोरुपमा इ. महेश पोखरेल हुनुहुन्छ

४. आ व ०८२/८३ मा महिला वालवालिका तथा सामाजिक विकास सम्वद्ध सम्पादन गरिएका मुख्य कामहरु:

४.१. अनुगमन तथा निरीक्षण :

४.१.१ स्थानीय तहको समाजिक विकास कार्यक्रम अनुगमन :

महिला वालवालिका लैंगिक तथा योनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयको मिति २०८२।७।२४ को अख्तियारी अनुसार सामाजिक कार्यक्रम अनुगमनको लागि रु ५० हजार अख्तियारी प्राप्त भएको तथा मन्त्रालयको मिति २०८३।२।२८ को पत्रवाट अनुगमन ढांचा तथा फारम समेत प्राप्त भएकोमा न्यून वजेटका वावाजुत पनि जिल्ला समन्वय समितिका प्रमुख श्री लिलाधर पौडेल जिल्ला समन्वय अधिकारी नवराज वराल, शाखा अधिकृत लक्ष्ु शर्मा, सदस्यहरु, जि स स का कर्मचारीहरु विभिन्न स्थानीय तहहरुको अनुगमन गरी प्रतिवेदन गरिएको । अनुगमनको क्रममा स्थानीय तहवाट उपलव्ध तथ्यहरु यसै प्रतिवेदनको खण्ड ख मा समावेश छ ।

४.१.२ वालगृहको अनुगमन :

जिल्ला समन्वय समितिका शाखा अधिकृत लक्ष्ु शर्मा, प्रदेश वालकल्याण अधिकारी, स्थानीय वालकल्याण अधिकारी, प्रदेश समाजिक विकास मन्त्रालयका प्रतिनिधि स्थानीय जनप्रतिनिधिहरु लगायतको टोलीवाट पोखरा महानगरपालिका अन्तरग संचालित विभिन्न वालगृहहरुको अनुगमन गरी प्रतिवेदन गरिएको ।

४.१.३.ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रहरुको अनुगमन निरीक्षण :

जि स स प्रमुख लिलाधर पौडेल लगायतको टोलीवाट कास्की जिल्लाका विभिन्न जेष्ठ नागरिक दिवा सेवा केन्द्रहरुको अनुगमन तथा अन्तरक्रिया गरी समस्याहरु वारेमा छलफल र अन्तरक्रिया गरिएको ।

४.५. ज्येष्ठ नागरिक सम्वन्धि अन्तरक्रिया:

जिल्ला समन्वय समितिवाट जिल्ला स्तरमा ज्येष्ठ नागरिक सम्वन्धि अन्तरकृया कार्यक्रम गरी जेष्येठ नागरिक सम्वद्ध समस्याहरुवारे छलफल गरिएको । उक्त कार्यक्रममा जिल्लामा संचालित ज्येष्ठ नागरिक सम्वद्ध संघसंस्थाका प्रतिनिधि ज्येष्ठ नागरिकहरु र अन्य सरोकारवालाहरुको सहभागिता रहेको थियो ।

खण्ड -ख

# स्थानीय तहको अनुगमन सूचांक एकिकृत कम्पाइल (स्थानीय तहवाट प्राप्त विवरण जस्ताकोतस्तै कम्पाइल गरिएको)

| क्र.सं. | बालबालिका सम्वन्धि विवरण | | पोखरा महानगरपालिका | मादी गांउपालिका | रुपा गांउपालिका | माछापुच्छ्रे गांउपालिका | अन्नपूर्ण गांउपालिका | कास्की जिल्लाको जम्मा | | श्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सूचक | एकाई | संख्या/प्रतिशत | संख्या/ प्रतिशत | संख्या/प्रतिशत | संख्या/ प्रतिशत | संख्या/प्रतिशत | संख्या/प्रतिशत | सन्दर्भ वर्ष | | |
| १ | बालबालिकाको जनसंख्या (१८ वर्ष सम्म) | जम्मा संख्या | १४२२६९ | ४८९३ | ४३०० | ७२३९ | ४६९५ | १६३३९६ | २०७८ | स्थानीय तहवाट प्राप्त विवरण | |
| २ | ५ वर्षमूनिका बालबालिकाको जन्मदर्ता (प्रतिशतमा) | % मा | ९८ | ८५ | ९५ | ७४ | ३८ | ७८ | २०८२ | स्थानीय तहवाट प्राप्त विवरण | |
| ३ | विद्यालय भर्ना हुने बालबालिका (प्रतिशतमा) | % मा | ७४.९ | ८३.१४ | ८२ | ८२.२७ | १०० | ८४.४६२ | २०८२ | स्थानीय तहवाट प्राप्त विवरण | |
| ४ | प्राथमिक तह भर्ना हुने (प्रतिशतमा) | % मा | ९८.५ | ९०.७६ | २७.५१ | ८८.८१ | ९६.१ | ८०.३३६ | २०८२ | स्थानीय तहवाट प्राप्त विवरण | |
| ५ | माध्यमिक तह भर्ना हुने (प्रतिशतमा) | % मा | ९३.४ | ७१.७१ | १५.१२ | ६२.७९ | ७३ | ६३.२०४ | २०८२ | स्थानीय तहवाट प्राप्त विवरण | |
| ६ | सामाजिक सुरक्षा भत्ता पाउने वालवालिकाको संख्या | जम्मा संख्या | २२७६ | ३३५ | ० | ४७२ | ५४१ | ३६२४ | २०८२ | स्थानीय तहवाट प्राप्त विवरण | |
| ७ | बालविकास केन्द्रको संख्या | जम्मा संख्या | ४१६ | ४० | २८ | ५० | ५७ | ५९१ | २०८२ | स्थानीय तहवाट प्राप्त विवरण | |
| ८ | बालगृहहरुको संख्या | जम्मा संख्या | २३ | ० | ० | ० | २ | २५ | २०८२ | स्थानीय तहवाट प्राप्त विवरण | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | बालगृहमा पुर्नस्थापना भएका बालबालिकाको जम्मा संख्या | जम्मा संख्या | ७६७ | ३ | ० | १ | ४८ | ८१९ | २०८२ | स्थानीय तहवाट प्राप्त विवरण | |
| १० | बालगृहमा आश्रय लिने वालिकाको संख्या | जम्मा संख्या | ४४६ | ० | ० | ५ | २४ | ४७५ | २०८२ | स्थानीय तहवाट प्राप्त विवरण | |
| ११ | बालगृहमा आश्रय लिने वालकको संख्या | जम्मा संख्या | ३२१ | ० | ० | ६ | २४ | ३५१ | २०८२ | स्थानीय तहवाट प्राप्त विवरण | |
| १२ | सडक बालबालिकाको संख्या | जम्मा संख्या | ३३ | ० | ० | ० | ० | ३३ | २०८२ | स्थानीय तहवाट प्राप्त विवरण | |
| १३ | बालबालिकाको क्षेत्रमा विनियोजित रकम (प्रतिशतमा) | % मा | २ | ०.०१ | २५.६३ | १४ | ०.५ | ८.४२८ | २०८२ | स्थानीय तहवाट प्राप्त विवरण | |
| १४ | स्थानीय तहमा बालकल्याण अधिकारीको व्यवस्था | जम्मा संख्या | १ | १ | १ | १ | १ | ५ | २०८२ | स्थानीय तहवाट प्राप्त विवरण | |
| १५ | स्थानीय तहमा बालउद्धार कोषको व्यवस्थाको संख्या | जम्मा संख्या | ० | १ | ० | १ | १ | ३ | २०८२ | स्थानीय तहवाट प्राप्त विवरण | |
| १६ | विपदबाट प्रभावित बालबालिकाको संख्या | जम्मा संख्या | ० | ० | ० | ० | ० | ० | २०८२ | स्थानीय तहवाट प्राप्त विवरण | |
| | **महिला सम्वन्धित** | | | | | | | | | | |
| १ | महिलाको जनसंख्या | जम्मा संख्या | २६६००९ | ८१२५ | ७७७८ | ११७२५ | ११४१३ | ३०५०५० | २०८२ | स्थानीय तहवाट प्राप्त विवरण | |
| २ | सामाजिक सुरक्षा भत्ता पाउने एकल महिलाको संख्या | जम्मा संख्या | २८६२ | ३७२ | २६७ | ३२८ | ६७६ | ४५०५ | २०८२ | स्थानीय तहवाट प्राप्त विवरण | |
| ३ | लैङ्गिक उत्तरदायी वजेट (प्रतिशतमा) | % मा | ४७ | ०.१ | ३ | ० | ०.१ | १०.०४ | २०८२ | स्थानीय तहवाट प्राप्त विवरण | |
| ४ | स्थानीय तहमा महिलाको प्रतिनिधित्व (प्रतिशतमा) | % मा | ४० | ४३.३३ | ४३ | ० | ० | २५.२६६ | २०८२ | स्थानीय तहवाट प्राप्त विवरण | |
| ५ | लैङ्गिक हिंसाका घटना | जम्मा दर्ता | ९४ | ० | ० | ० | ० | ९४ | २०८२ | स्थानीय तहवाट प्राप्त विवरण | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | हवाई उद्धार गरिएको गर्भवती महिलाको संख्या | जम्मा संख्या | ० | ० | ० | ० | ० | ० | २०८२ | स्थानीय तहवाट प्राप्त विवरण | |
| ७ | लैंगिक हिंसा पिडित/ प्रभावितको लागि संचालित सेवा केन्द्र संख्या | जम्मा संख्या | ४ | ० | ० | ० | ० | ४ | २०८२ | स्थानीय तहवाट प्राप्त विवरण | |
| ८ | लैंगिक हिंसा पिडित/ प्रभावितको लागि संचालित सेवा केन्द्रमा आश्रय लिनेको संख्या | जम्मा संख्या | ४ | ० | ० | ० | ० | ४ | २०८२ | स्थानीय तहवाट प्राप्त विवरण | |
| ९ | स्थानीय तहमा मानव वेचविखन विरुद्धको स्थानीय समिति गठन भए/नभएको | जम्मा संख्या | १ | ० | ० | ० | ० | १ | २०८२ | स्थानीय तहवाट प्राप्त विवरण | |
| १० | मानब बेचबिखनका पिडित/ प्रभावित हरुको लागि संचालित पुनर्स्थापना केन्द्रको संख्या | जम्मा संख्या | | ० | ० | ० | ० | ० | २०८२ | स्थानीय तहवाट प्राप्त विवरण | |
| ११ | मानब बेचबिखनका पिडित/ प्रभावित हरुको लागि संचालित पुनर्स्थापनाकेन्द्रमा आश्रय लिनेको संख्या | जम्मा संख्या | | ० | ० | ० | ० | ० | २०८२ | स्थानीय तहवाट प्राप्त विवरण | |
| १२ | यौनिक तथा लैंगिक अल्पसंख्यकहरुको संख्या | जम्मा संख्या | | ५ | ० | १ | ० | ६ | २०८२ | स्थानीय तहवाट प्राप्त विवरण | |
| १३ | वेपता/हराएका महिलाको संख्या | जम्मा संख्या | | ० | ० | ० | ० | ० | २०८२ | स्थानीय तहवाट प्राप्त विवरण | |
| १४ | बैदेशिक रोजगारीमा गएका महिलाको संख्या | जम्मा संख्या | ७९७ | ३४९ | ० | ० | ० | ११४६ | २०८२ | स्थानीय तहवाट प्राप्त विवरण | |
| १५ | विपतबाट प्रभावित महिलाको संख्या | जम्मा संख्या | | ० | ० | ० | ० | ० | २०८२ | स्थानीय तहवाट प्राप्त विवरण | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १६ | महिला कृषि कामदारको औसत ज्यालादर | जम्मा रकम रु. | | ९०० | ७५४ | ० | ० | १६५४ | २०८२ | स्थानीय तहबाट प्राप्त विवरण | |
| ज्येष्ठ नागरिक सम्वन्धि | | | | | | | | | | | |
| १ | ज्येष्ठ नागरिकको संख्या | जम्मा संख्या | २०६०७ | ३३३३ | ९८३ | २६४५ | ३७४२ | ३१३१० | २०८२ | स्थानीय तहबाट प्राप्त विवरण | |
| २ | सामाजिक सुरक्षा भत्ता पाउने महिला ज्येष्ठ नागरिकको संख्या | जम्मा संख्या | १२३०८ | २९५ | २४० | १४४० | १९९६ | १६२७९ | २०८२ | स्थानीय तहबाट प्राप्त विवरण | |
| ३ | सामाजिक सुरक्षा भत्ता पाउने पुरुष ज्येष्ठ नागरिकको संख्या | जम्मा संख्या | ८२९९ | ३०३८ | ७४३ | १२०५ | १४२८ | १४७१३ | २०८२ | स्थानीय तहबाट प्राप्त विवरण | |
| ४ | ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र | जम्मा संख्या | १४ | ० | ७ | ८ | ० | २९ | २०८२ | स्थानीय तहबाट प्राप्त विवरण | |
| ५ | निर्माण भएको बृद्धाश्रम संख्या | जम्मा संख्या | ९ | ० | ० | १ | ० | १० | २०८२ | स्थानीय तहबाट प्राप्त विवरण | |
| ६ | बृद्धाश्रममा आश्रित ज्येष्ठ नागरिकको संख्या | जम्मा संख्या | | ० | ० | ० | ० | ० | २०८२ | स्थानीय तहबाट प्राप्त विवरण | |
| ७ | सय बर्ष भन्दा माथिका पुरुष ज्येष्ठ नागरिकहरुको संख्या | जम्मा संख्या | ४० | १० | ० | १ | ० | ५१ | २०८२ | स्थानीय तहबाट प्राप्त विवरण | |
| ८ | सय बर्ष भन्दा माथिका महिला ज्येष्ठ नागरिकहरुको संख्या | जम्मा संख्या | २० | ८ | ० | २ | ० | ३० | २०८२ | स्थानीय तहबाट प्राप्त विवरण | |
| ९ | बिपन्न /असहाय ज्येष्ठ नागरिकहरुको संख्या | जम्मा संख्या | | ५ | ० | ० | ० | ५ | २०८२ | स्थानीय तहबाट प्राप्त विवरण | |
| १० | सडकबाट उद्दार गरिएका ज्येष्ठ नागरिकको संख्या | जम्मा संख्या | | ० | ० | ० | ० | ० | २०८२ | स्थानीय तहबाट प्राप्त विवरण | |
| ११ | जेष्ठ नागरिकको क्षेत्रमा विनियोजित रकम (प्रतिशतमा) | % मा | १ | ०.०१ | ० | ११ | ०.५ | २.५०२ | २०८२ | स्थानीय तहबाट प्राप्त विवरण | |
| १२ | सिपयुक्त ज्येष्ठ नागरिकको संख्या | जम्मा संख्या | | ५ | ० | ४५ | ० | ५० | २०८२ | स्थानीय तहबाट प्राप्त विवरण | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | हेरचाह गर्ने व्यक्ति नभएका ज्येष्ठ नागरिकको संख्या | जम्मा संख्या | | ० | ० | १ | ० | १ | २०८२ | स्थानीय तहबाट प्राप्त विवरण | |
| १४ | विपदबाट प्रभावित ज्येष्ठ नागरिकको संख्या | जम्मा संख्या | | ० | ० | ५ | ० | ५ | २०८२ | स्थानीय तहबाट प्राप्त विवरण | |
| अपाङ्गता सम्वन्धि विवरण | | | | | | | | | | | |
| १ | सीपमूलक तालिम प्राप्त अपाङ्गता भएका ब्यक्ति | जम्मा सख्या | | ० | ३० | ४५ | ० | ७५ | २०८२ | स्थानीय तहबाट प्राप्त विवरण | |
| २ | पूर्ण अशक्त अपाङ्गता (क) श्रेणीका सुरक्षा भत्ता पाउने ब्यक्ति | जम्मा सख्या | ८९८ | १३८ | ८४ | १४६ | ११३ | १३७९ | २०८२ | स्थानीय तहबाट प्राप्त विवरण | |
| ३ | अति असक्त अपाङ्गता (ख) श्रेणीका सुरक्षा भत्ता पाउने ब्यक्ति | जम्मा सख्या | १११९ | २०८ | १७८ | २५८ | १९७ | १९६० | २०८२ | स्थानीय तहबाट प्राप्त विवरण | |
| ४ | अपाङ्गता पुनस्थार्पना केन्द्र संख्या | जम्मा सख्या | २ | ० | ० | ० | ० | २ | २०८२ | स्थानीय तहबाट प्राप्त विवरण | |
| ५ | अपाङ्गता पुनस्थार्पना केन्द्रमा पुनर्स्थापित संख्या | जम्मा सख्या | | ० | ० | ० | ० | ० | २०८२ | स्थानीय तहबाट प्राप्त विवरण | |
| ६ | सडकबाट उद्दार गरिएका अपाङ्गता भएका ब्यक्ति | जम्मा सख्या | | ० | ० | ० | ० | ० | २०८२ | स्थानीय तहबाट प्राप्त विवरण | |
| ७ | अपांगता क्षेत्रमा विनियोजित रकम (प्रतिशतमा) | % मा | १ | ० | ० | ०.३ | ०.४ | ०.३४ | २०८२ | स्थानीय तहबाट प्राप्त विवरण | |
| ८ | रातो कार्ड पाउनेको संख्या (क श्रेणीको) | जम्मा सख्या | ७०३ | १८४ | ११५ | २०० | १३४ | १३३६ | २०८२ | स्थानीय तहबाट प्राप्त विवरण | |
| ९ | निलो कार्ड पाउनेको संख्या (ख श्रेणीको) | जम्मा सख्या | १०९४ | २५८ | २४० | २६९ | २०९ | २०७० | २०८२ | स्थानीय तहबाट प्राप्त विवरण | |
| १० | पहेलो कार्ड पाउनेको संख्या (ग श्रेणीको) | जम्मा सख्या | ४५३ | ३४ | ७३ | १४२ | ५४ | ७५६ | २०८२ | स्थानीय तहबाट प्राप्त विवरण | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | सेतो कार्ड पाउनेको संख्या (घ श्रेणीको) | जम्मा सख्या | १०६ | ९ | ४८ | २८ | १५ | २०६ | २०८२ | स्थानीय तहबाट प्राप्त विवरण | |
| १२ | विपदबाट प्रभावित अपाङ्गता भएका व्यक्तिको संख्या | जम्मा सख्या | | ० | ० | ० | ० | ० | २०८२ | स्थानीय तहबाट प्राप्त विवरण | |
| न्यायिक समिति तथा न्याय सम्पादन सम्वन्धि विवरण | | | | | | | | | | | |
| १ | न्यायिक समितिमा परेका जम्मा उजुरीहरुको संख्या | जम्मा संख्या | ३३ | ३ | ७ | ४० | ६ | ८९ | २०८२ | स्थानीय तहबाट प्राप्त विवरण | |
| २ | फर्छ्यौट गरेको संख्या | जम्मा संख्या | २७ | १ | ३ | ३८ | १ | ७० | २०८२ | स्थानीय तहबाट प्राप्त विवरण | |
| ३ | अदालतमा पठाएको मुद्दाको संख्या | जम्मा संख्या | १ | १ | ० | ० | ० | २ | २०८२ | स्थानीय तहबाट प्राप्त विवरण | |
| ४ | बालबिबाह | जम्मा संख्या | | ० | ० | ० | ० | ० | २०८२ | स्थानीय तहबाट प्राप्त विवरण | |
| ५ | जवरजस्ती करणी | जम्मा संख्या | | ० | ० | ० | ० | ० | २०८२ | स्थानीय तहबाट प्राप्त विवरण | |
| ६ | जवरजस्ती करणीको उद्दोग | जम्मा संख्या | | ० | ० | ० | ० | ० | २०८२ | स्थानीय तहबाट प्राप्त विवरण | |
| ७ | घरेलु हिंसा | जम्मा संख्या | | ० | ० | ० | ० | ० | २०८२ | स्थानीय तहबाट प्राप्त विवरण | |
| ८ | मानब बेचबिखन | जम्मा संख्या | | ० | ० | ० | ० | ० | २०८२ | स्थानीय तहबाट प्राप्त विवरण | |
| ९ | सम्बन्ध विच्छेद | जम्मा संख्या | | ० | ० | ३ | १ | ४ | २०८२ | स्थानीय तहबाट प्राप्त विवरण | |
| १० | बहुविवाह | जम्मा संख्या | | ० | ० | ० | ० | ० | २०८२ | स्थानीय तहबाट प्राप्त विवरण | |
| ११ | बोक्सीको आरोप | जम्मा संख्या | | ० | ० | ० | ० | ० | २०८२ | स्थानीय तहबाट प्राप्त विवरण | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | वैवाहिक जवरजस्ती करणी | जम्मा संख्या | | ० | ० | ० | ० | ० | २०८२ | स्थानीय तहवाट प्राप्त विवरण | |
| १३ | गर्भपतन | जम्मा संख्या | | ० | ० | ० | ० | ० | २०८२ | स्थानीय तहवाट प्राप्त विवरण | |
| १४ | दाइजो | जम्मा संख्या | | ० | ० | ० | ० | ० | २०८२ | स्थानीय तहवाट प्राप्त विवरण | |
| १५ | कुटपीट/लुटपिट | जम्मा संख्या | १ | ० | ० | ० | ० | १ | २०८२ | स्थानीय तहवाट प्राप्त विवरण | |
| १६ | अपहेलना | जम्मा संख्या | | ० | ० | १ | ० | १ | २०८२ | स्थानीय तहवाट प्राप्त विवरण | |
| १७ | यातना | जम्मा संख्या | | ० | ० | ० | ० | ० | २०८२ | स्थानीय तहवाट प्राप्त विवरण | |
| १८ | अन्य (खुलाउने)स्थानीय निकायको अनुगमनको अवस्था( सेवा केन्द्र तथा बाल सुधार गृहको ) | | | ० | ० | ० | ४ | ४ | २०८२ | स्थानीय तहवाट प्राप्त विवरण | |

## खण्ड - ग

## अनुगमनको क्रममा देखिएका समस्या :

- ✓ स्थानीय तहमा जनशक्ति अभाव हुनु रिक्त दरवन्दी समयमा पदपूर्ति नहुनु
- ✓ समाजिक विकास क्षेत्रमा न्यून वजेट विनियोजन हुनु
- ✓ लक्षित वर्गको यथार्थ तथ्यांकको कमीहुनु
- ✓ क्षमता विकास भन्दा वितरणमुखी कार्यक्रमको वाहुल्यता देखिनु
- ✓ कार्यक्रममा लक्षित वर्गलाइ पूर्णरुपमा समेट्न नसक्नु
- ✓ स्थानीय तहमा भरपर्दो तथा विश्वासिलो तथ्यांक व्यवस्थापन प्रणाली नहुनु तथ्यांक व्यावस्थापन पक्ष कमजोर देखिनु
- ✓ कार्यक्रम संचालनमा पार्दर्शिता र जवाफदेहिता पक्ष कमजोर देखिनु
- ✓ अनुगमनका लागि प्रयाप्त वजेट तथा स्रोतसाधनको अभावहूनु तथा विनियोजित वजेट पनि समयमा अख्तियारी **नआउनु (२०८३ मा आषाढमा मात्र अख्तियारी प्राप्त भएको)**


**सुझावहरु** :

- ✓ समयमा रिक्त दरवन्दी पदपूर्ति गर्ने सामाजिक विकास शाखाको स्पष्ट जिम्मेवारी तोक्ने,
- ✓ सामाजिक विकास कार्यक्रमको लागि प्रयाप्त वजेट विनियोजन गर्ने,
- ✓ लक्षित वर्ग कार्यक्रमको लागि नीतिगतरुपमा नै न्यूनतम वजेट विनियोजन गर्नुपर्ने व्यवस्था गर्ने,
- ✓ कार्यक्रमलाइ वितरणमुखी नभै आवश्यकतामा आधारित भै क्षमता विकास आयआर्जन कार्यक्रममा जोडदिनु पर्ने,
- ✓ सामाजिक विकास तर्फ महिला वालवालिका ज्येष्ठ नागरिक अपांगता क्षेत्रको वस्तुगत र यथार्थ तथ्यांक प्रणाली विकास गर्ने,
- ✓ समाजिक विकास कार्यक्रमको जवाफदेहिता प्रवर्दनका लागि नियमित सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षणका कार्यहरु गर्ने,
- ✓ अनुगमन मूल्यांकन लाइ प्रभावकारी वनाउने र स्थानीय तहको नियमिति अनुगमन र जिल्लागत तथ्यांक प्रणाली विकासको लागि **महिला वालवालिका लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय**ले जिल्ला समन्वय समितिमा आवश्यक वजेट तथा स्रोतसाधनको व्यवस्था गर्ने,
- ✓ सामजिक विकास कार्यक्रम अनुगमन शीर्षकमा वार्षिक रुपमा जिल्ला समन्वय समितिलाइ न्यूनतम रु २ लाख विनियोजन गरी समयमा नै अख्तियारी प्रदान गर्ने ।

## अनुसूची २

छापा तथा पत्रपत्रिकामा जिल्ला समन्वय समिति कास्कीका केही झलक

# असारदेखि खानीजन्य सामग्री उत्खनन्मा रोक



समाधान संवाददाता
पोखरा, ७ जेठ

कास्कीमा असार १ गतेदेखि ३ महिनासम्म नदी तथा खानीजन्य सामग्रीको उत्खनन, बिक्री र व्यवस्थापनमा रोक लगाइने भएको छ । ढुंगा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को दफा ९ बमोजिम गठन भएको जिल्ला नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समितिको बुधबार बसेको बैठकले असार, साउन र भदौ महिनामा उत्खनन गर्न नपाइने व्यवस्था अनुसार उक्त निर्णय गरेको हो ।

समितिका संयोजक तथा जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा बसेको बैठकले निर्णयलाई कडाइका साथ कार्यान्वयन गर्न प्रदेश, स्थानीय तह र नेपाल सरकारअन्तर्गतका सरोकारवाला निकायहरूलाई निर्देशन दिएको छ । उनले नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन तथा संकलन स्वीकृत मापदण्ड, वातावरणीय प्रभाव मूल्यांकन र प्रचलित कानुन बमोजिम मात्र गर्नुपर्ने बताए । उनले अवैध उत्खनन, अवैध संकलन तथा अनाधिकृत ओसारपसार पूर्णरूपमा नियन्त्रण गर्न गस्ती परिचालन गरी प्रहरीमार्फत नियन्त्रणमा लिइने बताए ।

बैठकले नदी, खोला, वन क्षेत्र, खेतीयोग्य जमिन, विपद् जोखिम क्षेत्र तथा बस्तीमा वातावरणीय विनाश नहुने गरी मात्र उत्खनन कार्य व्यवस्थापन गर्नुपर्ने निर्णय गरेको छ । स्थानीय तहहरूले नदीजन्य वस्तुको उत्खनन समय बिहान ८ बजेदेखि बेलुका ६ बजेसम्म तोक्ने र समयको पालना नभएका क्षेत्रमा अनुगमन गरी रोक लगाउने व्यवस्था गर्न पनि निर्देशन दिइएको छ । उत्खननबाट प्राप्त राजस्व गुम्न नदिन वास्तविक कारोबार मूल्यमा बिलबिजक जारी हुने व्यवस्था सुनिश्चित गर्नुपर्ने र बिलबिजकबिना कारोबार गर्न रोक लगाइने निर्णयसमेत गरिएको छ ।

बैठकले पालिकाहरूले नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन र संकलन गरिने क्षेत्र स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनले तोकेको स्थानमा मात्र गर्नुपर्ने र कार्ययोजना तयार गरी गाउँ तथा नगरपालिकाबाट स्वीकृत गरेर मात्र कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरेको छ । तोकिएको क्षेत्रमा स्वीकृत परिमाणभन्दा बढी उत्खनन र संकलन हुन नदिन सम्बन्धित पालिकाले अनुगमन गर्ने र अभिलेख राख्ने व्यवस्था पनि गरिएको छ ।

KOT KHABAR
खबर यहाँ पाउने ठाउँ
Sahara Club Pokhara
Nepal APF Club
Manang Marshyangdi Club
Machhindra Club
Gurkha Int'l Fc, HK
Jawalakhel Youth Club
25th Aaha RARA POKHARA GOLD CUP
10th Feb - 21st Feb | 27th Magh - 9th Falgun



# रुग्ण र अधुरा आयोजनालाई प्राथमिकता दिन जिसस कास्कीको सरकारलाई आग्रह

**कोटखबर** बैशाख २२, २०८३ 7



**पोखरा ।** जिल्ला समन्वय समिति कास्कीले जिल्लामा सञ्चालित बहुवर्षीय अधुरा र रुग्ण आयोजनालाई प्राथमिकतासहित आगामी आर्थिक वर्ष २०८२-८३ को नीति तथा कार्यक्रम र बजेटमा समावेश गर्न नेपाल सरकारलाई आग्रह गरेको छ ।

समितिको मङ्गलबार सम्पन्न ४८ औ बैठकले उक्त निर्णय गरेको प्रमुख लिलाधर पौडेलले जानकारी दिनुभयो । पौडेलले विभिन्न कारणले विगतका सरकारका वार्षिक बजेटमा परेर पनि सम्पन्न हुन नसकेका करिब दुई दर्जन आयोजनाका लागि रकम बिनियोजन गरेर निर्माणमा अवरोधका कारणको पहिचान सहित यथाशीघ्र निर्माण सम्पन्न हुने गरेर अगाडि बढाउँन सिफारिस गर्ने निर्णय गरिएको छ ।

पर्याप्त रकम अभावका कारण समयमा सम्पन्न हुन् नसकेका, निर्माण कम्पनीको लापरबाही तथा अन्य कारणको पहिचान सहित नेपाल सरकारलाई सिफारिस गरिएको प्रमुख पौडेलको भनाइ छ । यसरी निर्माण तिव्रता गर्न सिफारिस गरिएका आयोजनाहरूमा पश्चिमाञ्चल क्षेत्रीय अस्पतालको भवन निर्माण आयोजना, प्रादेशिक जनस्वास्थ्य प्रयोगशालाको निर्माण योजना, सराङकोट स्वास्थ्य चौकी भवन, भगरा कृषि सडक मोटरबाटो निर्माणका योजना रहेका छन्।

त्यसैगरी पुल सेक्टर पोखरा कार्यालय मातहत सञ्चालित आयोजनाहरू मध्ये आर्थिक बर्ष २०७४-७५ को सेती नदि माथिको बगर र फूलबारी जोड्ने पुल,पोखरा ३० र ३३ जोड्ने मुसेटूडा पावर हाउसको पुल निर्माणमा ढिला सुस्तीका कारण सहित शहरी विकास मन्त्रालयलाई लेखी पठाइएको छ ।



विजयपुर खोला पुल, २०८३ बैशाख २३। अन्नपूर्ण गाउँपालिका र पर्वतको मोदी गाउँपालिका जोड्ने भुरुङदी पुल, पोखरा २५ र १९ जोड्ने जीर्ण सेती दोबिल्ला घाटको पुल, पोखरा ४ र ५ जोड्ने फिर्के खोला पुल सहितका आयोजनाको काम तत्काल अगाडि बढाउन नेपाल सरकारको ध्यानाकर्षण गराइएको छ । मुग्लिङ पोखरा सडक स्तरोन्नतिको बाँकी काम सहित सेती नदीमाथिको पुल आयोजनाको कार्य र मध्य पहाडी लोकमार्गको कास्की खण्डको बाँकी काम, सोही राजमार्गको लमजुङ र कास्कीको सिमानामा ट्र्याक खोलेर कार्य अगाडि बढाउँन भनिएको छ।

यसैगरी पोखरामा नियमित अन्तराष्ट्रिय हवाई उडान सञ्चालन गर्न महेन्द्रनगर र नेपालगञ्जबाट पोखरालाई जोड्ने गरेर हवाई मार्गको पहुँच बिस्तार गर्न आवश्यक कूटनीतिक पहल गर्न नेपाल सरकारलाई आग्रह गरिएको छ ।




सिफारिस
सिद्धार्थ स्मृ
भलिबलको
बैशाख २३, २०
आग्रह
बैशाख २२, २०
दयाशङ्कर प
पुरस्कार सू
बराललाई...
बैशाख २२, २०
लायन्स डिरि
आश्रम भवन
बैशाख २२, २०
पोखरामा ज
मन्दिर समि
बैशाख २२, २०
लोड >

# जिल्ला समन्वय समिति कास्कीद्वारा माछापुच्छ्रे गाउँपालिकाका लागत साझेदारीका योजना अनुगमन

Share Post Share



**पोखरा एक्सप्रेस ,पोखरा**

जिल्ला समन्वय समिति कास्कीद्वारा माछापुच्छ्रे गाउँपालिकाका योजना अनुगमन गरिएको छ।

जिल्ला समन्वय समितिले आर्थिक बर्ष २०८२ – ८३ मा उक्त गाउँपालिकासंग विभिन्न लागत साझेदारी बजेटमा बिनियोजित निर्माणाधीन योजनाहरूको अनुगमन गरिएको जिल्ला समन्वय समिति कास्कीले जानकारी दिएको छ।



यसरी अनुगमन गरिएका योजनाहरूमा जिल्ला समन्वय समिति कास्की र माछापुच्छ्रे गाउँ पालिकाको लागत साझेदारीमा निर्माणाधीन माछापुच्छ्रे गाउँपालिका वडा न ६ को वडा कार्यालय मर्मत सम्भार तथा कम्पाउण्ड निर्माण योजना , बराह मा बि भेडावारिको स्टेज निर्माण र कैलाश मा बि पर्खाल निर्माण योजना , वडा न ४ को वडा कार्यालय तथा स्वास्थ्य चौकी मर्मत सम्भार योजना ,वडा न ३ शुक्लागण्डकी मा बि को सभाहल , मेघराज

13 897 New Edit Post



अनुगमनका क्रममा जिसस कास्कीका प्रमुख लिलाधर पौडेलले बिनियोजित बजेट र निर्धारित मापदण्ड अनुसार गुणस्तरीय कार्यमा ध्यान दिन आग्रह गर्नुभयो। कमजोरी देखिएका केही योजनालाई तत्काल सच्याउन आग्रह गर्दै

पौडेलले निर्माण कार्य प्रभावकारी र निर्धारित समयमा सम्पन्न गर्न निर्माण कम्पनी ,साझेदार पालिका र सरोकारवाला उपभोक्ता जागरुक हुन आग्रह गर्नुभयो ।



अनुगमनमा जिसस कास्कीका सदस्यद्वय सुकमाया नेपाली , लक्ष्मी दमै , कास्कीका जिल्ला समन्वय अधिकारी नवराज बराल सहित इन्जिनियर ,प्राबिधिक तथा कर्मचारी र निर्माण कम्पनीका प्रतिनिधिहरू सहभागी रहनुभएको थियो।

www.eAdarsha.com
आदर्शसमाज ४

# फेवा जलाधार व्यवस्थापकीय कार्ययोजना कार्यान्वयन




**आदर्श समाज**

पोखरा, १६ वैशाख

नेपाल सरकारले जारी गरेको १०० बुँदे शासकीय सुधार कार्यक्रमको बुँदा ७६ मा उल्लेखित फेवा संरक्षित जलाधार व्यवस्थापकीय कार्ययोजना कार्यान्वयन सुरु गर्ने निर्णय गरिएको छ ।

जिल्ला भू तथा जलाधार संरक्षण समिति कास्कीको १४ औं बैठकले सो निर्णय गरेको हो । समिति संयोजक एवं जिल्ला समन्वय समिति, कास्कीका प्रमुख लीलाधर पौडेलको अध्यक्षतामा सम्पन्न बैठकले नवगठित सरकारले फेवा संरक्षित जलाधार क्षेत्रको प्रभावकारी संरक्षण तथा व्यवस्थापनको विषयलाई उच्च महत्व दिई शासकीय सुधारको १०० बुँदे कार्ययोजनामा समावेश गरेकोमा धन्यवादसमेत व्यक्त गरेको छ ।

बृहत् जलाधार व्यवस्थापन केन्द्र गण्डकीले तयार पारेको फेवा संरक्षित जलाधार क्षेत्र व्यवस्थापकीय कार्ययोजना (२०२२-३१) अद्यावधिक तथा परिमार्जनसहित कार्यान्वयन गर्ने सुझावसमेत दिइएको समिति संयोजक पौडेलले बताए ।

यसअघि, वन तथा भू-संरक्षण विभागका उपमहानिर्देशक उद्धवबहादुर घिमिरेको संयोजकत्वमा गठित कार्यदलले फेवा जलाधार क्षेत्रको स्थलगत अध्ययन गरी जिल्ला भू तथा जलाधार संरक्षण समिति कास्कीका पदाधिकारी तथा सरोकारवाला निकायबीच अन्तरक्रिया सम्पन्न गरेको थियो ।

अन्तरक्रियामा भू तथा जलाधार विज्ञ रामदीप थापाले कार्यपत्र प्रस्तुत गरेका थिए । प्रस्तुत कार्यपत्रउपर विज्ञ सदस्य डा.प्रेम पौडेल, साबिक जिल्ला विकास समिति कास्कीका सभापति पुण्यप्रसाद पौडेल, पोखरा उपत्यका नगर विकास समिति पूर्व अध्यक्ष विश्वप्रकाश लामिछाने, नागरिक समाजका अगुवा रामबहादुर पौडेललगायतले सुझाव दिएका थिए ।

# भू–सेवा सम्बन्धी व्यवसायीहरूसँग छलफल, अधिकतम शुल्क निर्धारण

**कोटखबर** चैत्र २७, २०८२ 17



49 Shares 48

**पोखरा ।** भू–सेवा केन्द्र व्यवस्थापन तथा सहजीकरण समिति कास्कीद्वारा भू–सेवा सम्बन्धी व्यवसायीहरूसँग छलफल तथा अन्तरक्रिया बैठक सम्पन्न भएको छ । कार्यक्रममा भू–सेवा केन्द्र व्यवस्थापन तथा सहजीकरण समिति कास्कीका संयोजक एवम् जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले भू–सेवा प्रदायक संस्था तथा सदस्यहरूले जथाभावी शुल्क लिने गरेको गुनासो आउने गरेको भन्दै एउटा निश्चित दर रेट र मापदण्ड तोकेर काम गर्नु पर्ने उल्लेख गरे ।

भू–सेवा प्रदायक संस्था जनताले सेवा प्राप्त गर्ने सबालमा सहजकर्ता भएको हुँदा गैर कानुनी र अनधिकृत सेवा प्रवाह त्याग्नु पर्ने उल्लेख गर्दै व्यवसायीहरूका समस्या सम्बन्धमा समिति गम्भीर भएको भन्दै समाधानका लागि आवश्यक समन्वय गर्ने उल्लेख गरे ।

रूपा गाउँपालिकाका अध्यक्ष नवराज ओझाले प्रचलित नियम कानुन मुताबिक सञ्चालित भू सेवा केन्द्र सम्बन्धी व्यवसाय व्यवस्थित गर्नुपर्ने उल्लेख गर्दै भएका कमीकमजोरी निराकरण गर्न आग्रह गरे। नियम कानुन समय सापेक्ष परिवर्तन हुने र त्यसको पूर्ण पालनाको विकल्प नभएको उल्लेख गरे ।

जिल्ला समन्वय अधिकारी नवराज बरालले ब्यवस्थित सेवा प्रवाहमा व्यवसायीहरू थप जिम्मेवार बन्न आग्रह गरे ।
बैठकले भू सेवा सम्बन्धी विभिन्न सेवाहरूको अधिकतम शुल्क समेत निर्धारण गरेको छ। यसरी निर्धारण भएका सेवा शुल्कमा सबै प्रकारका नामसारी, सबै प्रकारका राजिनामा बापत अधिकतम तीन हजार पाँच सय रुपैयाँ ,धितो बन्धक बापत एक हजार पाँच सय रुपैयाँ, रोक्का पत्र बापत पाँच सय रुपैयाँ ,अदालतको फैसला, मिलापत्र, बैंक बित्तिय संस्थाको लिलाम दाखा बापत चार हजार रुपैयाँ ,तीन जना सम्म अंसियार सम्मको अंश भरपाईको तीन हजार पाँच सय ,विविध निवेदन ,घर कायम संसोधन प्रतिलिपि रूप एक हजार रुपैयाँ तोकिएको छ। त्यसैगरी स्रेस्ता कायम निशुल्क , फाइल र टिकट दस्तुर बापत अधिकतम पचास रुपैयाँ तोकिएको छ।

बैठकले उपर्युक्त निर्धारित अधिकतम शुल्कमा रातो अपाङ्ग परिचयपत्र हुने सेवाग्राहीले पचास प्रतिशत र निलो परिचयपत्र हुनेलाई तीस प्रतिशत सम्म तथा अति विपन्नलाई पचास प्रतिशत छुट प्रदान गर्ने निर्णय गरेको छ ।

तोकिएको दररेट सबै सबै भू सेवा केन्द्रहरूमा सेवाग्राहीहरूले प्रष्ट देख्ने गरी फ्लेक्स प्रिन्ट गरेर राख्ने प्रावधान समेत तोकिएको छ। बैठकमा भू–सेवा सम्बन्धी

KHABAR होमपेज समाचार मनोरञ्जन अर्थ/व्यापार प्रदेश खेलकुद अन्य

परेका समस्या,सम २०८२ चैत्र ३० पायहरूका सम्बन्धमा छलफल तथा अन्तरक्रिया गरिएको थियो।

कार्यक्रममा मालपोत कार्यालय पोखरा र लेखनाथले भू सेवा सम्बन्धी कानुनी व्यवस्थाका बारेमा प्रकाश पार्दै कार्यपत्र प्रस्तुत गरेका थिए ।

सो अबसरमा कास्कीस्थित भू सेवा सम्बन्धी कार्य गर्ने सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधि, उद्योग बाणिज्य संघका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो। कास्कीस्थित भू–सेवा सम्बन्धी ब्यबसायीहरूको उपस्थिति रहेको थियो ।

बैठक भू–सेवा केन्द्र व्यवस्थापन तथा सहजीकरण समिति कास्कीका संयोजक एवम् जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा









सिफारिस


पोखरामा राष्ट्रिय स्तरको फ्लेयर च्याम्पियनसिप सम्पन्न
चैत्र ३०, २०८२


आलु महोत्सवमा तेस्रो दिन सम्म ५० लाख बढीको कारोबार
चैत्र ३०, २०८२


पोखरा महानगरको सार्वजनिक सुनुवाईमा 'फेवाताल'कै चर्चा
चैत्र २९, २०८२


सूर्यतारा खेल महोत्सवमा रामघाट र मिक्की फाइनलमा
चैत्र २९, २०८२


रात्रिकालीन सडक दौडमा ५ देशका १ सय ४५ धावक सहभागी
चैत्र २९, २०८२

लोड >




# सेवा प्रबाहमा जेष्ठ नागरिकहरूलाई प्राथमिकता राख्न जि.स.स. कास्की प्रमुख पौडेलको आग्रह

13 Shares | Share | Tweet | Share



omize 13 869 New Edit Post

पोखरा, माघ २५।

जिल्ला समन्वय समिति कास्कीले जिल्लास्थित विभिन्न जेष्ठ नागरिक सम्बद्द संघ संस्था हरूसंग आइतबार छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ ।

कार्यक्रमको जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले उद्‌घाटन गर्नुभएको थियो । सो अबसरमा प्रमुख पौडेलले जेष्ठ नागरिकको संबिधान र कानुनले ब्यबस्था गरेका सेवा सुबिधाको निसर्त कार्यन्वयन हुनुपर्ने भन्दै विभिन्न कार्यालय र सरोकारवालाहरू यस सम्बन्धमा गम्भीर हुनुपर्ने उल्लेख गर्नुभयो । सार्बजनिक यातायातमा ५० प्रतिशत छुटको प्राबधान कार्यान्वयन हुन नसकेको ,सेवा प्रदायक अस्पताल ,बैंक सहितका सेवा प्रदायक निजि तथा सार्बजनिक संस्था हरूको ध्यानाकर्षण गराउदै उहाँले केहि सरकारी तथा सरोकारवाला कार्यालयहरूमा सेवा प्रबाह जेष्ठ नागरिक मैत्री नभएको गुनासो आएको भन्दै तत्काल सेवा प्रबाहमा जेष्ट नागरिकहरूलाई प्राथमिकतामा राख्न आग्रह गर्नुभयो । प्रमुख पौडेलले जिल्ला समन्वय समितिलाई नागरिकका गुनासा सुन्ने र समाधानका उपाय खोज्ने थलोको रूपमा लिन आग्रह गर्दै कुनै गुनासा भए जानकारी गराउन आग्रह गर्नुभयो

कार्यक्रममा जिल्ला समन्वय समिति कास्कीका शाखा अधिकृत लक्षु शर्माले जेष्ठ नागरिकका अधिकार र बर्तमान अबस्था बिषयमा अबधारणा पत्र प्रस्तुत गर्नुभएको थियो ।शर्माले जेष्ठ नागरिकका सम्बन्धमा भएका कानुनि ब्यबस्था ,उहाँहरुको हक अधिकार सम्बन्धि अन्य नीतिगत ब्यबस्था र कार्यान्वनमा देखिएका चुनौती र समस्या सहित समाधानका बारेमा चर्चा गर्नुभएको थियो ।

जेष्ठ नागरिक सेवा सम्बन्धमा संचालित जेष्ठ नागरिक आश्रम र दिवा सेवा केन्द्रहरूका संचालक सहभागीहरूले जेष्ठ नागरिकहरूले भोग्नु परेका समस्याका पारेमा अबगत गराएका थिए ।उनीहरूले जेष्ठ नागरिकका समस्या पहिचान र समाधान र कार्यान्वनका बारेमा राज्यका निकाय सक्रिय र सम्बेदनशील हुनु पर्नेमा जोड दिएका थिए ।कास्की जिल्लामा क्रियाशील विभिन्न जेष्ठ नागरिक सम्वद्ध संघ,संस्था,प्रतिनिधि र सरोकारवाला निकायहरूको उपस्थिति रहेको थियो ।

जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत सदस्य सितादेबी विश्वकर्मा र संचालन जिल्ला समन्वय अधिकारी नवराज बरालले गर्नुभएको थियो ।

# कास्कीको नवौं जिल्ला सभा सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २२ जेठ

कास्की को नवौं जिल्ला सभा शुक्रबार सम्पन्न भएको छ। सभाको गण्डकी प्रदेश सभाका सदस्यहरू प्रकाश बराल, देवका पाहारी, नन्दकला नेपालीले संयुक्त उदघाटन उद्घाटन गर्नु भएको थियो।

सो क्रममा प्रदेश सभा सदस्य प्रकाश बरालले जिल्ला समन्वय समिति वर्तमान कानुनि व्यवस्था अनुसार, प्राप्त अधिकारको उच्चतम सदुपयोग मार्फत प्रभावकारी कार्य सम्पादनमा तल्लिन रहेको भन्दै यसको थप मजबुतिकरणका सन्दर्भमा कानुन निर्माण र अन्य व्यवस्थापनका विषयमा प्रयत्नशील रहने उल्लेख गर्नुभयो।

प्रदेश सभा सदस्य देवका पाहारीले सदन मार्फत जिससहरूको भूमिकालाइ थप शसक्त बनाउनुपर्ने उल्लेख गर्दै त्यसका लागि पहलकदम लिने उल्लेख गर्नुभयो।

जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले तीनै तहको सरकारको प्रतिनिधित्व गरी विकास समन्वय, सहजीकरण, अनुगमन जस्ता कार्यभार सुम्पिएको राजनैतिक इकाइको रुपमा रहेको जनप्रतिनिधिमुलक संस्था जिल्ला समन्वय समिति



माथि अनेक बाहानामा विभिन्न कोणबाट प्रश्न उठाउने काम भएको भन्दै प्रत्येक जिल्ला बासीको भौगोलिक पहिचानसँग जोडिएको जिल्लाको चिनारी वा अस्तित्वलाइ कमजोर बनाउने र जन प्रतिनिधिहरुलाइ निरुत्साहित गर्ने कार्य प्रति जिल्ला सभाले खेद व्यक्त गरेको उल्लेख गर्नुभयो।

प्रमुख पौडेललेका अनुसार संविधान संसोधनका समयमा जिससको भूमिकालाइ अझै थप प्रभावकारी बनाउन, नेपाल सरकार कार्य विस्तृतीकरण प्रतिवेदन पुनरावलोकन गर्दा जिल्ला समन्वय समिति महासंघको प्रतिनिधित्वको व्यवस्था अनिवार्य बनाउन, अधिकार, कर्तव्य र कार्यलाइ अभ स्पष्ट पार्न, समन्वयकारी भूमिकालाइ सुदृढ गर्न, अनुगमन तथा मूल्यांकन कार्यलाइ व्यवस्थित बनाउन, विवाद समाधान संयन्त्रका रुपमा विकास गर्न जिल्ला सभाले माग गरेको छ। त्यसैगरी कानूनी आधार सहित भूमिका बिह योजना तथा विकास समन्वय केन्द्र बनाउन, जिल्ला तथ्यांक तथा सूचना केन्द्र स्थापना गर्न, नियमित क्षमता अभिवृद्धि कार्यक्रम, भ्रष्टाचार रहित समाज सिर्जना गर्न, सुशासन र जवाफदेहिताको प्रवर्धन गर्न, ठूला योजनामा सार्वजनिक सुनाइ साथै सामाजिक परीक्षणको कार्य गरी सुशासनमा सहयोग पुर्याउन संघीय संसदका सदस्यहरुलाइ जिल्लामा रहेका विकास निर्माण तथा समस्याका बारेमा छलफल र सूचना प्रवाहका लागि जिल्ला समन्वय समितिमा मुख्य सम्पर्क कार्यालय स्थापना गर्न पर्ने जिल्ला सभाले औंल्याएको छ। संघ प्रदेश र स्थानीय तह बीचको प्रभावकारी पुल, विकास समन्वयकर्ता र अनुगमनकारी संस्थाकारुपमा थप सुदृढ गर्ने गरी संविधान संसोधन गर्न जिल्ला समन्वय समिति कास्कीको नवौं जिल्ला सभाले जोडदार माग गरेको छ। कार्यक्रममा प्रदेश सभा सदस्य गणेशमान गुरुङ, नन्दकला नेपाली, पोखरा महानगर पालिकाका मेयर धनराज आचार्य, तत्कालिन जिल्ला विकास समिति कास्कीका सभापति पुण्य प्रसाद पौडेल, कास्कीका पूर्व प्रमुख दैन बहादुर अधिकारी क्षेत्री, कास्कीका प्रमुख जिल्ला अधिकारी कुमान सिंह गुरुङ, पोखरा महानगर पालिकाका प्रमुख कार्यकारी अधिकृतमुक्तिराम अर्याल, एमाले कास्कीका उप सचिव सन्तु सुवेदी, नेपाली कम्युनिस्ट पार्टीका खड्ग हमाल, रा प्र पा का नारायण गुरुङ, लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष जानुका अधिकारी, पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्की, पोखरा चेम्बर अफ कमर्सका अध्यक्ष उमाराज बास्तोला, नेपाल रेडक्रस कास्कीका अध्यक्ष उर्मिला खड्का, जिसस तनहुँका उप प्रमुख बासुदेव थापा गैर सरकारी संस्था महासंघ कास्कीका अध्यक्ष इन्दिरा पौडेल सहितले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो। सभाले आगामी वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम समेत पारित गरेको छ। जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न सभामा स्वागत उप-प्रमुख सरिता माल र संचालन जिल्ला समन्वय अधिकारी नवराज बरालले गर्नुभएको थियो।

# प्रदेशका सडक आयोजना अनुगमन

समाधान संवाददाता
कास्की, १८ असार

गण्डकी प्रदेश सरकारको बजेटबाट कास्कीमा निर्माणाधीन सडक आयोजनाको जिल्ला समन्वय समितिले अनुगमन गरेको छ । जिल्ला समन्वय समिति कास्कीका प्रमुख नित्यधर पौडेल नेतृत्वको टोलीले सडकको गुणस्तर र प्रगतिको स्थलगत निरीक्षण गर्‍यो । पौडेलले निर्माण कार्यमा गुणस्तर कायम गर्न र ढिलासुस्ती नगर्न निर्माण व्यवसायीलाई सचेत गराएका छन् ।

टोलीले पोखरा महानगरपालिका-३३ मा निर्माणाधीन ५ करोड रुपैयाँ लागतको सडक आयोजनाको अवस्था बुझेको छ । लामो थोर्के-पाखेली-सिलवस्ती हुँदै गाईगोठा जोड्ने यो बहुवर्षीय सडकको निर्माण कार्य भइरहेको छ । यस्तै टोलीले पोखरा-३१ मा निर्माणाधीन लाल लाल जोड्ने लिंक रोडको पनि अनुगमन गर्‍यो । यो सडक २० करोड रुपैयाँको लागतमा स्याङ्जुदी भञ्ज्याङसम्म निर्माण भइरहेको छ ।



अनुगमनका क्रममा प्रमुख पौडेलले विकासका काममा हुने ढिलासुस्ती र कमसल निर्माण सहन नहुने बताए । 'विकासमा हुने अनियमितताका सवालमा शून्य सहनशीलताको नीति अपनाइने छ,' उनले भने । पौडेलले स्थानीय उपभोक्ता र सरोकारवालालाई पनि निर्माणको गुणस्तरबारे सचेत रहन आग्रह गरे । निर्धारित समय र गुणस्तरमा कमजोरी देखिएकाले तत्काल सुधार गर्न उनले निर्माण व्यवसायीलाई निर्देशन दिएका छन् । उनले दिगो विकासका योजनालाई प्राथमिकता दिनुपर्नेमा जोड दिए ।

अनुगमन टोलीमा जिल्ला समन्वय समिति सदस्यहरू सीता देवी थिङ, हर्क गुरुङ र राजु अधिकारी सहभागी थिए । यस्तै जिल्ला समन्वय अधिकारी नवराज बराल र लेखा अधिकृत लक्ष्मु शर्मा पनि टोलीमा थिए । पूर्वाधार विकास कार्यालय कास्कीका प्रमुख कृष्ण आचार्य, प्राविधिक इन्जिनियर र स्थानीय जनप्रतिनिधिहरूले टोलीलाई आयोजनाको प्राविधिक पक्ष र प्रगतिको जानकारी गराएका थिए ।

# कास्कीमा पालिकाहरूको पुनसंरचना गर्न अध्ययन सुरु



[illegible]

> जिसस कास्की प्रमुख पौडेलको संयोजकत्वमा ७ सदस्यीय समिति गठन

[illegible]

# जिससद्वारा योजना अनुगमन

**आदर्श समाज**

पोखरा, १७ वैशाख

जिल्ला समन्वय समिति, कास्कीले माछापुच्छ्रे गाउँपालिकाका योजना अनुगमन गरेको छ । समितिले आर्थिक वर्ष २०८२/८३ मा उक्त गाउँपालिकासँग विभिन्न लागत साझेदारी बजेटमा बिनियोजित निर्माणाधीन योजनाहरूको बिहीबार अनुगमन गरेको हो ।

जिसस र माछापुच्छ्रे गाउँपालिकाको लागत साझेदारीमा निर्माणाधीन उक्त गाउँपालिकाको वडा ६ को वडा कार्यालय मर्मत सम्भार तथा कम्पाउण्ड निर्माण, वराह मावि भेडावारीको स्टेज निर्माण र कैलाश माविको पर्खाल निर्माण, वडा ४ को वडा कार्यालय तथा स्वास्थ्य चौकी मर्मत सम्भार, वडा ३ शुक्लागण्डकी माविको सभाहल, मेघराज आविको सभाहल, वडा ५ को निष्पक्ष माविको सभाहल र वडा ८ तारेवराह आविको भवन निर्माण योजना रहेका छन् ।

अनुगमनका क्रममा जिसस कास्कीका प्रमुख लीलाधर पौडेलले बिनियोजित बजेट र निर्धारित मापदण्डअनुसार गुणस्तरीय कार्यमा ध्यान दिन निर्देशन दिए । कमजोरी देखिएका केही योजनालाई तत्काल सच्याउन निर्देशन दिँदै उनले निर्माण कार्य प्रभावकारी र निर्धारित समयमा सम्पन्न गर्न निर्माण कम्पनी, साझेदार पालिका र सरोकारवाला उपभोक्ता जागरुक हुन आग्रह गरे ।

अनुगमनमा सदस्यद्वय सुकमाया नेपाली, लक्ष्मी दमै, कास्कीका जिल्ला समन्वय अधिकारी नवराज बरालसहित इन्जिनियर, प्राविधिक तथा कर्मचारी र निर्माण कम्पनीका प्रतिनिधिको सहभागिता थियो ।



# संघीय आयोजनाका काम सधैँ अधुरा

ढोरपाटन संवाददाता

पोखरा, २२ वैशाख

जिल्ला समन्वय समिति कास्कीले जिल्लामा संचालित बहुवर्षीय अधुरा र रुग्ण आयोजनालाई प्राथमिकतासहित आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम र बजेटमा समावेश गर्न नेपाल सरकारलाई आग्रह गरेको छ ।

समितिको मंगलबार सम्पन्न ४८ औं बैठकले सो निर्णय गरेको प्रमुख लीलाधर पौडेलले बताए । उनका अनुसार सिफारिस गरिएका आयोजनाहरूमा पश्चिमाञ्चल क्षेत्रीय अस्पतालको भवन निर्माण आयोजना ,प्रादेशिक जनस्वास्थ्य प्रयोगशालाको निर्माण योजना ,सराङ्कोट स्वास्थ्य चौकी भवन ,भगरा कृषि सडक मोटरबाटो रहेका छन् । यस्तै पुल सेक्टर पोखरा कार्यालय मातहत संचालित आयोजनामध्ये आर्थिक वर्ष २०७४/०७५ को सेती नदी माथिको बगर र फूलबारी जोड्ने पुल,पोखरा ३० र ३३ जोड्ने मुसेटुँडा पावर हाउसको पुल किन बनेर भनेर सहरी विकास मन्त्रालयसँग ताकेता गरिएको छ । पोखरा २१ र १७ जोड्ने दम्सादी पुल, पोखरा



१३ र २८ जोड्ने कसेरीमा निर्माणाधीन विजयपुर खोला पुल ,कास्कीको अन्नपूर्ण गाउँपालिका र पर्वतको मोदी गाउँपालिका जोड्ने भुरुङ्दी पुल, पोखरा २५ र १९ जोड्ने जीर्ण सेती दोबिल्लाघाटको पुल, पोखरा ४ र ५ जोड्ने फिर्केखोला पुलसहितका आयोजनाको काम तत्काल अगाडी बढाउन नेपाल सरकारको ध्यानाकर्षण गराइएको जिसस प्रमुख पौडेलले बताए । यसका साथै मुग्लिङ-पोखरा सडक स्तरोन्नतिको बाँकी काम, सेती नदीमाथिको पुल, मध्यपहाडी लोकमार्गको कास्की खण्डको बाँकी काम, सोही राजमार्गको लमजुङ र कास्कीको सीमानामा ट्र्याक खोलेर कार्य अगाडी बढाउन पनि संघीय सरकारको ध्यानाकर्षण गराइएको छ ।

यसैगरी पोखरामा नियमित अन्तराष्ट्रीय हवाई उडान संचालन गर्न महेन्द्रनगर र नेपालगंजबाट पोखरालाइ जोड्ने गरेर हवाई मार्गको पहुच बिस्तार गर्न आबश्यक कुटनीतिक पहल गर्न नेपाल सरकारलाई आग्रह गरिएको छ ।

# पालिकासँग असल अभ्यास अन्तरक्रिया

**ढोरपाटन संवाददाता**
पोखरा, ४ भदौ

जिल्ला समन्वय समिति कास्कीको आयोजनामा कास्कीका स्थानीय तहसंग असल अभ्यास बिषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रमको जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले उद्घाटन गर्दै कार्य सम्पादन र विकास निर्माणका असल अभ्यास आदान प्रदान सहित समस्याहरूको निराकरण र प्रभावकारी समन्वयका निम्ति कार्यक्रम आयोजना गरिएको बताए । साथै आपसी अनुभव आदान प्रदानले प्रभावकारी कार्यसम्पादनको स्तर वृद्धिमा सहयोग गर्ने उनको भनाई थियो ।

पौडेलले सबै पालिकाहरूले आन्तरिक नियन्त्रण प्रणाली निर्माण गरेर जनउत्तरदायी र जवाफदेही सेवा प्रवाहमा केन्द्रित हुनुपर्ने उल्लेख गर्दै पारदर्शी र प्रभावकारी दिगो बिकासमा लाग्न अनुरोध गरे । कार्यक्रममा पोखरा पोखरा महानगर पालिकाका प्रमुख धनराज आचार्य, अन्नपूर्ण गाउँपालिकाका उप प्रमुख चन्द्रकला अधिकारी, कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मा, गैर सरकारी संस्था महासंघ कास्कीका सचिब केशु भुजेल सहितले भनाई राखेका थिए । कास्कीस्थित पाँचवटा पालिकाका प्रमुख ,उप प्रमुख र प्रमुख प्रशासकिय अधिकृत सहभागी कार्यक्रममा सबै पालिकाहरूले आफ्नो पालिकामा भएका बिकास निर्माण र गतिविधि सहितको असल अभ्यास प्रस्तुति गरेका थिए । जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा स्वागत उप प्रमुख सरिता माल र संचालन जिल्ला समन्वय अधिकारी नवराज बरालले गरेको जिल्ला समन्वय समिति कास्कीका सूचना अधिकारी लक्ष्मु शर्माले बताए ।

पृष्ठ ४ ❑ पोखरापत्र राष्ट्रिय दैनिक

का.जि.द.नं. ५६/०५६

# कास्कीको आठौं जिल्ला सभा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ६ भाद्र



जिल्ला समन्वय समिति कास्कीको आयोजनामा कास्की जिल्लाको आठौं जिल्ला सभा शुक्रवार सम्पन्न भएको छ ।

सभाको गण्डकी प्रदेशका जिल्ला समन्वय प्रमुखहरूले संयुक्त रूपमा उद्घाटन गर्नुभएको थियो । जिल्ला समन्वय समिति महासंघका केन्द्रिय सदस्य एबम जिल्ला समन्वय समिति बागलुङका प्रमुख अमर बहादुर थापा, जिल्ला समन्वय समिति महासंघका केन्द्रिय सदस्य एबम मुस्ताङका प्रमुख माया गुरुङ,जिल्ला समन्वय समिति लमजुङका प्रमुख पूर्ण बहादुर गुरुङ, जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेल, जिल्ला समन्वय समिति तनहुँका प्रमुख शान्तीरमण वाग्लेले सभाको संयुक्त उद्घाटन गर्नुभएको हो ।

कानुनी ब्यबस्थाका लागि चासो नदेखाउनु चिन्ताको बिषय भएको उल्लेख गर्नुभयो ।

प्राप्त कानुनी र संवैधानिक ब्यबस्था अनुसार उच्च प्रतिफल प्राप्त हुने गरेर काममा निरन्तर लागि रहेको बताउनु भयो । पौडेलले गण्डकी प्रदेश सरकार जि स स लाई कानुनी ब्यबस्था गर्न लाग्नु पर्ने ठाउँमा उल्टो संविधान बिपरित निरन्तर बेवास्ता गर्नु शुभ लक्षण नभएको उल्लेख गर्नुभयो । कहिले जिल्ला समन्वय प्रमुखको नेतृत्वको अस्पताल ब्यबस्थापन समिति सरकारको अपरिपक्व काम मात्रै होइन जि स स प्रतिको अनुदार र असहिष्णु व्यवहार हो पौडेलले बताउनुभयो । सो अबसरमा करार तथा ज्यालादारीमा ३० बर्षभन्दा बढी समय सडक डिभिजन कार्यालय पोखरा कार्यालय मार्फत सेवा प्रदान गर्ने कर्मचारीहरू ढाकाराम पोखेल, बिश्वनाथ पौडेल र सुन्तली बि क लाई नगद रू दुई हजार पाँच सय नगद सहित सम्मान समेत गरिएको जिल्ला समन्वय अधिकारी नवराज बरालले उल्लेख गर्नभयो ।

कास्कीका पूर्ब प्रमुख बैन बहादुर अधिकारी क्षेत्री, अन्नपूर्ण गाउपालिकाका अध्यक्ष बिष्णु बहादुर क्षेत्री, जिल्ला समन्वय समिति महासंघका केन्द्रिय सदस्य एबम जिल्ला समन्वय समिति बागलुङका प्रमुख अमर बहादुर थापा, जिल्ला समन्वय समिति महासंघका केन्द्रिय सदस्य एबम मुस्ताङका प्रमुख माया गुरुङ, जिल्ला समन्वय समिति लमजुङका प्रमुख पूर्ण बहादुर गुरुङ, जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेल, जिल्ला समन्वय समिति तनहुँका प्रमुख शान्तीरमण वाग्ले , जिल्ला समन्वय समिति स्याङ्जाका प्रमुख श्रीप्रसाद जि. टि.सहितले शुभकामना मन्तव्य ब्यक्त गर्नुभएको थियो ।

सभाले जिल्ला समन्वय समिति कास्कीको आन्तरिक नियन्त्रण कार्यबिधी र आन्तरिक आय ब्यबस्थापन सम्बन्धि

# जिल्ला समन्वय समिति कास्कीद्वारा प्रदेश सरकारका बिकास आयोजना अगुगमन

15
Shares



**पोखरा एक्सप्रेस ,पोखरा**

जिल्ला समन्वय समिति कास्कीद्वारा गण्डकी प्रदेश सरकारका कास्की स्थित विभिन्न आयोजना अगुगमन गरेको छ। जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको नेतृत्वमा सो अनुगमन सम्पन्न गरिएको हो ।

****समाप्त ****